जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

आर्थिक वर्ष २०७५/०८० को

नीति, कार्यक्रम तथा बजेट

विराटनगर महानगरपालिका

विराटनगर, मोरङ, प्रदेश नं. १, नेपाल

श्रावण, २०७५

दशौं नगरसभाका केही झलकहरु

महानगर प्रमुख श्री भिम भराजुलीज्यू तथा उपप्रमुख इन्दिरा काकीज्यू

विषय सूची

	शीर्षक	पृष्ठ संख्या
	खण्ड — १	
	परीचय तथा समीक्षा	
१.	परिचय	१
२.	आ.व. २०७८/०७९ को नीतिको समीक्षा	६
	खण्ड — २	
३.	आ.व. २०७९/०८० को नीति कार्यक्रम तथा बजेट	१९
४.	आ.व. २०७७/७८ को अनुमानित र यथार्थ, आ.व.२०७८/७९ को संसोधित अनुमान र २०७९ ज्येष्ठ मसान्तसम्मको यथार्थ साथै आगामी २०७९/८० देखि २०८१/८२ सम्मको आय विवरण (अनुसूची -१)	३५
५.	आ व २०७७/०७८ को अनुमानित र यथार्थ, आ.व.२०७८/०७९ को संसोधित अनुमान र २०७९ ज्येष्ठ मसान्तसम्मको यथार्थ साथै आगामी २०७९/०८० देखि २०८१/०८२ सम्मको व्यय विवरण	३८
६.	आर्थिक वर्ष २०७९/८० को अनुमानित व्यय पुष्ट्याईको विवरण (अनुसूची -२)	४१
७.	आ.व.२०७८/०७९ का लागि अन्य भुक्तानी दिन बाँकी कार्यक्रमहरुको विवरण (अनुसूची-३)	१०४
८.	आ.व. २०७९/०८० संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु (अनुसूची -४)	१०५
९.	आ.व. २०७९/०८० को संघसस्था पूँजिगत योजनाहरु (अनुसूची-५)	१२७
१०.	आ.व. २०७९/०८० को संघ संस्था चालु अनुदान (अनुसूची-६)	१२८
११.	आ.व.२०७८/०७९ का लागि भुक्तानी दिन बाँकी योजनाहरुको विवरण (अनुसूची-७)	१२९
१२.	आ.व. २०७९/०८० को वडास्तरीय योजनाहरु (अनुसूची-८)	१४७
१३.	आ.व. २०७९/०८० को नगरस्तरीय योजनाहरु (अनुसूची-९)	१९७

	शीर्षक	पृष्ठ संख्या
१४.	आ.व. २०७९/०८० को सडक बोर्ड नेपाल तर्फका योजनाहरु (अनुसूची-१०)	२१९
१५.	महानगर बहुप्राविधिक शिक्षालयको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम तथा बजेट (अनुसूची-११)	२२०
१६.	क्षेत्रीय शहरी विकास परियोजना कार्यान्वयन ईकाइ, विराटनगर महानगरपालिका (अनुसूची-१२)	२२५
१७.	गैरसरकारी संस्था तथा अन्य संघसंस्थाहरुको वार्षिक कार्यक्रम (अनुसूची-१३)	२२६
१८.	विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०७९(अनुसूची-१४)	२३१
१९.	विराटनगर महानगरपालिकाको विनियोजन ऐन २०७९(अनुसूची-१५)	२७४
२०.	बजेट वक्तव्य (अनुसूची-१६)	२७६
२१.	नगर सभाबाट पारित निर्णयहरु (अनुसूची-१७)	२८०
२२.	पदाधिकारीहरूको विवरण(अनुसूची-१८)	३०२
२३.	महाशाखा/शाखा प्रमुखहरुको विवरण(अनुसूची-१९)	३०६

खण्ड १:
परिचय तथा समीक्षा

१.१ महानगरपालिकाको संक्षिप्त परिचय

प्रदेश नं १ को मोरङ जिल्लाको दक्षिण भागमा अवस्थित विराटनगर महानगरपालिका प्रादेशिक राजधानी शहरको रुपमा परिचित छ । यो नेपालको ठूलो औद्योगिक नगर पनि हो। पौराणिक कालका प्रख्यात राजा विराटको दरबार यसै शहरको हाल वडा नं १८ को बुधनगर भेडियारी क्षेत्रमा रहेको जनविश्वास छ। महाभारत कालमा पाण्डवहरु राजा विराटको दरबारमा आश्रय लिई बसेको भनाइ छ भने विराटराजाको नामबाट नै यस क्षेत्रको नाम विराटनगर रहन गएको जनविश्वास रहेको छ। वि.सं. १९७० सम्म यस ठाउँलाई गोग्राहा भनिन्थ्यो। विराटनगर विगत समयदेखि नै राजनैतिक, वैचारिक र औद्योगिक आन्दोलनका लागि नेपालकै अग्रणी स्थानको रुपमा रहंदै आएको छ । वि.सं. २०७४ जेठ ८ गते महानगरपालिका घोषित यो नगर औद्योगिक, व्यापारिक तथा प्रशासनिक केन्द्रको रुपमा परिचित छ ।

१.१.१ अवस्थिति, क्षेत्रफल, जनसंख्या र जातिगत विवरण, परिवार संख्या, लैङ्गिक अनुपात

१.१.१.१ अवस्थिति र क्षेत्रफल

मोरङ जिल्लाको सदरमुकाम तथा प्रदेश नं १ को राजधानी विराटनगर ऐतिहासिक, राजनैतिक, औद्योगिक र सामाजिक रुपमा नेपालको एक अग्रणी महानगरपालिकाको रुपमा रहेको छ । भौगोलिक अवस्थिति अनुसार ८७ डिग्री २७ मिनेट ४७ सेकेण्ड पूर्वी देशान्तर र २६ डिग्री २७ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांशमा फैलिएको महानगरपालिका समुन्द्री सतहदेखि ८० मिटरको उचाईमा रहेको छ । यो ठाउँ समुन्द्र सतहभन्दा औसत ७० मिटर ९२२९ फिटको उचाईमा अवस्थित रहेको छ । पूर्वमा कटहरी र जहदा गाउँपालिका पश्चिम सुनसरी जिल्ला, उत्तर बुढीगंगा र ग्रामथान गा.पा. तथा दक्षिणमा भारतको सिमानासँग जोडिएको यो महानगर समतल भूभागमा फैलिएको छ । यस महानगरपालिकाको क्षेत्रफल ७७.०० वर्ग कि.मी. रहेको छ भने यो महानगरलाई १९ वटा वडाहरुमा विभाजन गरिएको छ ।

१.१.१.२ जनसंख्या र जातिगत विवरण, परिवार संख्या र लैंगिक अनुपात

राष्ट्रिय जनगणन २०७८ प्रारम्भिक नतिजा अनुसार विराटनगर महानगरपालिकाको जनसङ्ख्या २४४७५० रहेको र सो मध्ये महिला १२१९८१ (४९.८४ प्रतिशत), पुरुष १२२७६९ (५०.१६ प्रतिशत) छ भने महिला पुरुष लैगिंग अनुपात ०.९९ रहेको छ ।नगरको जम्मा घरधुरी संख्या ४५२०४ रहेको छ जसमा परिवार संख्या ५७३८३ रहेको छ । कूल जनसङ्ख्याको जातीय बनावट हेर्दा बहु साम्प्रदायिक जातजातिहरू पाउन सकिन्छ । यहाँ १२२ जातजातिको बसोवास छ । यस महानगरपालिकामा रहेका जातजातिहरूमध्ये क्षेत्री, ब्राहमणको बढी बाहुल्यता रहेको पाइन्छ । खासगरी मङ्गोलियन र आर्य सम्प्रदायहरूअन्तर्गतका विभिन्न जातजातिहरू विगतदेखि नै बसोवास गर्दै आएका छन् । मंगोलियन सम्प्रदायहरूमा तामाङ, मगर, गुरूङ, राई, शेर्पा आदि मुख्य रहेका छन् ।

१.१.२ भूउपयोग स्थिति, कृषि, वन, चरन, संरक्षित क्षेत्र, तालतलैया, नदी आदि

विराटनगरमहानगरपालिकाको धरातलीय अवस्था समथर खालको रहेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट गरिएको सर्भे ०७५/०७६ अनुसार महानगरपालिकाको जम्मा भूमि २३४०.१६ हेक्टरमध्ये कृषिले १५२३.८ हेक्टर (६५.१२ %) ,आवसले ४८८.१३ हेक्टर (२०.८६%), व्यवसायले १७.०५ हेक्टर (०.७३ %), औद्योगिक क्षेत्र ६२.९९ हेक्टर (२.६९ %), औद्योगिक क्षेत्र ६२.९९ हेक्टर (२.६९ %), वन क्षेत्र ६२.९९ हेक्टर (२.१ %), नदी र तालतलैयाले ६१.९९ हेक्टर (२.६ %), सार्वजनिक क्षेत्र

१३६.०९ हेक्टर (५.८२ %), र सांस्कृतिक तथा पुरातात्विक क्षेत्र १.८५ हेक्टर (०.०८ %) उपयोग गरेको छ । मुख्य रुपमा ठूलो क्षेत्र कृषि, आवास र व्यवसायले ओगटेका छ । यस महानगरमा संरक्षित क्षेत्र छैन ।

१.१.३ धार्मिक एवं पर्यटकीय क्षेत्र/स्थल तथा पर्यटकीय गतिविधि

विराटनगर संस्कृतिका हिसाबले धनी छ । यहाँ धेरै ऐतिहासिक धार्मिक स्थलहरु रहेका छन् । हिन्दु, बौद्ध, इस्लाम, इसाई आदि धर्मावलम्बी अनुसारकै धार्मिक स्थलहरु विभिन्न ठाउँमा रहेका छन् । धार्मिक स्थलहरु, पर्यटकीयक स्थल मठमन्दिर, धर्मशाला, मस्जिद, गुम्बा, चर्चहरु विभिन्न ठाउँमा उल्लेखनीय मात्रामा रहेका छन् । महानगरमा मठमन्दिर, गुम्बा तथा बुद्धस्थल र मस्जिद आदि गरी जम्मा १७० वटा धार्मिक स्थलहरु रहेका छन् । प्राचीन मन्दिरका रुपमा यहाँको वनस्खण्डी महादेव मन्दिर प्रसिद्ध छ। काली मन्दिर, विराटेश्वर मन्दिर, सन्सारीमाईथान मन्दिर, राधाकृष्ण मन्दिर, रामजानकी मन्दिर, सत्यनारायण मन्दिर, बंगलामुखी मन्दिर, लक्ष्मीनारायण मन्दिर पाञ्चाली, लक्ष्मीनारायण मन्दिर कंचनबारी, श्रीकृष्ण प्रणामी मन्दिर पोखरिया, हनुमान मन्दिर, अष्टचिरञ्जीवी मन्दिर, जामे मस्जिद, पुरातात्विक स्थल विराट राजाको दरबार स्थल, किच्चकबद, मण्ठापोखरी, रानीपोखरी आदि प्रसिद्ध धार्मिक एवं पर्यटकीय स्थल हुन । धार्मिक र पर्यटकीय गतिविधिहरुमा १४ वटा धार्मिक संस्थाहरु क्रियाशील रहेका छन् । धर्मशाला र अतिथि सदनहरुमा अथिति सदन विराटनगर, राधाकृष्ण, गोपीकृष्ण, रामजानकी तोदी सामुदायिक भवन र मारवाडी सेवा सदन मुख्य रहेका छन् ।

१.१.४ पेशा, रोजगारी, गरिब र गरिबी मापन स्थिति

यो नगर तथा यसको आसपासका क्षेत्रमा ठूलो संख्यामा कलकारखाना, उद्योग तथा व्यवसायहरू रहेका छन्। विराटनगर एक पारवहन तथा वाणिज्य केन्द्र पनि हो । यहाँबाट भारत तथा तेस्रो मुलुकसँग व्यापारिक बस्तुहरू आयात निर्यात गर्ने गरिन्छ। यस महानगरभित्र वस्ने ४६६ परिवार सुकुम्वासीको रुपमा रहेको देखिन्छ । उनिहरु ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्दछन् । नगरमा १५३० वटा घरहरुमा घरधनी आफु नवसी पुर्ण रुपमा अरुलाई वस्न र रेखदेख गर्न दिएको छ । अन्य सवै परिवारहरुको यस महानगरपालिकामा घरजग्गामा स्वामित्व रहेको छ ।

गरिब र गरिबी मापन स्थिति:

प्रदेश नं. १ मा रहेको गरिबीको रेखामुनि जनसंख्या र बहुआयामिक गरिबीको जनसंख्या क्रमशः १२.४ प्रतिशत र १९.७ प्रतिशतको तुलनामा यस महानगरपालिकामा तथ्यांक तुलनात्मक रुपमा न्यून रहे पनि आर्थिक असमानता-सम्पत्तिमा लगभग प्रदेशकै हाराहारीमा रहेको अनुमान छ। नेपाल सरकरको भूमि व्यवस्था, सहकारी गरिबी निवारण मन्त्रालयको सहयोगमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमका लागि राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदनले देखाएको महानगरपालिका भित्रका ४५,२०४ घरधुरीमध्ये ३१,४०१ घरधुरीमा बसोवास गर्ने परिवारको तथ्यांक संकलनको कार्य सम्पन्न भई बाँकीको तथ्यांक संकलन लिने कार्य निरन्तर चलिरहेको छ ।

१.१.५ शिक्षा, साक्षरता स्थिति, विद्यालय तथा शिक्षण संस्था र पहुँचको स्थिति

शैक्षिक हबको रुपमा विकास भइरहेको यस महानगरपालिकामा विद्यालयस्तरका शैक्षिक संघसंस्था ३४७ वटा रहेका छन्, जसमा सामुदायिक विद्यालय ५६ वटा (मा.वि. २१, आधारभूत ३५), संस्थागत विद्यालय १०५ वटा (८० मा.वि.,२५ आधारभूत), परम्परागत तथा धार्मिक विद्यालय २० वटा (१७ मदरसा, ३ संस्कृत) सामुदायिक सिकाइ केन्द्र १० वटा, बालविकास संख्या १५० वटा स्रोत कक्षा ४, लेखाजोखा केन्द्र १, खुला विद्यालय १ रहेका छन् । शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०७७ बमोजिम बालविकासको खुद भर्ना दर ८२.२ रहेको छ । कक्षा १ को टिकाउको दर ९७.३ रहेको छ । आधारभूत तह प्रारम्भिक (कक्षा १-५) खुदभर्नादर ९६.१ रहेको छ । आधारभूत तह (कक्षा १-८) खुद भर्ना दर ९१.९ रहेको छ । माध्यमिक कक्षा ९-१० को खुद भर्नादर ७५.१ रहेको छ । माध्यमिक कक्षा ११-१२ को खुद भर्नादर ५३.२ रहेको छ ।

प्राथमिक तहमा ३२३ र राहत ६९ गरी जम्मा ३९२ (पुलमा ६४) नि.मा.वि. १०५ र राहत ६ गरी १११ प्राविधिक धार सहायक प्रशिक्षक ८ र ८७ राहत ९ गरी ९६ साविक (पुलबाट समायोजन ४) उ.मा.वि. १४, प्रविधिक धारका प्रशिक्षक १६, विज्ञान शिक्षक ८, स.कार्यकर्ता १५०, म.न.पा. अनुदान मा.वि. र आ. वि. मा गरि १३ जना रहेका छन्। उच्च शिक्षाका लागि २०१२ सालमा स्थापित महेन्द्र मोरड आदर्श बहुमुखी क्याम्पस, स्नातकोत्तर क्याम्पस, जनता कानुन क्याम्पस, नर्सिंग क्याम्पस लगायत २७ वटा क्याम्पसहरु हाल सञ्चालनमा रहेका छन् ।

१.१.६ स्वास्थ्य स्थिति, स्वास्थ्य संस्थाहरू, स्वास्थ्य सेवामा पहुँचको स्थिति

विराटनगरको पछिल्लो परिचय गुणस्तरीय स्वास्थ्य सेवासँग समेत जोडिएको छ । यहाँ निजी तथा सरकारीस्तरका अस्पताल, क्लिनिकहरु धेरै रहेका छन् जहाँ बर्सेनि छिमेकी मुलुक भारतलगायतका स्थानहरुबाट समेत ठूलो संख्यामा बिरामीहरु उपचार गर्न आउँदछन् । विराटनगर महानगरपालिकामा आधारभूत स्वास्थ्य सेवा केन्द्र-१७, प्राथमिक स्वास्थ केन्द्र-१, स्वास्थ चौकी-१, सरकारी अस्पताल (कोशी)-१, निजी अस्पताल-३२, अन्य गैरसरकारी स्वास्थ्य संस्था-९, क्लिनिक र पोलिक्लिनि-६५, डाइग्नोस्टिक सेन्टर-१५, आयुर्वेद अस्पताल-१, आधारभूत आयुर्वेद स्वास्थ्य सेवा केन्द्र-१, वैकल्पिक चिकित्सा सेवा (होमियोपैथिक) क्लिनिक-५ रहेका छन् ।

१.१.७ खानेपानी तथा सरसफाइ स्थिति, पहुँच तथा चर्पी प्रयोग

विराटनगर महानगरपालिका नगर क्षेत्रको १९ वटा वडाहरुमा अवस्थित ५१६२४ घरधुरीमध्ये ३८ प्रतिशत घरधुरीमा धारा जडानसहितको खानेपानी वितरण तथा ६२ प्रतिशत घरधुरीमा ट्युवेलको पहुँच रहेको अवस्था छ । जसमध्ये नेपाल खानेपानी संस्थानले १३३०० घरधुरी, मानगढ खानेपानी उपभोक्ता समितिले ४८५७, बखरी खानेपानी उपभोक्ता समितिले ९९६ र जामुनगाछी खानेपानी उपभोक्ता समितिले ८२५ गरी जम्मा १९९७८ घरधुरीमा धारा जडानसहित खानेपानी आपूर्ति गरिएको छ। महानगरपालिकामा बसोबास गर्ने मानिसहरुलाई व्यक्तिगत सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि सरसफाई सचेतना तालिमको माध्यमबाट आधारभूत सरसफाईसमेत खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको छ । साथै विद्यालयस्तरीय पूर्ण सरसफाई तथा समुदायस्तरीय पूर्ण सरसफाई कार्यक्रमका लागि अभियानको थालनी गर्न आवश्यक रहेको छ ।

१.१.८ कृषि, पशु सेवा, पोषण, खाद्य निर्भरता

महानगरपालिकाको जम्मा क्षेत्रफल ७७.०० वर्ग कि.मी. रहेको छ जसमध्येमा कृषि क्षेत्रले ४७.४५ वर्ग कि.मि ओगटेको छ । कुल क्षेत्रफलको करिब ६२ प्रतिशत जग्गा खेतीयोग्य जमिन रहेको छ । यहा १३७५ हेक्टर जमिनमा खेती गरिन्छ । यहाँ ग्रामीण क्षेत्रका सबै भागहरुमा कृषि उत्पादन गरिन्छ यहाँ मुख्य गरी १८,१७, १६ १५,१४ १२, ११, ७, ६, ५ नं. वडाहरुमा खेतीयोग्य जमिन भएको हुँदा धान, गहुँ र मकै मुख्य बाली लगाइन्छ । यहाँको मुख्य उत्पादनको रुपमा धान बाली रहेको छ । गत वर्ष खाद्यान्न बालीमा धान (१०५० हे) जमिनमा ४२०० उत्पादन मे.ट. भएको छ। गहुँ, मकै आदिको पनि राम्रो उत्पादन हुने गर्दछ । गहुँ (५१८ हे.) जमिनमा २३०५ मे.ट र मकै (२५५ हे) जमिनमा १७८५ मे.ट उत्पादन भएको छ । तोरी र दलहन बाली, नगदे बालीमा तोरी (५० हे.) जमिनमा ५० मे.ट उखु (२० हे.) जमिनमा १६०० मे.ट पटुवा (१० हे) जमिनमा ३४ मे.ट उत्पादन भएको छ । कतिपय कृषकले वर्षमा ३ बालीसम्म लगाउने गरेका छन् । ३० वटा सक्रिय कृषक समूह, ५६ वटा कृषि/पशु फर्म, ११ वटा कृषि सहकारी र १३ वटा रासायनिक मल वितरण केन्द्र रहेका छन् । वर्षाले खेतीयोग्य जमिन भएका वडा नं. १८,१७, १६ १५,१४ १२, ११ , ७, ६,५, डुबान हुने र बालीमा असर पर्ने, आवश्यक रसायनिक मलको अभाव हुने, कृषकले उत्पादन गरेको वस्तुको सहि मूल्य नपाउने, कृषकसंग लगानीका लागि आवश्यक बजेटको व्यवस्थान नहुनु र कृषि क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको अभाव हुनु जस्ता समस्याका कारण खाद्य निर्भरता छ। महानगरभित्र वडा नं. १८ र १९ कृषि पेशामा

निर्भर भएको हुनाले पशुपालन पेशा अनिवार्यरुपमा अपनाएका छन् । आंशिक रुपमा वडा नं. ४, ५, ६, १२, १४, १५, १६ र १७ मा पनि पशुपालन रहेका छ । साथै अरु वडामा सामान्य रहेका छन् ।

पशुसेवामा पशुको विकास र प्रबर्धनको लागि महानगरको पशुपन्छी तथा मत्स्य विकास शाखाबाट वडा नं. १९ मा एउटा पशु उपचार केन्द्र सञ्चालनमा रहेको छ । कृत्रिम गर्भाधान सेवा, पशुपन्छी फार्म, समूह दर्ता, पशु प्राविधिक दर्ता र साना बाखा पकेट कार्यक्रम वडा नं. १८ र १९ सञ्चालनमा छ । बाखामा पि.पि.आर., गाई/भैसीमा एफ.एम.डि. खोप , एच.एस. र बि.क्यू. खोप सुंगुर/वंगुरमा कलाशिक स्वाइन फिवर को खोप सेवा सञ्चालन छ ।विमा भएको पशु मृत्यु भएमा विमा कम्पनीलाई सिफारिस दिने कार्य भइरहेको छ । प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र वडा नं. १३ बाट सेवा पुर्याइरहेको छ भने संघीय सरकारको सामान्य रोग एवं महामारी सरुवारोग पहिचान गर्नका लागि पशुपन्छी रोग अन्वेषण प्रयोगशाला वडा नं. १३ मा स्थापना भई सेवा पुर्याइरहेको छ ।

१.१.९ पोषण तथा खाद्य निर्भरता

बहुक्षेतत्रीय पोषण योजना

बहुक्षेत्रीय (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, कृषि तथा पशुपंक्षी, योजना, प्रशासन तथा सुशासन र अन्य सरोकारवालाहरु) पोषणसम्बन्धी नीति योजना तथा कार्यक्रम तयार गरी सञ्चालन गरिएकोछ।

पोषण विशेष कार्यक्रम

मातृशिशु तथा बाल्यकालीन पोषण कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी पोषणका विभिन्न कार्यक्रम सञ्चालनमा रहेको छ | गर्भवती र सुत्केरी समयमा मातृ पोषण शिक्षाअन्तर्गत **हरेक बार खाना चार साथै थप आहारासम्बन्धी** शिक्षा तथा अपाङ्गता रोकथामका लागि अनिवार्य फोलिक एसिड वितरण गर्ने गरिएकोछ | सूक्ष्म पोषकतत्वको कमी रोकथाम तथा नियन्त्रणका लागि बालभिटा, (बहु सूक्ष्म पोषकतत्व प्रवर्द्धन कार्यक्रम र किशोरकिशोरी पोषण कार्यक्रमअन्तर्गत १० देखि १९ वर्षका किशोरीहरुमध्ये विद्यालयमार्फत आइरन र फोलिक एसिड प्रदान गरिएको छ | शीघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रमअन्तर्गत कोशी अस्पतालको पुनर्स्थापना गृह सञ्चालनमा रहेको | विद्यालय पोषण कार्यक्रम अन्तर्गत दिवाखाजा कार्यक्रममा महानगरका सामुदायिक तथा परम्परागत विद्यालयका बाल विकास केन्द्रदेखि कक्षा ५ सम्ममा सबै बालबालिकाहरुका लागि दिवाखाजा कार्यक्रम सञ्चालनमा रहेको छ। जेष्ठ नागरिक पोषण प्रवर्द्धन कार्यक्रम अन्तर्गत ८४ वर्ष पुगेका ११६६ जनालाई पोषण खर्च उपलब्ध गराइएको छ | ४६५६ जना बालबालिकाहरु र १२६ महिलालाई पोषणसम्बन्धी व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा प्रदान गरिएको छ | सुनौलो हजार दिन कार्यक्रमअन्तर्गत ८७७ आमाहरुका लागि पोषण शिक्षा प्रदान गरिएको | प्रथम सन्तानका रुपमा छोरी जन्माउने ४४ आमाहरुका लागि पोषण खर्च स्वरुप ३०००/- का दरले प्रदान गरिएको | एच.आई.भी एड्स सपोर्ट कार्यक्रमअन्तर्गत एच.आई.भी संक्रमित भएका बालबालिकाहरुका लागि पोषण खर्च उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको । पोषण प्रवर्द्धन तथा कुपोषण न्यूनीकरणका लागि ५ वर्षसम्मका दलित बालबालिकाहरुलाई मासिक ५३२/- का पोषण भत्ता प्रदान गरिएको । बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत पोषणमैत्री करेसाबारी/कौसीबारी निर्माणका लागि समुदायस्तरमा सचेतना फैलाइएको छ।

पोषण र खाद्य उपलब्धको सम्बन्ध

प्रदेश योजना आयोग, प्रदेश नं. १ को पार्श्वचित्रको प्रतिवेदनका अनुसार अनुमानित २४ प्रतिशत बालबालिकामा खाद्य विविधताको अभावको कारण कम तौल हुने कुपोषण रहेको छ | अनुमानित ५० प्रतिशत बालबालिकामा खाद्य विविधताको

अभावको कारणबाट हुने कुपोषणमा (Specific Micronutrient deficiency) रहेको छ। नगर क्षेत्रमा खाद्यान्न उत्पादन गरेर खाने जनसंख्या लगभग) ४०% रहेको छ भने खाद्यान्न किनेर खाने संख्या लगभग ६०% रहेको छ । नगर क्षेत्रभित्र उत्पादित खाद्यान्य बालीमा आत्मानिर्भरता १५ प्रतिशत रहेको छ ।

मानव विकासको अवस्था :

नेपाल मानव विकास प्रतिवेदन, २०२० अनुसार राष्ट्रिय मानव विकास सूचकाङ्क ०.५८७ रहेकोमा प्रदेश नं १ को ०.५८ रहेको छ | यसै गरि राष्ट्रिय सूचकाङ्कमा लैंगिक विकास सूचकाङ्क ०.८८६ रहेकोमा प्रदेश नं १ को ०.९०१ रहेको छ। क्षेत्रगत रुपमा शहरी क्षेत्रको मानव विकास सूचकाङ्क ०.६४७ र लैङ्गिक विकास सूचकाङ्क ०.८८३ रहेको छ | यस आधारमा विराटनगर महानगरपालिकाको मानव विकासको अवस्था राष्ट्रिय औसत वा सो भन्दा बढी रहेको पुष्टि हुन्छ |

सुशासन तथा संस्थागत विकासः

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा ९ वटा महाशाखा तथा अन्तर्गतका ३० वटा शाखाहरु र १९ वटा वडा कार्यालयहरुवाट सेवाप्रवाहको प्रवन्ध हुनेगरी कर्मचारी र दरबन्दीको व्यवस्थापन गरिएको छ । विराटनगर महानगरपालिकामा आ.व.२०७८।०७९ मा कार्यरत कर्मचारी विवरण निम्नानुसार रहेको छ :

क्र.सं.	पदनाम	निजामती	स्थानीय			जम्मा
			स्थायी	सेवाकरार	अस्थायी	
१	प्रमुख प्रशासकीय अधिकृत (सहसचिव)	१	०			१
२	उपसचिव दशौं	१	०			१
३	अधिकृत नवौं	१	०			१
४	अधिकृत आठौं	५	३			८
५	अधिकृत सातौं	६	१५	५		२६
६	अधिकृत छैठौं	३५	११	१२	१	५९
	अधिकृतस्तर जम्मा	४९	२९	१७	१	९६
७	सहायक पाँचौ	३४	२५	३५	२	९६
८	सहायक चौथो	३९	९	८०	२	१३०
९	सहायक तृतीय			९		९
	जम्मा	७३	३४	१२४	४	२३५
१०	श्रेणीविहीन अन्य	५	४८	१५२	०	२०५
११	कुचिकार	०	२६	४५	३	७४
	कुल जम्मा	१२७	१३७	३३८	८	६१०

महानगरपालिकाबाट हुने सेवा प्रवाहलाई छिटोछरितो चुस्तदुरुस्त र पारदर्शी बनाउनका लागि कर्मचारीहरुको क्षमता विकासमा जोड दिएको छ |

१.२ आ.व. २०७८/०७९ को नीतिको समीक्षा

सुशासन तथा संस्थागत विकास

क) प्रशासन शाखाः

- प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुखबीच कार्यसम्पादन सम्झौता लागू गरिएकोछ ।
- कार्यपालिकाका निर्णयहरुको चौमासिक र वार्षिक प्रगति पेश गर्ने परिपाटीको विकास गरिएकोछ ।
- वार्षिक समीक्षा गोष्ठी सम्पन्न गरी सोको नतिजा सार्वजनिक गरिएकोछ ।
- कर्मचारीहरुको क्षमता विकासका लागि तालिम सञ्चालनको व्यवस्थापन तथा पेइङ तालिममा समेत सहभागी गराइएकोछ ।
- सबै वडा कार्यालयहरुमा अधिकार प्रत्यायोजन गरी वडालाई जिम्मेवार बनाई योजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियालाई छिटोछरितो र प्रभावकारी बनाइएको ।
- महानगरपालिकाको कार्यालय र वडा कार्यालयको हाताभित्र पान, गुट्खा, खैनी जस्ता सुर्तिजन्य पदार्थको प्रयोग गर्नेलाई दण्ड जरिवानाका लागि प्रचारप्रसार र सूचनापाटी राखिएको छ ।

ख) कानून

- महानगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाइएको साथै कानुनले तोकेको समयभित्र न्यायिक समितिबाट कार्य सम्पादन गरिएकोछ ।
- मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कानुनी व्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिएकोछ ।
- न्यायिक समितिमा पहुँच अभिवृद्धिका लागि स्वयंसेवक तथा अन्तरिम पेशीको व्यवस्था गरिएकोछ ।

ग) सूचना तथा प्रविधि

- १० स्थानमा फ्रि वाईफाई जोनको व्यवस्था गरिएकोछ ।
- संघीय सरकारसँग समन्वय गरी तारणीप्रसाद कोइराला संचारग्राममा स्थानीय एफएम तथा मिडिया सेन्टरलगायतका सेवाहरु सञ्चालनका कार्य भइ रहेको ।
- महानगरपालिकाबाट हुने सबै गतिविधिहरु स्थानीय सञ्चार माध्यम अनलाइन पोर्टल वेव पेज तथा सामाजिक सञ्चाल मार्फत नगरवासीहरुलाई सूसुचित गरिएकोछ ।
- स्थानीय पत्रपत्रिका, टेलिभिजन एफएम, अनलाइन पोर्टलहरुको संस्थागत विकासका लागि उपलब्ध गराउँदै आएको सहयोगलाई निरन्तरता दिइएको छ ।
- कार्यालयको आन्तरिक कार्यप्रणालीलाई प्रविधिमैत्री बनाउँदै लगिएको छ ।
- डिजिटल सिटी प्रोफाइललाई अद्यावधिक गरी बहुउपयोगिताको क्षेत्रमा प्रयोग गर्ने प्रयास गरिएकोछ

घ) नगरप्रहरी

- नगर प्रहरी, वारुणयन्त्रको सेवा प्रवाहलाई प्रभावकरी बनाउनका लागि आवश्यक तालिम दिइएको छ ।

- ट्राफिक व्यवस्थापनका लागि मुख्य बजार क्षेत्रमा पार्किङ व्यवस्थापनका लागि जेब्रा क्रसिङ तथा ट्राफिक संकेतको ब्यवस्था गर्न सुरुवात भएको छ ।
- छाडा चौपाया र सडकपेटीमा रहेका अव्यवस्थित हाटबजार तथा व्यवसायलाई नियन्त्रण गरिएको छ ।
- जनघनत्वका आधारमा विराटनगरको दक्षिणी भागमा थप सेवाका लागि वारुणयन्त्र सेवा केन्द्र स्थापना गरिएको छ।
- सिंघिया तथा केशलिया खोलामा हुने अवैध उत्खननलाइ कडाइका साथ नियन्त्रणका लागि सवारी साधन नियन्त्रणमा लिई दण्डजरिवाना गरिएको छ ।
- नगर प्रहरीको मनोबल उच्च राख्नका लागि संस्थागत क्षमता र वृत्ति विकासका अवसरहरु तथा तालिम उपलब्ध गराइएको छ ।

सामाजिक विकास नीति

क) बालबालिका

- वडा नं. ११ लाई बालश्रममुक्त वडा घोषणा गर्नका लागि कार्य बालश्रम मुक्ति घर पहिचान कार्य अगाडि बढाइएको छ ।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन एवं दिगोपनाका लागि कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- बालबालिकासम्बन्धी स्थानीय निर्देशिका, कार्यविधि तथा योजनाहरु निर्माण गरिएको छ ।
- अपांगता भएका बालबालिकाहरुलाई समेत बालक्लबमा आवद्ध गरिएको छ ।
- सडक बालबालिका, बालश्रम र बालविवाहविरुद्धका अभियानहरुलाई वस्तीस्तरसम्म पुऱ्याईएको छ ।
- बालश्रमका सम्भावित क्षेत्रहरुको पहिचान गरी प्रभावकारी अनुगमन गर्दै नियमन गरिएको छ ।
- बालक्लबको क्षमता विकास गरी बाल सहभागिता प्रवर्द्धन गरिएको छ ।
- नीति निर्माण र योजना तर्जुमा प्रक्रियामा बाल सहभागिता सुनिश्चित गरिएको छ ।
- कोभिड १९ को विषम परिस्थितिमा बालबालिकाको सहभागिता र क्रियाशिलताको सुनिश्चिता वैकल्पिक माध्यमहरुसमेत उपयोग गरिएको छ।
- सरोकारवालाहरुसँगको सहकार्यमा लागूपदार्थ दूर्व्यसन, साइवर अपराध र बालविवाह नियन्त्रणका लागि सचेतनामूलक अभियान सञ्चालन गरिएको छ ।

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- लैङ्गिक हिंसामा परेका व्यक्तिहरुलाई सहयोग गर्न कार्यविधि तयार गरिएको छ।
- सडकपेटीमा रात बिताउने असहाय तथा सहाराविहीन मानवहरुलाई उद्धार एवं व्यवस्थापन भैरहेको छ ।
- अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार र करुणा फाउण्डेसन नेपालसँग भएको कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- बालसेवा आश्रम, मानव सेवा आश्रम तथा वृद्धाश्रमहरुको संस्थागत विकासका लागि भैरहेको सहयोगलाई निरन्तरता दिइएको छ ।
- अपाङ्गता परिचयपत्र वितरण कार्यलाई प्रभावकारी कार्यान्वयनका लागि शिविर सञ्चालन गरिएको छ । घरमा गई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ ।
- भाषा कला, सस्कृति तथा साहित्य आदिको जगेर्ना तथा उत्थानका लागि कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

ग) गैरसरकारी संघसंस्था सम्बन्धी नीति

- गैरसरकारी संघसंस्थाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको सघन अनुगमन तथा नियमन गरिएको छ ।

- गैससहरुसँगको समन्वयमा गैसस पार्श्वचित्र २०७८ प्रकाशन गरिएकोछ ।
- नागरिक समाजलाई स्थानीय सुशासनको प्रक्रियामा सहभागी गराइएको छ ।
- आरोहण गुरुकुल नाटक घर निर्माण सम्पन्न भैसकेको हुद्दा राष्ट्रिय तथा अन्तराष्ट्रिय नाटकहरु सञ्चालन भैरहेकोछ ।
- गैससका कार्यक्रम तथा योजनाहरुसमेत महानगरपालिकाको वार्षिक योजनामा समावेश गर्ने गरिएको छ ।

घ) शिक्षा

- सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य तथा निशुल्क शिक्षा सुनिश्चित गरिएको छ ।
- सार्वजनिक विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षमा सुधार गरिएको छ ,
- सबै विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको शुरुवात गरिएको छ ।
- सार्वजनिक विद्यालयहरुमा आवश्यक शिक्षक दरबन्दीको व्यवस्थापन गरी सिकाइस्तरमा सुधार गरिएको छ ।
- न्यून पारिश्रमिक भएका विद्यालय कर्मचारी (लेखा र सहायक) तथा बालविकासका सहयोगी कार्यकतालाई थप पारिश्रमिक प्रोत्साहन सुविधाको रुपमा उपलब्ध गराइएको छ ।
- सार्वजनिक विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक कारोबारको लेखा परीक्षणलाई अनिवार्य सर्तका रूपमा लागू गरिएको छ ।
- नमूना विद्यालयलाई नेतृत्वदायी विद्यालयको रुपमा विकास गर्नका लागि भौतिक पूर्वाधार तथा अन्य सहयोगहरु भएको छ।
- माध्यमिक विद्यालयमा प्रविधिमा आधारित शिक्षाको पहुँचमा विस्तार गर्नका लागि ICT Lab को व्यवस्था गरिएको छ।
- सार्वजनिक विद्यालयमा अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाई वातावरणको प्रबन्धका लागि अभिमुखीकरण गरिएको छ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) व्यवस्थित गरि शैक्षिक अभिलेखलाई अद्यावधिक गर्ने कार्य भैरहेको छ।
- विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षणको कार्य भैरहेको छ ।
- संस्थागत विद्यालयहरूलाई नगरका विभिन्न शैक्षिक गतिविधिमा सहभागी र आवश्यक नियमन गर्ने कार्य भैरहेको छ।
- महानगर बहुप्राविधिक शिक्षालय सञ्चालनका लागि आवश्यक थप पूर्वाधार विकास गरी प्राविधिक शिक्षामा सबै वर्गको पहुँच सुनिश्चित गर्नका लागि भवन निर्माणको कार्य अगाडि बढाइएको छ।
- शिक्षामा अपागता भएका बालबालिकाहरुको पहुँच वृद्धिका लागि बालबालिकाको सिकाइका लागि पूर्वाधार विकास गरी दिवा स्याहार केन्द्र तथा कक्षाकोठाको व्यवस्थापन गरिएको छ।
- छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड तथा बालविकासदेखि कक्षा पाँचसम्मका बालबालिकाका लागि पोषिलो दिवा खाजा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- विभिन्न साझेदार संस्थाहरुसँगको सहकार्य र समन्वयमा आदर्श माविलाई समावेशी शिक्षाको नमूना विद्यालयको रुपमा विकास गरिएको छ ।
- परम्परागत तथा धार्मिक विद्यालय (मदर्शा तथा गुरुकुल, वेदविधाश्रम) लाई शिक्षाको मूलधारमा सहभागी गराउन प्रोत्साहन गरिएको छ ।
- विराट गोल्डकप सञ्चालनमा भइरहेको सहयोगलाई निरन्तरता दिइएको छ ।
- महानगरपालिकाका विभिन्न गतिवधिमा युवाहरु परिचालन गरिनेछ ।

जनस्वास्थ्य

- कोभिड-१९ विरुद्धको पूर्ण खोप ४१८५५७ जनालाई लगाइएको तथ्यांकलाई Digitalize गरिएको छ ।

- "छोरी बचाऊ छोरी पढाऊ" पहिलो र दोस्रो सन्तान छोरी जन्माउने आमाहरुलाई प्रोत्साहन बापत उपलब्ध गराउँदै आएको रकमलाई निरन्तरता दिइएको छ।
- नेपाल रेडक्रस सोसाईटीसँगको समन्वयमा नगरवासीहरुलाई निःशुल्क रक्त सेवालाई निरन्तरता दिइएको छ।
- गर्भवती महिला र ज्येष्ठ नागरिकलाई नगर क्षेत्रभित्रका अस्पतालसम्म सहज पहुँचका लागि निः शुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइएको छ ।
- नगरवासीहरुको स्वास्थ्य सुधारका निम्ति एलोपेथिक मेडिसिन सँगै वैकल्पिक चिकित्साको रुपमा आयुर्वेद सेवाको विकासका लागि वडा न ११ मा आयुर्वेद केन्द्रको स्थापना गरिएको छ ।
- नगरवासीहरुको आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचका लागि सम्पुर्ण वडामा स्थापना भई सञ्चालनमा रहेका आभारभूत स्वास्थ्य केन्द्रहरुको सुदढीकरण भई स्वास्थ्यसेवा प्रवाह भई रहेकोछ।
- अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमअन्तर्गत स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको छ।
- राष्ट्रिय खोप अभियानलाई वडा कार्यालयको समन्वयमा प्रभावकारी रुपमा सञ्चालन गरिएको छ ।
- अपाङ्गता न्यूनीकरणका लागि नवदम्पतिहरुलाई सचेतनामूलक शुभकामना कार्ड वितरण गरिएको छ ।
- वडा नं. ५ निःशुल्क रुपमा उपलब्ध भई रहेको प्याथोलोजी सेवालाई निरन्तरता दिइएकोछ ।

वन वातावरण तथा विपद्

- बहुप्रकोपमा आधारित जोखिमको अध्ययन एवं अनुसन्धान गरी तथ्यगत अभिलेखीकरण गरी बहुप्रकोप संकटासन्नता तथा क्षमता पार्श्वचित्र , २०७९ प्रकाशन गरिएको छ।
- महानगरपालिकाका नियमित विकास कार्यक्रम एवं योजना तयारी वा डिजाइन गर्दा जोखिम न्यूनीकरणको मापदण्ड अपनाइएको छ ।
- विपद व्यवस्थापनका लागि आमसञ्चार माध्यम मार्फत् सन्देशमूलक सूचनाहरू सम्प्रेषण गरिएको छ ।
- राष्ट्रिय भूउपयोग नीतिअनुरुप जोखिम संवेदनशील भूउपयोग योजना तयार गरी कार्यान्वयनको सुरुवात भएको छ ।
- विपद् जोखिम न्यूनीकरण तथा विपद उत्थान र व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता र साझेदारीलाई प्रोत्साहित गरिएको छ ।
- प्रभावकारी विपद् प्रतिकार्यका लागि आपतकालीन सामग्रीको भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामग्री सञ्चय गरिएको छ ।
- नगर प्रहरीलगायत अन्य सुरक्षा निकायलाई खोज तथा उद्धार कार्यदल गठन गरी क्षमता विकास एवं साधन सम्पन्न बनाइएको छ ।

वातावरण तथा सरसफाई

- सरसफाईको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन समुदायमा आधारित फोहर संकलन तथा व्यवस्थापन गरिएको छ ।
- हरित शहर विकास गर्न निजी क्षेत्र र अन्य सामाजिक संघ/संस्थाहरुको साझेदारीमा वृक्षारोपण गर्ने एवं विरुवा हुर्काउने अभियानलाई प्रभावकारी बनाइएको छ।
- वातावरण संरक्षणका लागि जारी भएको वातावरण संरक्षण ऐन अनुसार वातावरणीय प्रभाव मूल्यांकन(**EIA**) प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) तथा संक्षिप्त वातावरणीय परीक्षण गर्ने कार्यलाई अनिवार्य लागु गरिएको छ ।

राजश्व तथा वित्तीय व्यवस्थापन

- करका दरहरुलाई वृद्धि नगरी करको दायरा फराकिलो पार्ने रणनीति अवलम्वन गरी आन्तरिक आय वृद्धि गरिएको छ ।
- स्थानीय कर, शुल्क, जरिवाना जस्ता राजस्वका श्रोतलाई सूचना प्रविधिका माध्यमद्वारा संकलन गरिएको छ।
- आन्तरिक आय वृद्धिका लागि स्वयंसेवक परिचालन गरी घरदैलो अभियान कार्यक्रम सञ्चालन गरिएको छ।
- राजस्व छली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी कार्यान्वयन गरिएको छ।
- राजस्व परिचालन तथा महानगर कर नीतिको बारेमा करदाता शिक्षा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
- पहिलो त्रैमासिक अवधिमा पुरै आ.व.को एकमुष्ठ कर बुझाउने करदातालाई छुटको व्यवस्था गरिएको छ ।
- राजस्व संकलन कार्यमा खटिने कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिएको छ ।
- कोभिड -१९ का कारणले बन्द भएको भई व्यापार व्यवसायमा असर परेको हुँदा दुई महिनाको छुट दिइएको छ।

पूर्वाधार विकास

क) सहरी पूर्वाधार

- वीस लाखभन्दा कम लागत योजनाहरु वडा कार्यालयमार्फत सञ्चालन गरिएको छ ।
- क्षेत्रीय सहरी विकास परियोजना (RUDP) अन्तर्गत ठूला नाला ०.५८५ कि.मि., सडक छेउको नाला निर्माण ४४.५० कि.मि., ढल प्रणाली १८.५६ कि.मि., जडान गरी ६०६ वटा मेनहोल, ६९१ वटा सिवर इनलेट, २,९०३ वटा हाउस कनेक्सन चेम्वर निर्माण गरिएको छ। ७७.२२ कि.मि. असफाल्ट कंक्रिट पिच निर्माण गरिएको छ ।
- वीरेन्द्र सभागृहलाई आधुनिक तथा सुविधा सम्पन्न गरी प्रयोगमा ल्याउनका लागि निर्माण कार्य भइरहेको छ।
- छ वटा वडाहरुमा व्यवस्थित वडा कार्यालयहरु निर्माण गरिएको छ ।
- वडा न २/७ मा प्रधानमन्त्री पार्कको निर्माणका लागि ठेक्का व्यवस्था गरिएको छ ।
- वडा न २ हनुमान मन्दिर पूर्व सिङ्घिया खोलाको किनारामा आरती स्थल निर्माणका लागि DPR तयार गरीएको छ ।
- गरिब तथा विपन्न महानगरबासीहरुका लागि उचित बसोबासको व्यवस्थापन गर्न वडा न ५ को जनता आवास तथा वडा नं. १२ को महानगर आवास योजनाको निर्माण कार्य भैरहेको छ ।
- सडक मर्मत सम्भार कार्य नियमित भैरहेको छ।
- हिमालय रोडलाई जिरो पार्किङ जोनसहित रात्रिकालीन मनोरञ्जनस्थलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- शहरको सौन्दर्यकरणका लागि निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी एयरपोर्ट सडकको कार्य अन्तिम चरणमा पुगेको छ ।
- संघीय सरकारको समपूरक कोष कार्यक्रमअन्तर्गत महानगरपालिकाको साझेदारीमा कार्यालयको आधुनिक र सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण कार्यको थालनी भएको छ।
- दिगो र भरपर्दो रुपमा फोहोरपानी प्रशोधन केन्द्र र ढल प्रणाली सञ्चालन कार्य भैरहेको छ ।

ख) घरनक्सा :

- भवनहरुको सबलता, सुरक्षा र जोखिम न्यूनीकरण गर्न प्रचलित भवन निर्माणसम्बन्धी मापदण्डमा समयानुकूल संशोधन गरि कार्यान्वयनमा ल्याइएको छ ।

- अण्डर ग्राउण्ड पार्किङ गर्ने व्यावसायिक भवनको नक्सा पास गर्दा पार्किङले ओगटेको क्षेत्रको घरनक्सा दस्तुर छुट दिई पार्किङमा सहजता ल्याउन प्रयास गरिएको छ ।
- नक्सा पास नभई बनेका पुराना गोदाम तथा घरहरुलाई करको दायरामा ल्याउनका लागि अभिलेखीकरण कार्य भएको छ ।

आर्थिक विकास

क) सहकारी

- सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गरी संस्थागत सुशासन कायम गरिएको छ ।
- समुदाय र सदस्यप्रति थप उत्तरदायी र जवाफदेही बनाउन विभिन्न कार्यक्रममार्फत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरिएको छ ।
- सहकारीलाई गुणात्मक बनाउन सहकारी संस्थाहरुको एकीकरण कार्यलाई अगाडि बढाउन प्रोत्साहन गरिएको छ ।
- महानगरपालिकाबाट सहकारी संस्था र शेयर सदस्यको हितका लागि बनाइएका कानुन कार्यविधिहरुका बारेमा सूसुचित गराइएको छ ।
- सहकारी संघसस्थाहरुमा बचतकर्ताहरुले जम्मा गरेको रकमको सुरक्षाका लागि प्रभावकारी सुपरीवेक्षण गरी कारबाही प्रक्रियालाई प्रभावकारी बनाइएको छ ।

ख) पर्यटन

- विराटनगर महानगरपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिएको छ ।
- स्थानीय भाषा कला धर्म संस्कृति, रीति-रिवाजलाई प्रवर्द्धन हुने गरी कार्यक्रम सञ्चालन गरिएको छ
- विराट राजाको दरबारको विस्तृत गुरुयोजना तयार गरिएको छ ।

ग) रोजगार

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन महानगरपालिकाका रहेका ५३ वेरोजगारहरुलाई १०० दिन रोजगार दिइएको छ ।
- वैदेशिक रोजगारलाई मर्यादित, भरपर्दो तथा सुरक्षित बनाउन आप्रवासन सूचना केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाइको छ ।
- विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता कक्षाहरु सञ्चालन गरिएको छ ।

घ) पशु विकास

- लागत साक्षेदारीका कार्यक्रममा समूहकृत पशुपालकलाई प्राथमिकता दिइएको छ ।
- मासुको मागलाई मध्यनजर गर्दै उत्पादन बढाउन उन्नत जातको बोका साझेदारीमा वितरण गरिएको छ ।
- स्वच्छ र सफा मासु उत्पादन गर्न समूहमा आवद्ध भएका बाख्रापालक कृषकहरुलाई खोर तथा औषधी वितरण बनाउन लागत साझेदारीमा अनुदान दिएर प्रोत्साहित गरिएको छ।
- पशुपक्षीजन्य महामारी सरुवा रोग फैलन नदिनका लागि सचेतनामूलक कार्यक्रम गरिएको छ ।

ङ) **कृषि**

- कृषि खेतीतर्फ किसानहरुलाई आकर्षित गर्न ५० प्रतिशत अनुदानमा बिउ वितरण गरिएको छ
- आधुनिक प्रविधि प्रयोग गरी कृषि उत्पादन बढाउन कृषियन्त्र वितरण गरिएको छ ।

शाखा तथा महाशाखाहरुबाट तय भएका नीतिहरुको विश्लेषण तथा समीक्षा गर्दा नीति अनुसार कार्य हुनु पर्ने र कार्यक्रम र नीति वीच तालमेल हुनु पर्ने हुँदा नीतिअनुसार मात्र योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने भएकाले तालमेल मिलाई कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

१.२.१ आ.व. २०७८/०७९ मा पारित भएका नीति, ऐन, नियमावलीहरू, कार्यविधिहरू तथा सम्पन्न अन्य महत्वपूर्ण योजना, अध्ययन

आ.व. २०७८/०७९ मा पारित भएका वार्षिक क्षेत्रगत नीति

क) आर्थिक विकास नीतिहरु
ख) सामाजिक विकास नीतिहरु
ग) पूर्वाधार विकास नीतिहरु
घ) वातावरण तथा विपद व्यवस्थापन नीतिहरु
ङ) सुशासन तथा संस्थागत विकास नीतिहरु

ऐन, नियमावलीहरू, कार्यविधिहरू :

१. आर्थिक ऐन - २०७९
२. विनियोजन ऐन - २०७९
३. खेलकुद ऐन - २०७९
४. कर तथा गैरकर राजश्व सम्बन्धी ऐन - २०७८
५. महानगनर बहुप्राविधिक शिक्षालय ऐन - २०७८
६. सार्वजनिक निजी साझेदारी ऐन - २०७८
७. अति विपन्न सुकुम्बासीहरुको भवनसंहिता नमुना वस्ती विकास निर्माण निर्देशिका - २०७८
८. बालअधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि - २०७८
९. बाल क्लब तथा बालक्लब संजाल गठन तथा सञ्चालन कार्यविधि - २०७८
१०. बालउद्यान तथा बालमैत्री स्थानीय शासन सञ्चालन कार्यविधि - २०७८
११. लैगिंकहिंसा निवारण कोष सञ्चालन कार्यविधि - २०७८

महत्वपूर्ण अध्ययन तथा प्रकाशन :

१. बहुप्रकोप संकटासन्नता तथा क्षमता पूर्वचित्र - २०७८
२. गैरसरकारी संस्थाको पूर्वचित्र - २०७९
३. विराटनगरको ऐतिहासिक परिचय
४. भाषाविद बालकृष्ण पोखरेलको स्मृतिग्रन्थ
५. RUDP को स्वेतपत्र
६. महानगर पर्यटन गुरुयोजना
७. विराटराजा दरबारको गुरुयोजना

महत्वपूर्ण योजना तथा कार्यक्रम

१. वीरेन्द्र सभागृह प्रवलीकरण तथा पुनःनिर्माण वडा नं. ७
२. महानगरपालिका कार्यालय भवन निर्माण वडा नं. ७
३. कार्यालय भवन मर्मत तथा रिनोभेसन
४. महानगर आवास योजना
५. हिमालय रोड सौन्दर्यकरण
६. एयरपोर्ट रोड सौन्दर्यकरण
७. एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्रका लागि जग्गा खरिद
८. भारतीय सरकार तथा महानगरपालिकाको सहयोगमा आरोहण गुरुकुलमा नाटक घर निर्माण

मुख्य उपलब्धिहरु

आर्थिक वर्ष ०७८/७९ मा RUDP मार्फत ७७.२२ कि.मि. असफाल्ट कंक्रिट पिच निर्माण गरिएको छ । २९.८३ कि.मि. फुटपाथ निर्माण गरिएको, महानगरपालिकाले शतप्रतिशत खर्च व्यहोर्नेगरी १७.७० कि.मि. नयाँ खानेपानी पाइपलाइन विस्तार गरिएको छ। १८.५६ कि.मि. ढल प्रणाली जडान गरी ६०६ वटा मेनहोल, ६९१ वटा सिवर ईनलेट, २९०६ वटा हाउस कनेक्सन चेम्वर निर्माण सम्पन्न गरिएको छ | ४७५० घरधुरीलाई ढल प्रणाली जडान गर्ने सुविधा प्रदान गरिएकोमा हालसम्म करिब २००० भन्दा बढी घरहरुमा ढल जडान भई ढल प्रणाली र फोहोर पानी प्रशोधन केन्द्र व्यवस्थित रुपमा सञ्चालन भइरहेको छ । एयरपोर्ट सडकमा सौन्दर्यकरणको कार्य भइरहेको छ | विराटराजाको दरबारको गुरुयोजना तयार भएकोछ | वीरेन्द्र सभागृहलाई सुविधासम्पन्न बनाउने कार्य भइरहेको छ |

संघ, प्रदेश तथा अन्य निकायहरूसँग भएका समन्वय, समझदारीहरू तथा तिनका उपलब्धिहरू

स्थानीय सरकार सञ्चालन ऐन -२०७४ को प्रस्तावनामा नेपालको संविधानबमोजिम स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तहवीचको सहकारिता, सहअस्तित्व तथा समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी गुणस्तरीय सेवा प्रवाह गर्ने उल्लेख भएको छ । तीनै तहका सरकारवीचको समन्वय र सहकार्यमा देहाय बमोजिमका कार्यहरु भएका छन् ।

१. रेडियो नेपाल र विराटनगर महानगरपालिकाबीच तारणीप्रसाद कोइराला संचारग्राम निर्माण तथा सञ्चालन गर्ने सम्झौताबमोजिम आयोजना सम्पन्न भई सञ्चालनमा आएको छ |
२. राष्ट्रिय खेलकुद परिषद् र विराटनगर महानगरपालिकाबीच सहिद रंगशाला सञ्चालन तथा व्यवस्थापन गर्न भएको सम्झौताबमोजिम सञ्चालन भइरहेको छ |
३. प्रदेश सरकार, करुणा फाउन्डेसन र विराटनगर महानगरपालिकाबीच अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने सम्झौताबमोजिम कार्यक्रम सञ्चालन भएकोछ |
४. प्रदेश सरकार, जीवन विकास समाज, हेबिटेट नेपाल र महानगरपालिकाबीच १४५ गरिब घर परिवारहरुका लागि जनता नमुना आवास कार्यक्रम सञ्चालन भइरहेको छ |
५. प्रदेश सरकार र विराटनगर महानगरपालिकाबीचको सम्झौताबमोजिम ENSSURE परियोजना सञ्चालन भइरहेको छ |
६. संघीय सरकारको सहयोगमा सुरक्षित आप्रवासन परियोजना सञ्चालन भइरहेको छ |
७. प्रदेश सरकार, लगानी प्राधिकरण र विराटनगर महानगरपालिकाबीच पुरानो गुद्री E- प्लट जग्गामा PPP मोडेलमा बहुदेश्य भवन निर्माण गर्न समझदारी पत्रमा हस्ताक्षर भएकोछ |

८. प्रदेशस्तरीय मानव सेवा आश्रम भवन निर्माणका लागि महानगरपालिकाको रु. १ करोडको सहयोगमा भवन निर्माण भइरहेको र आश्रम सञ्चालनका लागि ३० लाख सहयोग प्रदान गरेको
९. प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सहयोगमा महानगरपालिकालाई १ थान वारुणयन्त्र प्राप्त भई सेवा सञ्चालन भएकोछ ।
१०. जिल्ला समन्वय समितिसँगको सहकार्यमा वडा नं ८ र वडा नं १२ को वडा कार्यालय भवन निर्माण भइरहेकोछ।
११. स्वास्थ्य मन्त्रालय, WHO/UNDP को सहयोगमा कोभिड -१९ खोपसम्बन्धी तथ्यांक Digitalize गरिएकोछ ।
१२. भारतीय सरकार तथा महानगरपालिकाको सहयोगमा आरोहण गुरुकुलमा नाटक घर निर्माण सम्पन्न भई सञ्चालनमा आएकोछ ।

कुल राजस्व अनुमान, आन्तरिक आयको अनुमान र समीक्षा अवधिसम्म भएको प्रगति/उपलब्धिहरू

आ.व. २०७८/७९ मा कुल राजश्व अनुमान रु. ४ अर्ब ६३ करोड २ लाख ८१ हजार ५ सय रुपैयाँ अनुमान गरिएकोमा यथार्थ आय रु. २ अर्ब ३२ करोड ८१ लाख ६३ हजार १ सय ४५ रुपैयाँ मात्र भएको छ जसमा आन्तरिक आय रु. ९९९०३५९२५ अनुमान गरिएकोमा रु. ३९ करोड ८५ लाख यथार्थ आय सङ्कलन भएको छ।

आर्थिक वर्ष २०७८।०७९ का क्षेत्रगत प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण

वातावरण तथा विपद व्यवस्थापन क्षेत्रतर्फ सफासुग्घर र हराभरा नगर वनाउका लागि वडा नं २ र ७ मा घेराबेरासहित वृक्षारोपण गरिएको छ। प्रतिस्पर्धात्मक विधिबाट साझेदार संस्थाहरु छनौट भई ३ वटा क्लष्टर विभाजन गरी नगरको सरसफाई कार्य नियमित भइरहेको छ । साप्ताहिक रुपमा विशेष सरसफाई अभियान सञ्चालन भइरहेको साथै वर्षातको पानीबाट हुने डुबानलाई रोक्न नालाहरुको विशेष सफाई द्रुत गतिमा भइरहेको छ। स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रमा उद्धार सामग्री व्यवस्थापन गरी विपदमा उद्धार कार्यहरु गरिएको छ । कोभिड प्रभावित अतिविपन्न परिवारको बैंक खातामा नगद हस्तान्तरण भइरहेको छ । स्थानीय विपद तथा जलवायु उत्थानशील योजनालाई अध्यावधिक गरिएको छ ।

सामाजिक विकास क्षेत्र तर्फ आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच बढाउनका लागि सबै वडामा आधारभूत स्वास्थ्य सेवा नियमित सञ्चालन गरी ८० प्रतिशत बालबालिकाहरुलाई खोप कार्यक्रम उपलब्ध गराइएको छ । भारतलगायत तेस्रो मुलुकबाट आउने व्यक्तिहरुका लागि रानी हेल्थ डेक्समार्फत १७,६७२ जनाले कोभिड-१९ परीक्षण, क्षयरोग निदान परीक्षणका लागि २६७ को खकार नमुना सङ्कलन भएको , मलेरिया निदान परीक्षण १३१ जनाको भएको छ। छोरा र छोरीबीचको विभेद अन्त्य गर्न "छोरी बचाऊ, छोरी पढाऊ" कार्यक्रमबाट पहिलो छोरी र दोस्रो छोरी दम्पतीका ८६ जना छोरीहरुका नाममा रु. २५ हजारका दरले बैंकमा खाता खोली रकम जम्मा गरिएको छ। अस्पतालसम्म जान-आउन निःशुल्क रुपमा प्रसूति एम्बुलेन्सको सञ्चालन गरिएको छ। १२५ जना नगरवासीहरूलाई निःशुल्क रक्तसञ्चार सेवा उपलब्ध गराइएको छ ।

सबै बालबालिकाहरुको पहुँच बढाउनका लागि सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धिका लागि नमुना विद्यालयहरुमा भौतिक पूर्वाधारसहित फर्निचर कम्प्युटर ल्याव, ३ वटा विज्ञान प्रयोगशाला, ४ वटा पुस्तकालयको स्थापना गरिएको छ। विद्यालयहरुमा बालिकाहरुका लागि नियमित सेनेटरी प्याडको प्रबन्ध मिलाइएको छ। विद्यालयमा (१ देखि ५ सम्म) दिवा खाजा उपलब्ध गराइएको छ। दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नका लागि बहुप्राविधिक शिक्षालयअन्तर्गत सिभिल इन्जिनियरिङ, आर्किटेक्चर, अमीन र इलेक्ट्रिकल इन्जिनियरिङमा २४८ जना विद्यार्थीहरुले नियमित अध्ययन गरिरहेका छन्। आदर्श माध्यामिक विद्यालयमा समावेशी शिक्षा कार्यान्वयनका लागि भौतिक पूर्वाधारसहित कक्षा सञ्चालन भइरहेको

छ। विद्यालयमा स्थानीय पाठ्य सामग्रीको उपलब्ध गराइसकिएको छ । गुणस्तरीय शिक्षाका लागि सबै विद्यालयहरुको नियमित अनुगमन गरी नियमन गरिएको छ ।
लैङ्गिक हिंसा निवारण कोष कार्यविधि स्वीकृत भएको छ। लैङ्गिक विभेद अन्त्य गरी लैङ्गिक समानता कायम गर्नका लागि साझेदार संस्थाहरुसंगको सहकार्यमा ५ वटा वडामा लैङ्गिक हिंसा प्रतिकार्य योजना कार्यान्वयन भइरहेको छ। अपाङ्गता शिविरसमेत सञ्चालन गरी ४२७ जना अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचय-पत्र वितरण गरिएको छ । विपन्न वर्गका अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री वितरण गरिएको छ । ८४ वर्षमाथिका ८९० जना जेष्ठ नागरिकहरुका लागि पोषण भत्ता उपलब्ध गराएको छ । १३,५४६ जना व्यक्तिहरुका लागि बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ भने दोहोरो सुविधा पाइरहेका २१ जनाको लगत कट्टा गरिएको छ । सबै वडाहरुमा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरी ३,००० जनाले व्यक्तिगत घटना दर्ता गराएका छन् । बालमैत्री अवधारणालाई संस्थागत विकास तथा दिगोपन र प्रवर्द्धन गर्नका लागि निर्धारित सूचकहरुमा काम भएको छ । १५० वटा बालक्लब तथा बालक्लव सञ्जालहरुको संस्थागत विकास गरिएको छ ।

स्थानीय भाषा, कला, साहित्य तथा सँस्कृतिको संरक्षणका लागि नियमित सहयोग भइरहेको छ । अनाथाश्रम, वृद्धाश्रम तथा मानवसेवा आश्रमलाई नियमित सहयोग उपलब्ध भइरहेको छ । वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित बनाउन आप्रवासी सूचना केन्द्रमार्फत सूचना प्रवाह गरी ठगीमा परेका व्यक्तिहरुको रकम असुली र पीडितहरुका लागि निःशुल्क कानुनी उपचारको व्यवस्था मिलाइएको छ । ड्रोनमार्फत सबै घरधुरीहरुको पहिचान गरी घर नम्बरिङ गर्ने कार्य अगाडि बढाइएको छ । सुकुम्वासी अतिविपन्न वर्ग समुदायका परिवारहरुलाई लक्षित गरी महानगर आवास कार्यक्रमअन्तर्गत १४५ घरहरु वडा नं. १२ मा एकीकृत बस्ती विकास भइरहेको छ । भाषाविद् बालकृष्ण पोखरेलको स्मृतिग्रन्थ प्रकाशित गरिएको छ। विराटनगरको ऐतिहासिकता झल्कने पुस्तक प्रकाशन भएकोछ।

पूर्वाधार विकास क्षेत्रतर्फ सम्झौता भएका ४५६ वटा आयोजनाहरुमध्ये ४३२ वटा आयोजनाहरु सम्पन्न भएका छन् । भवन निर्माण मापदण्डलाई पूर्णरुपमा कार्यान्वयन गरी १,२६९ वटा घर निर्माणका लागि दर्ता भएको मा ९२३ वटा घरको निर्माण कार्य सम्पन्न भइसकेका छन् । ४४६ वटा घरनक्सा नामसारी भएको छ । महानगरको प्रमुख प्रशासकीय भवन निर्माण कार्य सुरुवात भएको छ । वीरेन्द्र सभागृहको प्रबलीकरण तथा पुनर्निर्माण भइरहेको छ भने प्रधानमन्त्री पार्क निर्माणको ठेक्का प्रक्रिया अन्तिम चरणमा पुगेको छ । विभिन्न वडामा आवश्यकताअनुसार सडकबत्ती उपलब्ध गराउने कार्य नियमित भइरहेको छ । क्षेत्रीय सहरी विकास परियोजना (RUDP) बाट हालसम्म सम्पन्न भएको मुख्य कार्यहरुमा ठूला नाला ०.५८५ कि.मि., सडक छेउको नाला निर्माण ४४.५० कि.मि., ढल प्रणाली १८.५६ कि.मि., जडान गरी ६०६ वटा मेनहोल, ६९१ वटा सिवर इनलेट, २,९०३ वटा हाउस कनेक्सन चेम्वर निर्माण गरिएको छ। ७७.२२ कि.मि. असफाल्ट कंक्रिट पिच निर्माण गरिएको छ । २९.८३ कि.मि. फुटपाथ निर्माण गरिएको, महानगरपालिकाले शतप्रतिशत खर्च व्यहोर्नेगरी १७.७० कि.मि. नयाँ खानेपानी पाइपलाइन विस्तार गरिएको छ। एयरपोर्ट सडकमा सौन्दर्यकरणको कार्य भइरहेको छ । वडा नं. १४ को ऐतिहासिक रानीमाई तथा मन्टापोखरी र वडा नं. २ को बजरङ्गबली मन्दिरमा रात्रिकालीन आरतीको गुरुयोजना तयार भई निर्माणको प्रक्रियामा रहेको छ । हिमालय रोडको सौन्दर्यकरण अन्तिम चरणमा पुगेको छ।

आर्थिक विकासतर्फ स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ५१ जनाले ९० दिन रोजगारी पाई वृक्षारोपण, पार्क तथा बाटो तथा नालाहरुको सरसफाई भएको छ । कृषि पेशाप्रति आकर्षित गरी उत्पादन बढाउन किसानहरुलाई धान मकै तथा गहुँको विउमा ५० प्रतिशत अनुदान दिई ३५९ हेक्टरमा खाद्यवाली विस्तार भएको छ । पशु नश्ल सुधारका लागि वाखापालन गर्नेहरुका लागि उन्नत जातका बोकाहरु वितरण गरिएको छ ।

नयाँ सहकारी ४ वटा दर्ता गरी नियमित रुपमा ७६ वटा सहकारीहरुको सघन अनुगमन गरी नियमविपरीत कार्य गर्ने १० वटा सहकारीलाई १ लाख जरिवाना गरिएको छ । पर्यटन प्रवर्द्धन गर्नका लागि विराटराजाको दरबारको गुरुयोजना तयार भएको छ साथै महानगरको पर्यटन गुरुयोजना तर्जुमा भएको छ । गरिबी न्यूनीकरणका लागि ८० जना नयाँ उद्यमीको सिर्जना र १६ जना पुराना उद्यमीहरुको स्तरोउन्नती भएको छ । विभिन्न सरोकारवाला निकायहरुसँगको समन्वयमा पटकपटक बजारको अनुगमन गरी उपभोक्ता हित संरक्षणको कार्य भएको छ ।

सुशासन तथा संस्थागत विकासतर्फ नागरिकहरुमा सूचनाको पहुँच विस्तारका लागि सूचना अधिकारीको व्यवस्थापन गरिएको छ | सरोकारवालाहरु बाट मागिएका सूचना समयमै उपलब्ध गराइने गरिएको छ | गुनासो सुन्ने अधिकारीको व्यवस्थापन गरिएको छ | महानगरपालिकामा प्रत्यक्ष आएका तथा हेलो सरकारबाट आएका गुनासाहरुलाई गुनासोसँग सम्बन्धित विषयगत शाखाहरुसँग समन्वय गरी गुनासो सुन्ने अधिकारीबाट सम्बोधन गर्ने गरिएको छ |

महानगरपालिकाबाट हुने सेवा प्रवाहलाई छिटो छरितो चुस्तदुरुस्त र पारदर्शी बनाउनका लागि कर्मचारीहरुको क्षमता विकास तालिम सञ्चालन गरिएको छ । नगर प्रहरीमार्फत छाडा चौपायाको नियन्त्रण गरी फुटपाथमा राखिएका पसलहरु हटाई सहज आवतजावतको व्यवस्था मिलाइएको छ। न्यायिक समिति र घरनक्सा शाखाबाट निर्णय कार्यान्वयनका लागि पठाएका १४९ वटा विवादित घर निर्माण कार्य रोक्का गरिएको छ । ट्राफिक व्यवस्थापनका लागि नियमित अनुगमन भइरहेको छ साथै अवैध रुपमा नदीबाट माटो उत्खनन् गर्ने सवारी साधनलाई नियन्त्रणमा लिई सचेत गराई उत्खनन् कार्य रोकिएको छ । विपद व्यवस्थापनका लागि खोजी, उद्धार तथा राहत कार्य गरिरहेको साथै विराटनगर क्षेत्रभित्र र बाहिर समेत गरी जम्मा ९७ वटा आगलागीका घटनामा वारुणयन्त्रले आगलागी नियन्त्रण गरेको छ ।

सार्वजनिक सुनुवाई, सञ्चार माध्यम परिचालन, विद्युतीय शासनको माध्यमबाट पारदर्शिताको व्यवस्थापन गरिएको छ | सर्वसाधारण सबै महानगरवासीलाई महानगरबाट भएका निर्णयहरुको जानकारी गराउन नियमित रुपमा वेबपेजमार्फत सूचना सार्वजनिकीकरण गरिएको छ । महानगरबाट भएका विकास गतिविधीहरुको प्रचार-प्रसार तथा सूचनामूलक सन्देश प्रवाह भइरहेको छ । विभिन्न वडामा सूचनामा सबै नागरिकको सहज पहुँच बढाउनका लागि १० स्थानमा फ्रि वाईफाई जडान गरिएको छ । कार्यालयबाट हुने सेवा प्रवाहलाई थप छिटो छरितो वनाउनका लागि आन्तरिक Networking विस्तारको कार्य भइरहेको छ । महानगरबाट भएका सबै विकास गतिविधिहरुलाई वेबपेज, विभिन्न पोर्टलहरु तथा सामाजिक सञ्जालहरुमा नियमित अद्यावधिक गरिएको छ ।

कार्यालय सहयोगीलाई अभिमुखीकरण, वडा सचिवलाई क्षमता विकास सम्बन्धी तालिम, महाशाखा र शाखा प्रमुखहरुका लागि स्थानीय तहमा नीति निर्माण प्रक्रिया र कार्यान्वयसम्बन्धी तालिम, प्राविधिकहरुलाई स्थानीयतहमा नीति निर्माण प्रक्रिया र कार्यान्वयसम्बन्धी तालिम र विषयगत समितिका जनप्रतिनिधि र कर्मचारीहरुका लागि विषयगत समितिको काम,कर्तव्य र अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी क्षमता विकासका अवसर प्रदान गरिएको छ ।

आन्तरिक आय वृद्धि गर्नका लागि वडासचिव तथा राजस्व संकलन गर्ने कर्मचारीहरुलाई क्षमता विकास तालिम दिइएको साथै स्वयंसेवक परिचालन गरी घरदैलो अभियानमार्फत करदाता शिक्षा सञ्चालन भएको छ । जेष्ठ मसान्तसम्म आन्तरिक आय रु. ३९ करोड ८५ लाख संकलन भएको छ । आर्थिक प्रशासनलाई चुस्त दुरुस्त रुपमा राखी भुक्तानीका लागि प्रक्रिया पुगी आएका सबै कार्यको नियमित भुक्तानी भइरहेको छ । आन्तरिक लेखा परीक्षण नियमित रुपमा भएको छ भने आ.व.०७८।०७९ मा कुल वेरुजु मध्ये रु. २४ करोड ३५ लाख ९४ हजार बेरुजु फछ्र्यौट गरिएको छ।

कुल विनियोजित बजेट र समीक्षा अवधिसम्मको खर्च स्थिति

यसैगरी कुल अनुमानित व्यय रु. ४ अर्ब ६३ करोड २ लाख ८१ हजार ५ सय रुपैयाँ अनुमान गरिएकोमा यथार्थ कुल व्यय रु. १ अर्ब ७४ करोड ६० लाख ५४ हजार १ सय ९७ रुपैयाँ मात्र भएको छ । जसमध्ये पुँजीगत खर्चतर्फ कुल व्यय रु. २ अर्ब ५६ करोड ७ लाख ३१ हजार ६८ रुपैयाँ अनुमान गरिएकोमा रु. ८२ करोड ४ लाख ६ सय ११ रुपैयाँ खर्च भएको छ । यसैगरी प्रशासनिक एवं चालु खर्चतर्फ रु. २ अर्ब १ करोड ९५ लाख ५० हजार ४ सय ३२ रुपैयाँ अनुमान गरिएकोमा रु. ९० करोड ४३ लाख ४४ हजार ७ सय ६४ रुपैयाँ खर्च भएको छ भने वित्तीय खर्चतर्फ रु. ५ करोड अनुमान गरिएकोमा रु. २ करोड १३ लाख ८ हजार ८ सय २१ रुपैयाँ खर्च भएको छ।

१.९ चालु आ.व.मा देखिएका मुख्य समस्या तथा अवरोधहरू

नीति, कानून, श्रोत प्राप्ति, दरबन्दी तथा कर्मचारीसम्बन्धी

नीति, कानूनः संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रबमोजिम आ-आफ्नो जिम्मेवारीअनुसार कार्यान्वयन हुन नसकेको, भूउपयोग ऐन २०७५ तथा नियमावली २०७७ बमोजिम स्थानीय तहको सिफारिसमा कित्ताकाट सिफारिस गर्ने व्यवस्था कार्यान्वयन हुन नसकेको, कर्मचारी सम्बन्धी संघीय कानून जारी नहुँदा कर्मचारी प्रशासनमा कठिनाई भएको , जटिल र प्रक्रियामूलक खरिद कानूनबाट विकास आयोजना कार्यान्वयनमा ढिलाई र रकम फ्रिज हुने गरेको, जग्गा प्राप्ति ऐन २०३१ ले स्थानीय तहलाई अधिकार नदिएको हुँदा लामो प्रक्रिया अवलम्बन गर्दा विकास योजनामा ढिलाई हुने गरेको छ ।

स्रोत प्राप्तिः आन्तरिक आय अपेक्षित रुपमा संकलन हुन नसक्नु, राजस्व बाँडफाँडअन्तर्गत घरजग्गा रजिस्ट्रेसन दस्तुरबाट प्राप्त हुने दस्तुर लक्ष्यअनुसार प्राप्त हुन नसक्नुले आन्तरिक स्रोत र राजस्व बाडफाडबाट सञ्चालन गर्ने गरी बजेट व्यवस्थापन भएका योजनाहरु कार्यान्वयन हुन नसकेकाले भौतिक तथा वित्तीय प्रगति कम भएको छ ।

कर्मचारीः ९ वटा महाशाखामा उपसचिवस्तरको महाशाखा प्रमुख रहने व्यवस्था रहेकोमा हाल २ वटा महाशाखामा महाशाखा प्रमुखको व्यवस्थापन भएको र बाँकी ७ वटा महाशाखामा उपसचिवस्तरको महाशाखा प्रमुख नभएकाले विषयगत महाशाखाबाट सम्पादन हुने काममा बाधा भएको छ । प्रदेश लोकसेवा आयोगसँग माग गरिएका अधिकृतस्तरका १५, ना.सु. स्तरका २० र लेखापाल १५ पदहरु रिक्त रहेका छन् ।

कार्यक्रम आयोजना सञ्चालनः

कार्यक्रम आयोजना सञ्चालनका लागि संगठन संरचनाअनुसार दक्ष जनशक्तिको अभाव, अत्याधिक आयोजना (टुक्रे आयोजना), कार्यान्वयनमा जनसहभागिता तथा अपनत्वको कमी, जग्गा विवाद तथा उजुरी र मुद्दा, वार्षिक आयोजना तोकिएको समयमा सम्पन्न नगरी अल्या गर्ने परिपाटी, विषयगत निकायहरुसँग समन्वयको कमि रहेको छ ।

कार्यालय भवन सम्बन्धीः

कार्यालयको मुख्य प्रशासनिक भवन पुरानै कार्यालय भवनमा संचालित छ । कार्यालयको शैक्षिक प्रशासन, स्वास्थ्य र आर्थिक विकास महाशाखाका लागि भवनमा ठाउँ नभएकोले निजी घर भाडामा लिई कार्यालय व्यवस्थापन गरिएको छ । आ व. २०७८/७९ देखि कार्यालयको नया प्रशासनिक भवन निर्माणको चरणमा रहेको छ । वडा कार्यालयहरुमध्ये १५ वटा आफ्नै कार्यालय भवनमा छन् भने ४ वटा भाडामा रहेका छन् । ४ वटा वडा कार्यालयहरु निर्माणाधीन अवस्थामा रहेका छन् ।

समन्वय तथा साझेदारी, सहकार्य आदि सम्बन्धी

संविधान तथा कानुनबमोजिम गठित समन्वय समिति तथा परिषदहरुको बैठक नियमित हुन नसकेको, तीन तहको सरकारबीच व्यवहारिक रुपमा समन्वय नभएको , महानगरसँग समन्वय नगरी विषयगत कार्यालयहरुले आ-आफ्नै तरिकाले काम गर्ने गरेको, छिमेकी स्थानीय तहहरुसँग सहकार्यमा काम हुन नसकेको, जिल्ला समन्वय समितिले जिल्लाका स्थानीय तहहरुलाई समन्वय गर्न कमजोर देखिएको, गैरसरकारी संस्थाहरु आफ्नै साधन स्रोत परिचालन गर्नुभन्दा महानगरप्रति बढी निर्भर देखिएको, निजी क्षेत्र महानगरसित सहलगानीमा काम गर्न अग्रसर हुनु पर्नेमा हुन नसकेको र विकास योजना कार्यान्वयनमा जनताको न्यून सहभागिता तथा योगदान रहेको छन |

खण्ड - २

आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट

२.१ सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धिहरू

सोचः **" हामी सबैको रहर शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर "**

लक्ष्यः सामाजिक, आर्थिक तथा वातावरणीय प्रवर्द्धन गर्दै नगरवासीलाई सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्नु ।

उद्देश्यहरूः

आगामी आ.व.२०७९/०८० को वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा *"हामी सबैको रहर; शिक्षित, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"* भन्ने दीर्घकालीन सोच लिएर सुखी नगरवासी, समृद्ध नगर भन्ने लक्ष्य लिएका छौं। लक्ष्यलाई हासिल गर्नका लागि निम्न उद्देश्यहरू लिइएको छ।

(१) शहरी पूर्वाधारहरूको विकास र विस्तार गर्नु।

(२) शिक्षा, स्वास्थ्य तथा पोषणको विकास गरी नगरवासीहरूको जीवनमा गुणात्मक सुधार गर्नु।

(३) लैङ्गिक तथा सामाजिक समावेशीकरणको विकास गर्नु।

(४) सुशासन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

(५) कृषि, पशु, सहकारी, रोजगारी र पर्यटनको विकास गरी आर्थिक वृद्धि गर्न सहयोग पुऱ्याउनु।

(६) पिछडिएको वर्ग तथा समुदायको लागि सामाजिक न्यायसहितको आर्थिक विकास गर्नु।

(७) वन तथा वातावरण संरक्षण गर्नु र विपद व्यवस्थापनलाई सक्षम र प्रभावकारी बनाउनु।

(८) विभिन्न समुदायको भाषा, कला, साहित्य तथा संस्कृतिलाई प्रवर्द्धन गर्नु।

अपेक्षित उपलब्धिहरू :

दशौं नगरसभाबाट स्वीकृत वार्षिक नीति, बजेट तथा कार्यक्रम कार्यान्वयनबाट विभिन्न क्षेत्रगत उपलब्धिहरु हासिल भई महानगरको समग्र आर्थिक तथा सामाजिक विकास र स्थानीय सुशासनको प्रवर्द्धन हुने अपेक्षा गरिएको छ ।

२.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरू

नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, संविधानको अनुसूची - ८ (स्थानीय तहको अधिकार सूची) र अनुसूची - ९ (संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची), दीर्घकालीन सोच, पन्ध्रौं योजना, प्रथम आवधिक योजना प्रदेश नं. १, दिगो विकासको लक्ष्य, संघीय तथा प्रदेश नं. १ सरकारका मार्गनिर्देशनहरु, स्थानीय सरकार सञ्चालन ऐन, सुशासन ऐन/नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लगायत विकासका अन्तरसम्बन्धित विषयहरू र हाम्रा प्रतिबद्धताहरू, एवम् नगरबासीको माग र आवश्यकता, स्रोत साधनको उपलब्धता, विगतका असल अभ्यास र सिकाइहरु, सरोकारवालाबाट प्राप्त सुझावहरूलाई आधार मानिएको छ ।

आ. व. २०७९/०८० को क्षेत्रगत नीति तथा आधारहरू :

आर्थिक विकास क्षेत्र

कृषि

१. प्राङ्गारिक कृषि खेतीतर्फ आकर्षित गर्न माटो सुधारका लागि कृषि चुन तथा जिंक उपलब्ध गराई माटोको गुणस्तर सुधार गरिँदै लगिनेछ।

२. कृषकहरुलाई धान, गहुँ, मकैको गुणस्तरीय बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराई कृषि उपज उत्पादन वृद्धिमा जोड दिइनेछ ।

३. शहरी कृषि, कौसी तरकारी खेती, करेसाबारी, पुष्पखेती कार्यक्रम प्रबर्द्धन गरिनेछ ।

४. खाद्य लगायतका कृषि उत्पादनमा आत्मनिर्भरताका लागि प्राविधिक उपयुक्तताको आधारमा सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।

५. कृषि उपज बजार ऐन जारी गरी कृषि उपज बजारीकरणलाई सहजीकरण र नियमन गरिनेछ।

६. कृषि क्षेत्रमा हुने विभिन्न रोग, कीरा, विपदबाट हुने क्षती तथा जोखिम न्यूनीकरण गर्न महानगरका विभिन्न स्थानमा बाली उपचार शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

७. प्लाष्टिक टनेल, नेटजाली, हाईटेक टनेल, तथा प्लाष्टीक मल्चिङ्ग विधिबाट बेमौसमी तरकारी खेती उत्पादन वृद्धि गरी बजार मागलाई आपूर्ति गरिनेछ।

८. पकेट कार्यक्रममार्फत चक्लावन्दी खेती र सामूहिक खेती प्रणालीलाई प्राथमिकता दिई कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ, कृषि परामर्श तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ।

पशुपंक्षी/ भेटेरिनरी

९. पशु उपचार केन्द्रहरु स्थापना गरी नजिकबाट सेवा पाउनेगरी पशुसेवा विस्तार गरिनेछ।

१०. पशु पालनको विशेष क्षेत्र पहिचान गरी निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

११. व्यावसायिक पशुपालनमा युवा आकर्षित गर्न फर्म तथा समूहलाई प्राथमिकता दिँदै उन्नत जातको बीउ बोका वितरण तथा उन्नत जातको घाँस खेती गर्न प्रोत्साहित गरिनेछ।

१२. स्वस्थकर र ताजा मासु उपलब्धतालाई सुनिश्चित गर्न नियमित बजार अनुगमनमा जोड दिइनेछ। मापदण्ड लागू गरी मासु उत्पादन र बिक्री वितरण व्यवस्थित गरिनेछ।

१३. सामुदायिक तथा घरपालुवा कुकुरहरुलाई रेबिजविरुद्धको खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४. पशुपंक्षीजन्य महामारी तथा सरुवा रोग नियन्त्रणका लागि प्रभावकारी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५. उन्नत पशुपालनमा जोड दिँदै कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार गरी दूध उत्पादन र उत्पादकत्वमा उल्लेखनीय वृद्धि गरिनेछ।

१६. निर्माणाधिन रहेको पशुबधशालाको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

सहकारी

१७. आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशीलता, उत्पादन र रोजगारीसँग आबद्ध गरिनेछ।

१८. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सहकारी संस्थालाई समुदायमा आधारित र सदस्य केन्द्रित बनाउन पहल गरिनेछ।

१९. सहकारीलाई विपन्न समुदायसम्म विस्तार गरी महिला तथा सीमान्तकृत वर्गमा समेत सहकारीको पहुँच सुनिश्चित गर्दै कम्तिमा *एक घर एक सदस्य*को नीति अबलम्बन गरिनेछ ।

२०. सहकारी प्रवर्द्धन र नियमनमा संलग्न सबै निकायहरुसँग कार्यमूलक समन्वय कायम गर्दै सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन कार्यलाई निरन्तरता दिइनेछ।

२१. सहकारी संस्थामा स्वनियमनलाई सुदृढ तुल्याउँदै यस क्षेत्रबाट परिचालन हुने बचत तथा ऋणको सुरक्षाको लागि नीतिगत र संस्थागत प्रबन्धलाई मजबुत तुल्याइनेछ।

२२. सहकारी संस्थाहरुको एकीकरण कार्यलाई विशेष प्राथमिकता दिँदै *सबल सहकारी संस्था : प्रभावकारी सेवा व्यवस्था* नीति लागू गरिनेछ।

पर्यटन

२३. सार्वजनिक-निजी साझेदारीमा विराटनगर महानगरपालिकाको पर्यटन गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ।

२४. स्थानीय भाषा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पादनको प्रवर्द्धन गरी पर्यटन उद्यमशीलताको विकास गरिनेछ।

२५. मनोरञ्जन र पारिवारिकयुक्त सामुदायिक पार्क निर्माणमा प्राथमिकता दिइनेछ।

२६. पर्यटन उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

२७. संघीय तथा प्रदेश सरकार र अन्तर्राष्ट्रिय विकास साझेदारहरुको सहयोग र सहकार्यमा ऐतिहासिक र पुरातात्विक विराटराजाको दरबार रहेको विराटनगरको भेडियारी क्षेत्रलाई समुचित विकास गर्दै पर्यटन केन्द्रको विकास गरिनेछ।

२८. महानगर क्षेत्रभित्र एक औद्योगिक र राजनैतिक संग्राहलय निर्माणका लागि सम्भाव्यताको अध्ययन गरिनेछ।

२९. विराटनगरलाई विश्वभर चिनाउन र पर्यटन प्रवर्द्धन गर्न ल्याण्डमार्क (Symbol of Biratnagar) को पहिचान गरी निर्माण गरिनेछ।

उपभोक्ता हित संरक्षण

३०. विराटनगर महानगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ लाई समयानुकूल संशोधन गरी बजार अनुगमनलाई प्रभावकारी र चुस्त बनाइनेछ।

३१. 'जागरुक उपभोक्ताको शहर: विराटनगर महानगर' को नीतिलाई निरन्तरता दिइनेछ।

३२. उपभोक्ता हितसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गरिनेछ।

उद्यमशीलता, उद्योग र रोजगार

३३. युवा उद्यमशीलता विकासको लागि मागमा आधारित सीप विकास तालिम सञ्चालन गरिनेछ।

३४. वैदेशिक रोजगारीबाट फर्केका युवाको ज्ञान, सीप, पूँजीलाई उद्यमशीलतामा आवद्ध गरी रोजगारी र स्वरोजगारी अभिवृद्धि गरिनेछ।

३५. स्थानीय साधन, स्रोत, पूँजी, प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन सहजीकरण गर्न औद्योगिक ग्राम स्थापना गरिनेछ।

३६. स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्न कोशेलीघर सञ्चालनमा ल्याइनेछ।

३७. न्यूनतम रोजगारीको प्रत्याभूति गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमका साथै महानगरपालिकाको विकास निर्माण कार्यलाई समेत स्थानीय रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ।

सामाजिक विकास क्षेत्र

स्वास्थ्य

३८. *"छोरी बचाऊ, छोरी पढाऊ"* कार्यक्रम/पहिलो र दोस्रो सन्तान छोरी जन्माउने आमाहरुलाई प्रोत्साहन बापत उपलब्ध गराउँदै आएको रकमलाई निरन्तरता दिइनेछ।

३९. गर्भवती तथा सुत्केरी महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकलाई अस्पतालसम्म सहज पहुँचका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइनेछ।

४०. कोभिड-१९ संक्रमण जस्ता माहामारीजन्य सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी समुदायस्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४१. महानगरवासीको स्वास्थ्य सुधारका निमित्त एलोपैथिक मेडिसिनसँगै वैकल्पिक चिकित्साको रुपमा आयुर्वेद सेवाको विकास, विस्तार र सुदृढीकरण गर्दै लगिनेछ ।

४२. आमनागरिकको आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचका लागि सम्पूर्ण वडामा सञ्चालनमा रहेका आभारभूत स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण तथा सेवा विस्तार गर्दै लगिनेछ ।

४३. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमअन्तर्गत महानगरका विभिन्न स्थानहरुमा स्वास्थ्य शिविरहरु सञ्चालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी समुदायमा पुनर्स्थापनाका लागि सीपमूलक तालिमहरु सञ्चालनमा ल्याइनेछ।

४४. मातृ तथा बाल मृत्युदर कम गर्न र जन्मजात अपाङ्गतालाई समयमै पहिचान गर्न, महानगरका सम्पूर्ण वडामा गर्भवतीहरुका लागि निःशुल्क भिडियो एक्स-रे सेवा सञ्चालनमा ल्याइनेछ।

४५. महानगरवासीलाई सहज स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यले सम्भाव्य स्थानमा फिजियोथेरापी सेवा सुरु गरिनेछ।

४६. महानगरपालिकाले आफ्नै एम्बुलेन्स र शववाहन व्यवस्था गरी सञ्चालनमा ल्याइनेछ।

४७. महानगरपालिकाका विभिन्न स्थानहरुमा सर्ने तथा नसर्ने रोगहरुको समयमै पहिचानका लागि स्वास्थ्य शिविरहरु सञ्चालनमा ल्याइनेछ।

४८. महिलाहरुको प्रजनन् स्वास्थ्य तथा बालबालिकाहरुको स्वास्थ्य सुधारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

४९. स्तनपायी आमाहरुको सहजताको लागि महानगरका उपयुक्त स्थानहरुमा स्तनपानकक्षको निर्माण गरिनेछ।

५०. प्राथमिक स्वास्थ्य केन्द्र रानीलाई स्तरोन्नती गरी १५ शैय्याको अस्पताल सञ्चालनमा ल्याउन सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

५१. महानगर क्षेत्रभित्र मेट्रो सिटी अस्पताल सञ्चालनमा ल्याउनका लागि सम्भाव्यता अध्ययन, जग्गा व्यवस्थापन तथा डिजाइन नक्सा निर्माण जस्ता कार्यहरु गरिनेछ।

५२. शहरी स्वास्थ्य पूर्वाधार सुधार गर्दै लगिनेछ।

५३. ६५ वर्षमाथिका ज्येष्ठ विपन्न नागरिकहरुको स्वास्थ्य बिमा गरिनेछ।

शिक्षा

५४. प्रारम्भिक बालविकास शिक्षालाई सबलीकृत गरी बालबालिकाको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चितका लागि आधार तयार गरिनेछ।

५५. विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा शतप्रतिशत भर्ना हुने व्यवस्था मिलाई अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गरिनेछ।

५६. प्रारम्भिक कक्षामा सिकाइ उपलब्धि वृद्धि गर्न पठन सीप विकास र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई थप प्रभावकारी बनाइनेछ।

५७. प्राविधिक शिक्षामा लक्षित वर्गको पहुँच वृद्धि गरी प्रविधिमा आधारित गुणस्तरीय जीवन उपयोगी शिक्षामा जोड दिइनेछ।

५८. न्यून पारिश्रमिक भएका विद्यालय कर्मचारी तथा बालविकास सहयोगी कार्यकर्तालाई दिइँदै आएको प्रोत्साहन पारिश्रमिकलाई निरन्तरता दिइनेछ।

५९. *एक वडा, एक नेतृत्व* विद्यालय कार्यक्रम कार्यान्वयन गरी आवश्यक सूचकका आधारमा पूर्वाधार विकास गरिनेछ।

६०. सार्वजनिक विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय पक्षमा निरन्तर सुधार गरी सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि गरिनेछ।

६१. कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन सहजीकरणका लागि सन्दर्भ सामग्रीको विकास गरिनेछ।

६२. आधारभूत तह कक्षा ६—८ तथा माध्यमिक तहका लागि गणित अङ्ग्रेजी र विज्ञान शिक्षक व्यवस्थापनका लागि महानगरपालिकाबाट दिइँदै आएको शिक्षण अनुदानलाई निरन्तरता दिइनेछ।

६३. सार्वजनिक विद्यालयमा सामाजिक लेखा परीक्षण तथा आर्थिक लेखा परीक्षणलाई अनिवार्य शर्तका रुपमा लागू गरिनेछ।

६४. सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षा व्यवस्थापन गर्न समावेशी शिक्षाको नमुनाका रुपमा आदर्श माध्यमिक विद्यालयलाई विकास गर्न अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको व्यवस्था मिलाइनेछ।

६५. विद्यालयलाई सिकाइ थलोका रुपमा विकास गर्न विषयगत समितिमार्फत शिक्षकको पेशागत विकास गरिनेछ।

६६. सुत्केरी विदामा बसेका महिला शिक्षक काममा नफर्किन्जेलसम्मका लागि सट्टा शिक्षकको व्यवस्थापन गरिनेछ।

६७. नगरस्तरीय शैक्षिक गतिविधिमा संस्थागत विद्यालयहरुको सहभागिता अभिवृद्धि गरिनेछ र संस्थागत विद्यालयलाई आवश्यक नियमन गरिनेछ ।

६८. विद्यालयस्तरीय शिक्षालाई गुणस्तरीय बनाउन सूचकमा आधारित अनुगमन, निरीक्षण र सुपरीवेक्षणको व्यवस्था गरिनेछ।

६९. विपद्को बेला शिक्षण सिकाइलाई बैकल्पिक माध्यमबाट निरन्तरता दिन सक्ने गरी आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ।

७०. महानगर बहुप्राविधिक शिक्षालय सञ्चालनका लागि विशेष अनुदान तथा महानगरपालिकाको आन्तरिक स्रोतबाट आवश्यक भौतिक पूर्वाधार विकास गरी सर्वसुलभ प्राविधिक शिक्षाको प्रबन्ध मिलाइनेछ।

७१. परम्परागत तथा धार्मिक विद्यालयहरुलाई शिक्षाको मूलधारमा समाहित गर्न व्यवस्थापन शिक्षण अनुदान उपलब्ध गराई प्रोत्साहित गरिनेछ।

७२. सामुदायिक सिकाइ केन्द्रहरुका माध्यमबाट अनौपचारिक, खुल्ला तथा निरन्तर सिकाइ कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७३. सामुदायिक सिकाइ केन्द्रलाई वडा कार्यालयबाट समेत नियमन हुनेगरी सामुदायिक पुस्तकालयका रुपमा विकास गरी निरन्तर शिक्षा र पठन संस्कृतिको विकासमा जोड दिइनेछ।

७४. विद्यालयमा विद्यार्थी, शिक्षक उपस्थिति र नियमित कक्षा सञ्चालनलाई विद्युतीय हाजिरी (E-Attendance) को व्यवस्था गरी विद्यालय सुशासनमा जोड दिइनेछ।

७५. शैक्षिक ज्ञान आदान प्रदान गर्न सामुदायिक विद्यालय र अन्तर्राष्ट्रिय विद्यालय वीच भगिनी सम्बन्ध कायम गरिनेछ।

युवा तथा खेलकुद

७६. महानगरका युवाहरुलाई विभिन्न क्रियाकलापमा सहभागी गराउन र युवाहरुको विकास गर्न वडागत रुपमा युवाक्लब गठन गरिनेछ।

७७. युवाहरुलागि उद्यमशीलता कार्यक्रम सञ्चालन गरी व्यावसायिक सोचको विकास गराइनेछ।

७८. युवाहरुमा सरकारी सेवाप्रतिको आकर्षण बढाइ योग्य राष्ट्रसेवक शिक्षक/कर्मचारी उत्पादन गर्न शिक्षक सेवा तथा लोकसेवा परीक्षा तयारी कक्षाहरु सञ्चालन गरिनेछ।

७९. महानगर क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।

८०. महानगरको व्यवस्थापनमा रहेको शहीद रंगशालाको उचित मर्मत सम्भार तथा संरक्षण गरिनेछ।

८१. विद्यालयमा खेलकुदका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकास गरी विद्यालयलाई खेलाडी उत्पादन गर्ने क्षेत्रका रुपमा विकास गरिनेछ।

८२. विभिन्न हिंसाबाट मुक्त राख्न तथा आफूलाई सुरक्षित महसुस गराउन किशोरी आत्मरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

८३. खेल क्षेत्रमा विशेष योगदान दिएका पूर्व खेलाडी तथा वर्तमान उत्कृष्ट खेलाडी सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८४. महानगरस्तरीय म्याराथन दौड प्रतियोगिता सञ्चालन गरिनेछ ।

८५. विभिन्न विधाका प्रशिक्षक व्यवस्थापन गरी विद्यालयका खेल शिक्षकको क्षमता विकास गरिनेछ।

८६. युवा लक्षित खुला तथा बन्द व्यायामशाला सञ्चालनमा ल्याइनेछ।

८७. ऐनद्वारा महानगर र वडा खेलकुद विकास समिति गठन गरी खेलकुद कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

महिला तथा बालबालिका

८८. महानगरको सडक पेटीमा देखिने असहाय तथा सहाराविहीन मानवलाई प्रदेश सरकार एवं सम्बन्धित निकायहरु समेतको समन्वय र सहकार्यमा उद्धार एवं पुनर्स्थापना गरिनेछ ।

८९. महानगरलाई लैंगिक हिंसा रहित आपसी सम्मानयुक्त समाज बनाउन सहयोगी संस्थाहरुको सहयोग र सहकार्यमा संचालित लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य योजनालाई निरतन्तरता दिइनेछ।

९०. लैंगिक हिंसा निवारण कोषको परिचालन गरी हिंसामा परेका प्रभावितहरुलाई कार्यविधिबमोजिम सहयोग उपलब्ध गराइनेछ।

९१. महिला उत्थान तथा सशक्तीकरणका लागि विभिन्न रोजगारमूलक सीपविकास तालिम र सचेतानामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

९२. महिला उत्थानका लागि गरिब तथा विपन्न महिला लक्षित विशेष योजना तयार गरी केन्द्र सरकार तथा राष्ट्रिय योजना आयोगसँग सहकार्यको लागि पहल गरिनेछ।

९३. बालमैत्री स्थानीय शासन प्रवर्द्धन एवं दिगोपनाका कार्यक्रमहरु नियमित सञ्चालन गर्दै वडा नं.१८ र १९ लाई बालमैत्री वडा घोषणा गर्न लक्षित कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

९४. महानगरको बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि बालअधिकार समितिको क्रियाशीलता र भूमिकालाई थप प्रभाकारी बनाइनेछ।

९५. बालबालिका तथा बाल अधिकार संरक्षण र सम्वर्द्धनसम्बन्धी आवश्यक निर्देशिका, कार्यविधि तथा रणनीति, कार्ययोजनाहरु निर्माण तथा परिमार्जन गरी लागू गरिनेछ।

९६. बाल उद्यान (Children Park) र खेल मैदानलाई नगरका सबै बालबालिकाहरुको पहुँच हुनेगरी निर्माण र व्यवस्थापन गर्दै लगिनेछ।

९७. नगर, वडा, विद्यालय, स्वास्थ्य व्यवस्थापन समितिलगायतका विभिन्न संरचनाहरुमा बाल क्लबको संस्थागत र अर्थपूर्ण प्रतिनिधित्व र सहभागितालाई प्रवर्द्धन एवं सूनिश्चिता गर्न पहल गरिनेछ।

९८. अपाङ्गता भएका (अटिजम, सुस्त मनस्थिति, अति अशक्त लगायत) बालबालिकाहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा सेवा सञ्चालन गरिनेछ।

९९. महानगरलाई नेपाल सरकारको नीति तथा लक्ष्यबमोजिम सडक बालबालिका, बालश्रम र बाल विवाह निवारण गर्ने कार्यहरुलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१००. लागूपदार्थ दुर्व्यसन, साइबर अपराध, लैङ्गिक हिंसा र बाल विवाहबाट बालबालिकाहरुलाई हुने सम्भावित जोखिमबाट बचाउन जिल्ला प्रहरी कार्यालय, बाल क्लब, विद्यालयसँगको सहकार्यमा विद्यालय तथा समुदायस्तरबाटै सचेतना अभियान संचानल गरिनेछ।

१०१. विभिन्न कारणले मनोसामाजिक समस्यामा परेका बालबालिका तथा प्रभावित व्यक्तिहरुलाई मनोविमर्शकर्ताबाट परामर्श सेवा उपलब्ध गराइनेछ।

१०२. बालबालिकाहरुको क्षमता विकासको लागि विभिन्न तालिम र कार्यक्रममा सहभागिता अभिवृद्धि गरिनेछ।

१०३. महिलाहरुलाई आर्थिक रुपले सशक्त बनाउन उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

ज्येष्ठ नागरिक

१०४. ज्येष्ठ नागरिकहरुलाई अनुभवी र परिपक्व नागरिकका रुपमा सम्मान र सद्भाव अभिवृद्धि गर्दै ज्येष्ठ नागरिकमा रहेको अनुभव, ज्ञान, सीपलाई अन्तरपुस्तामा हस्तान्तरण गर्ने परिपाटीको सुरुवात गरिनेछ।

१०५. अलपत्र परेका असहाय, घरबार र छोराछोरीविहीन ज्येष्ठ नागरिकहरुलाई प्रत्यक्ष सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०६. ज्येष्ठ नागकरिक माथि हुने हिंसा र दुर्व्यवहार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ।

१०७. सम्मानजनक जीवनयापन गर्ने वातावरणको सिर्जना गर्न ज्येष्ठ नागरिक दिवस, ज्येष्ठ नागरिक पुस्तकालय, पत्रपत्रिका, दिवासेवा केन्द्र भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

अपाङ्गता

१०८. अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र योजनाबद्ध र सर्वसुलभ ढंगले वितरण गर्ने कार्यलाई अगाडि बढाइनेछ। आवश्यकताअनुसार घुम्ती शिविर सञ्चालन गरिनेछ।

१०९. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सुनिश्चित गर्न तथा सहज जीवनयापन गर्न मद्दत पुऱ्याउने अभिप्रायले अभिभावकहरुका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

पञ्जीकरण तथा सामाजिक सुरक्षा

११०. सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण प्रविधिमैत्री बनाउनुका साथै भत्ता रकम समयमै सर्वसुलभ र सरल ढंगले वितरण गर्ने व्यवस्था मिलाइनेछ। जनप्रतिनिधि, बैंक तथा वित्तीय संस्थाहरुलाई लाभग्राही नागरिकहरुको नजिक पुर्याइने खालका कार्यक्रम ल्याइनेछ।

१११. हस्तलिखित व्यक्तिगत घटना दर्ता किताबलाई प्रणालीमा प्रविष्टि गरी डिजिटल अभिलेख विधि लागू गरिनेछ ।

११२. नेपाल सरकारको सन् २०२४ सम्ममा व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा गर्ने अभियान सफल बनाउन महानगरभित्र सघनरुपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

गैर सरकारी संस्था तथा सामुदायिक विकास

११३. नगर क्षेत्रभित्रका आदिवासी, जनजाति, मधेसी, पिछडावर्ग, दलित, अल्पसंख्यक वर्गहरुको सहभागिता र सहकार्यमा सबैको सांस्कृतिक पहिचानका लागि सबै भाषा, धर्म, कला, साहित्य एवं संस्कृतिको जगेर्ना, संरक्षण तथा प्रवर्द्धन गर्दै **विविधता बीचको एकता** बलियो बनाइनेछ।

११४. प्रजातान्त्रिक योद्धाहरुलाई सम्मान स्वरुप मासिक भत्ता उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

११५. नगर क्षेत्रभित्र भएका सबै धार्मिक आस्थाका केन्द्रहरुको पूर्वचित्र र वृत्तचित्र तयार गरिनेछ।

११६. महानगरपालिकामा कार्यरत गैर सरकारी संस्थाहरुको क्षमता विकास गरिनेछ।

११७. विराटनगर जन्मस्थल भई हाल देश विदेशमा रही बसोबास गर्ने व्यक्ति तथा परिवारहरुलाई सामाजिक सञ्जालको माध्यमबाट विभिन्न सामाजिक विकासका कार्यमा सहभागी गरिनेछ ।

११८. महानगरपालिका क्षेत्रभित्र रहेका असल नागरिक सम्मान अभियानअन्तर्गत सम्मान र प्रवर्द्धन गरिनेछ।

११९. विराटनगर वडा नं. २, बजरंगबली मन्दिर, वडा नं. १४ स्थित ऐतिहासिक बाबा वाणेश्वरनाथ शिव मन्दिर तथा रानीमाई मन्दिरको गुरुयोजनाका आधारमा मन्दिरको भौतिक संरचना निर्माण गरिनेछ।

१२०. महानगरपालिका क्षेत्रभित्र रहेका गैर सरकारी संस्थाहरुसँग कार्यगत एकता कायम गरी स्रोतको दुरुपयोग र दोहोरोपन हटाई कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी र अर्थपूर्ण बनाइनेछ।

१२१. महानगरपालिका क्षेत्रभित्रका बसोवास गर्ने सबै सुकुम्वासीहरुको तथ्यांक तयार गरी महानगर सुकुम्वासी परिवार परिचयपत्र जारी गरिनेछ।

१२२. महानगरपालिकाको पश्चिमतर्फ वडा नं. ५ वा ६ मा आधुनिक तथा सुविधा सम्पन्न अन्त्येष्टि स्थलको रुपमा विकास, निर्माण तथा सञ्चालन गरिनेछ, वडा नं. १ वा ७ मा रहेको घाटमा विद्युतीय अन्त्येष्टि शवदाह गृह साझेदारीमा निर्माण गरिनेछ।

१२३. नेपालकै कला, संस्कृति, नाटक तथा नाटक एकेडमीका रुपमा विकास गर्न महानगरपालिकाको सहयोगमा निर्मित आरोहण गुरुकुललाई सञ्चालन सहयोग गरिनेछ।

१२४. महानगरपालिकालाई सडक आश्रित मानवरहित महानगरपालिका घोषणा गर्दै त्यस्ता नागरिकहरुको जीविकोपार्जनका लागि मानवसेवा आश्रमसंग समन्वय गरी केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ। प्रदेश सरकार र सरोकारवाला निकायको समन्वय र सहकार्यमा उद्दार, पारिवारिक पुनर्मिलन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१२५. विराटनगरबाट प्रतिनिधित्व गर्दै नेपालको प्रधानमन्त्रीसमेत हुनुभएका सम्मानित व्यक्तिहरुको सम्झना र उहाँहरुको जीवनीसहितको अभिलेखहरुलाई संरक्षण गर्न **मिनी संग्रहालय**सहितको एक प्रधानमन्त्री पार्क निर्माण गरिनेछ।

१२६. *'जसको कोही छैन त्यसको साथमा स्थानीय सरकार छ'* भन्ने सोचका साथ शवबाहन र निःशुल्क दाउराको व्यवस्था गरी बेवारिसे शव घाटसम्म पुऱ्याउने र अन्त्येष्टि गराइनेछ।

१२७. विराटनगर महानगरपालिकामा बसोवास गर्ने सबै सुकुम्वासीहरुको तथ्यांक संकलन गरी अभिलेख तयार गरी महानगर सुकुम्वासी परिचयपत्र वितरण गर्ने साथै अन्यन्त कष्टकर जीवन निर्वाह गरिरहेका त्यस्ता सुकुम्वासी परिवारहरुको हितको लागि साझेदारीमा आवास निर्माणसहित अन्य विशेष कार्यक्रम सञ्चालन गरी सेवा व्यवस्थापन गरिनेछ।

१२८. महानगरका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त महत्वपूर्ण व्यक्तिहरुको अभिलेख व्यवस्थापन गरिनेछ।

पूर्वाधार विकास क्षेत्र

भू-उपयोग तथा बस्ती विकास

१२९. महानगर आवास कार्यक्रम अन्तर्गत संचालित वडा नं. १९,५ र १२ को परियोजनालाई निरन्तरता दिइनेछ।

१३०. महानगर क्षेत्रभित्र रहेका सिंघिया खोला छेउमा बस्ने अति जोखिम एवं कष्टकर जीवन निर्वाह गरिरहेका सुकुम्वासी परिवारहरुलाई महानगर आवास कार्यक्रमअन्तर्गत एकीकृत आवास कार्यक्रम सञ्चालन गरिनेछ।

१३१. राष्ट्रिय भू-उपयोग नीति २०७२, भूउपयोग ऐन २०७६, भूउपयोग नियमावली २०७९ तथा विराटनगर महानगरपालिकाको भूउपयोग कार्यविधि २०७७ बमोजिम भू-उपयोग तथा बस्ती विकासका कार्यक्रम लागू गरिनेछ।

१३२. *'एक वडा, एक पार्क'*को अवधारणा अनुरुप विराटनगर महानगरपालिकाको प्रत्येक वडामा संभावित स्थलको अध्ययन गरी डिजाइन Model तयार गर्ने, पुराना पार्कहरुको रेकर्ड राख्ने तथा व्यायामस्थलसहितको एउटा नमुना पार्क निर्माण गरिनेछ।

१३३. महानगर क्षेत्रमा बढ्दो सवारी पार्किङ समस्या रहेका क्षेत्रहरुको पहिचान गरी दीर्घकालीन समाधानका लागि डिजाइन तथा मास्टरप्लान तयार गरी **एउटा नुमना स्मार्ट पार्किङ जडान**सहित आवश्यक पार्किङस्थल व्यवस्थापन गरिनेछ।

१३४. आधारभूत आवास योजनाका लागि स्थान पहिचान गरी कार्यान्वयन गरिनेछ।

१३५. संघीय तथा प्रदेश सरकार र अन्तर्राष्ट्रिय विकास साझेदारको सहयोग जुटाई सिंघिया र केशलिया खोलाको छेउबाट हरियाली प्रवर्द्धन सहितको करिडोर सडक निर्माण गरिनेछ। त्यहाँ रहेका जोखिमपूर्ण सुकुम्वासीहरुको उपयुक्त व्यवस्थापन गरिनेछ।

१३६. Land Pooling आयोजना बारेमा आवश्यक सम्भाव्यता अध्ययन गरी कार्यान्वयन आवश्यक कानुन र कार्यविधि बनाइनेछ।

१३७. राष्ट्रिय भू-उपयोग नीतिअनुरुप महानगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१३८. मापदण्ड बिना विकास भएका घडेरीमा घर बनाउने घरधनीहरुलाई महानगरपालिकाबाट नक्सापास एवं घरजग्गा करमा दिइदै आएको सहुलियत कार्यलाई निरुत्साहित बनाइनेछ ।

भवन निर्माण इजाजत तथा भवनसंहिता

१३९. राष्ट्रिय भवनसंहिताबमोजिम भूकम्प प्रतिरोधी भवन निर्माण गर्न घरनक्सा पास सहज बनाउँदै घरनक्सा इजाजत अनलाइनबाट गर्ने तथा पुराना फाइलहरुलाई Archive गरी डिजिटाइज गरिनेछ।

१४०. प्रत्यक्ष भवन निर्माणसँग सम्बन्धित सूचीकृत डिजाइनर तथा महानगरमा कार्यरत प्राविधिकहरुलाई भवन निर्माण मापदण्डसम्बन्धी तालिम प्रदान गरी सुरक्षित भवन निर्माणमा जोड दिइनेछ।

१४१. भवनहरुको सवलता, सुरक्षा र जोखिम न्यूनीकरण गर्न प्रचलित भवन निर्माणसम्बन्धी मापदण्डहरु समयअनुकूल पारिनेछ।

१४२. राष्ट्रिय भवनसंहिता तथा पूर्वाधार निर्माण मापदण्डको कडाइका साथ कार्यान्वयन गरिनेछ।

पूर्वाधार विकास

१४३. यस महानगरपालिकामा अन्तर्राष्ट्रियस्तरको स्टेडियम, स्मार्ट सिटी, नगर विकास, फोहरमैला, व्यवस्थापनलगायतका पूर्वाधार परियोजनाहरु निजी क्षेत्रको सहभागितामा अघि बढाइनेछ । उक्त परियोजनाहरुको अध्ययन, लगानीलगायतका कार्यमा नेपाल ईन्फ्रास्ट्रक्चर बैंक, नगर विकास कोष जस्ता संस्थाहरुसँग सहकार्य गरिनेछ।

१४४. विराटनगरको ऐतिहासिक गरिमा र पूर्वाधारका हिसावले गर्व गर्न लायक प्रादेशिक राजधानीका रुपमा विकास गर्ने जनचाहना बमोजिम विविध क्षेत्रगत गुरुयोजना (Sectoral Master Plan) सहितको आयोजना बैंक (Project Bank) तयार गरिनेछ । उक्त योजनाको आधारमा राष्ट्रिय अन्तर्राष्ट्रिय एवं दातृ निकायको सहयोग परिचालन गरिनेछ।

१४५. महानगरको आर्थिक विकासका लागि अत्यावश्यक विशेष आर्थिक क्षेत्र, प्रादेशिक बसपार्कसहित अन्य ट्रान्सपोर्टका लजिष्टिकहरु, हवाई मैदान विस्तार, रिङरोड, वाईपास सडक, रंगशाला, संग्रहालय जस्ता आन्तरिक श्रोतबाट मात्र सञ्चालन गर्न नसकिने योजनाहरु सहयोगी र साझेदार संस्थाहरुको सहयोगमा कार्यान्वयनमा ल्याउन थप पहल गरिनेछ।

१४६. सार्वजनिक-निजी साझेदारीको अवधारणबमोजिम निजी क्षेत्रमा रहेको पूँजीलाई समेत नगर निर्माणमा आकर्षित गरी कृषि तथा औद्योगिक प्रदर्शनीस्थल निर्माण, वडा नं ९, गुद्री स्थित ई-प्लट मा पार्किङसहितको बहुउपयोगी व्यावसायिक भवन निर्माण, सवारी साधन पार्किङ तथा हरियाली प्रवर्द्धन लगायतमा परिचालन गर्ने कार्यलाई अझ गति दिइनेछ।

१४७. सडकको दिगोपन वृद्धिका लागि रिङरोड, कोशी राजमार्ग र बाइपास सडकबाहेक अन्य सडकमा ठूला सवारी साधनबाट मालसामान ढुवानी गर्ने कार्य रोक्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ।

१४८. वडास्तरीय योजनाहरुमार्फत न्यूनतम् भौतिक पूर्वाधारहरु विस्तार गर्दै लगिनेछ भने नगरस्तरीय योजनाहरुमार्फत नगरका मुख्य भौतिक पूर्वाधारहरु निर्माण गर्दै सुरक्षित र विकसित आवास क्षेत्रको रुपमा विकसित गरिनेछ।

१४९. निर्माण सम्पन्न भएका भौतिक संरचनाहरुको दिगोपनाका लागि यथाशीघ्र मर्मत साम्हार गर्न "Mobile Infrastructure Ambulance" को अवधारणामा कार्य गर्ने व्यवस्था मिलाइने छ।

१५०. कार्यालयको सुविधा सम्पन्न र आधुनिक प्रशासनिक भवन निर्माण कार्यतालिका बमोजिम गर्दै लगिनेछ।

१५१. पूर्वाधार निर्माणमा गुणस्तर कायम गराउन निर्माण गुणस्तर चेकजाँचको व्यवस्था मिलाइनेछ।

१५२. दिगो र भरपर्दो रुपमा फोहोरपानी प्रशोधन केन्द्र र ढल प्रणाली सञ्चालन गर्दै लगिनेछ।

१५३. बाढीपीडित र सुकुम्वासीहरुको पहिचान गरी एकीकृत बसोवासको प्रवन्ध मिलाउन सुरु गरिएको महानगर आवास योजनालाई थप प्रभावकारी बनाइनेछ।

१५४. जापान सरकारको सहयोगमा खानेपानी सुधारको परियोजना सञ्चालनमा ल्याइनेछ।

१५५. पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री, बालमैत्री र अपाङ्गमैत्री अवधारणा अंगिकार गरिनेछ।

१५६. Planning Permit नलिइकन जग्गा तथा घरघडेरी विकास गर्न प्रतिबन्ध लगाइनेछ।

१५७. नगर क्षेत्रभित्रका सडक, नाला निर्माण गर्दा सडक मापदण्डविपरीत निर्माण भएका संरचनाहरु हटाइने नीतिलाई निरन्तरता दिइनेछ।

१५८. नगर विकासलाई व्यवस्थित गर्न सडक, खानेपानी, विद्युत तथा दूरसंचार संस्थान जस्ता निकायहरुद्वारा यस नगरभित्र सञ्चालन गरिने विकास निर्माणका कार्यक्रमहरुलाई सम्बन्धित निकाय र महानगरबीच समन्वय कायम गरी सञ्चालन गर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ।

१५९. नगरको दिगो विकासका लागि लागत सहभागिता र सहभागितात्मक विकासको अवधारणा बमोजिम योजना छनौट, निर्माण, अनुगमन, सञ्चालन र मर्मतसम्हारसमेतमा स्थानीय सरोकारवाला उपभोक्ताहरुको सार्थक सहभागिता जुटाउने कार्यलाई थप व्यवस्थित गरिनेछ।

१६०. पूर्वाधार विकासको दृष्टिले पछाडि परेको नगरको पश्चिम दक्षिण क्षेत्रमा सडक नाला, खानेपानी आयोजना निर्माण र डुबानको समस्या समाधानसहितको परियोजना सञ्चालन गर्न संघीय तथा प्रदेश सरकार र विकास साझेदारहरुसँग समन्वय गरिनेछ।

१६१. नगरका महत्वपूर्ण स्थानहरुमा सार्वजनिक शौचालय र शुद्ध पिउने पानीको प्रबन्ध गरिनेछ।

ऊर्जा

१६२. खाना पकाउने इन्धन दाउरा, गुइँठा, ग्याँसको सट्टामा गोबरग्याँस, सुधारिएको चुल्हो, इन्डक्सन चुल्हो जस्ता वैकल्पिक ऊर्जाको प्रयोगलाई उच्च प्रथमिकतामा राखिनेछ।

१६३. जैविक ऊर्जा र सौर्य ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको प्रवर्द्धन, विकास एवं विस्तार गरिनेछ।

१६४. विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतको पहुँच नपुगेका स्थानहरुमा विद्युत सेवाको विस्तार गरिनेछ।

१६५. बायोग्याँस तथा सुधारिएको चुल्हो जस्ता किफायती जैविक ऊर्जा प्रविधि र एल.पि. ग्याँसको प्रयोगलाई न्यूनीकरण गर्न विद्युतीय चुल्हो एवं उपकरणको प्रवर्द्धन तथा विस्तारका लागि पहल गरिनेछ।

वातवरण तथा विपद् व्यवस्थापन क्षेत्र

विपद् व्यवस्थापन

१६६. महानगरस्तरीय विपद् व्यवस्थापन सूचना प्रणाली विकास गरी राष्ट्रिय तथा प्रदेशस्तरीय सूचना प्रणालीसँग आवद्ध गरी व्यवस्थित गरिनेछ।

१६७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी भौगोलिक सूचना प्रणाली, पूर्वसूचना प्रणाली लगायतका प्रविधि हस्तान्तरणका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ।

१६८. महानगरपालिकाका नियमित विकास कार्यक्रम एवं योजना तयारी वा डिजाइन र कार्यान्वयन गर्नु पहिले बहुविपद् जोखिम र त्यसको सम्भावित परिणामको प्रक्षेपण गरी जोखिम न्यूनीकरणका उपयुक्त विधि अपनाउने नीति लिइनेछ।

१६९. विपद्को प्रकार, स्थान, सामाजिक तथा आर्थिक अवस्थालाई समेत दृष्टिगत गर्दै सञ्चार माध्यममार्फत् सूचनामूलक सन्देशहरू सम्प्रेषण गरी जनचेतना अभिवृद्धि गरिनेछ।

१७०. उच्च जोखिममा रहेका क्षेत्र लक्षित समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गरी समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गरिनेछ ।

१७१. सबै क्षेत्रका मौजुदा भौतिक संरचनामा रहेको अवशिष्ट जोखिम पहिचान र लेखाजोखा गरी जोखिम न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

१७२. महानगरभित्रका उद्योग, व्यापार व्यवसाय, शिक्षा, जनस्वास्थ्य र नगरवासीको जीविकोपार्जनमा पर्न सक्ने सम्भाव्य विपद्को असर न्यूनीकरण गरिनेछ।

१७३. विपद् संवेदनशीलता अनुरुप सार्वजनिक भौतिक संरचनाहरूलाई सबै वर्गको पहुँच सुनिश्चित गर्न अपाङ्ग एवं बालमैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

१७४. महानगरस्तरीय विपद् जोखिम न्यूनीकरण समूहको गठन गरी विपद् व्यवस्थापनमा युवा र सबै सरोकारवालाको सक्रिय सहभागिता बढाउने नीति अवलम्बन गरिनेछ।

१७५. स्थानीय र विश्वव्यापी रूपमा फैलिने महामारीजन्य विपद्को सामनाका लागि महानगरपालिकाबाट विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यस्तो अवस्था उत्पन्न भएमा प्रदेश र संघीय सरकारमार्फत् अन्तर्राष्ट्रिय जगतबाट प्राप्त हुने सहयोग परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

१७६. महानगरपालिका र छिमेकी स्थानीय तहमा समेत विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन स्वयंमसेवक **Quick Response Team** को गठन गरी क्षमता विकास गर्दै शीघ्र परिचालनको नीति अबलम्बन गरिनेछ।

१७७. विपद्का समयमा सुरक्षित आपतकालीन आश्रयस्थलको व्यवस्था सुनिश्चित गर्न खुल्ला क्षेत्रको पहिचान, संरक्षण र प्रयोगयोग्य बनाउने नीति लिइनेछ।

१७८. प्रभावकारी विपद् प्रतिकार्यका लागि आपतकालीन सामग्रीको भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने उद्धार तथा राहत सामग्री सञ्चय गरिनेछ।

१७९. नगरप्रहरीभित्र **खोज तथा उद्धार कार्यदल गठन** गरी क्षमता विकास एवं साधनसम्पन्न बनाउने नीति अवलम्बन गरिनेछ।

१८०. संघीय सरकार, प्रादेशिक सरकार एवं दातृ निकायको सहयोगमा सिंघिया र केशलिया खोलामा दुवैतर्फ तटबन्ध निर्माण गरी बाढी, डुबान र कटान नियन्त्रण गर्न विशेष पहल गरिनेछ।

वन, वातावरण तथा सरसफाई

१८१. फोहरमैला व्यवस्थापनका लागि अन्तिम विसर्जनस्थलको व्यवस्थापन आधुनिक प्रविधि Waste to Energy एवं Environmental friendly प्रविधिबाट गर्न विकास साझेदारहरुसँग साझेदारी गरिनेछ।

१८२. नगर क्षेत्रभित्र सरसफाईको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन समुदायमा आधारित फोहोर संकलन तथा व्यवस्थापन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

१८३. घरघरबाट निस्कने जैविक फोहरलाई कम्पोष्ट मल बनाउने विधिलाई अवलम्बन गरिनेछ।

१८४. अस्पतालजन्य फोहरमैला व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रलाई पूर्ण रुपले जिम्मेवार बनाइनेछ।

१८५. जथाभावी फोहोर फाल्ने कार्यलाई दण्डनीय बनाइनेछ।

१८६. हरियाली प्रवर्द्धन गर्न निजी क्षेत्र र अन्य सामाजिक संघ/संस्थाहरुको साझेदारीमा वृक्षारोपण गर्ने एवं विरुवा हुर्काउने अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ। सडक छेऊ र खोला किनारहरू एवं खालीजग्गामा वृक्षारोपण गर्ने, पार्क हरियाली निर्माण गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१८७. वातावरण प्रदूषण रोकथाम र नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१८८. वातावरणमैत्री सूचकको आधारमा वातावरणमैत्री टोल प्रवर्द्धन गरिनेछ।

१८९. जलवायु परिवर्तन अनुकूलनका उपायहरुलाई अबलम्वन गरिनेछ।

१९०. नेपाल सरकार र एशियाली विकास बैंकको सहयोगमा संचालित पहिलो र दोस्रो चरणको STIUEIP/RUDP परियोजनाहरुको सञ्चालन र कार्यान्वयनको सफलताबाट आर्जित पूर्वाधार विकासको थप लगानीको वातावरण अनुरुप विराटनगर वडा नं.१६ दरैयामा Waste to Energy अवधारणा (Concept) को एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण (ISWM) गरिनेछ।

सुशासन तथा संस्थागत विकास क्षेत्र

आर्थिक सुशासन

१९१. लेखा प्रणालीलाई भरपर्दो, छिटो छरितो, विश्वासिलो र पारदर्शी बनाउन Electronic Fund Transfer (EFT), Day Closing प्रणाली कार्यान्वयनमा ल्याइनेछ।

१९२. आ.व. २०७९।०८० लाई **बेरुजु फछ्र्यौट वर्ष** को रुपमा लिई बेरुजु रकमलाई न्यूनीकरण गरिनेछ।

१९३. वडाको सम्पूर्ण आर्थिक कारोबार वडा कार्यालयबाट नै सञ्चालन गर्न वडाहरुमा लेखा कर्मचारी व्यवस्थापन गरिनेछ।

१९४. आ.व. २०७९।०८० देखि लागू हुनेगरी नेपाल सरकारले वृद्धि गरेको कर्मचारीहरुको तलवमानलाई कायम गरी कर्मचारीहरुलाई प्रोत्साहन गर्न विगत वर्षदेखि प्रदान गरिदै आएको खाजा भत्ता र प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

१९५. विनियोजन कुशलता, कार्यान्वयन दक्षता र आर्थिक अनुशासनलाई आत्मसाथ गरी सार्वजनिक कोषको सहि सदुपयोग गरिनेछ।

१९६. वडाहरुको सन्तुलित विकासका लागि राष्ट्रिय योजना आयोगबाट निर्धारित ढाँचा र सूचाकाङ्कको आधारमा बजेट विनियोजन गरिनेछ।

१९७. पञ्चवर्षीय आवधिक योजना र मध्यकालीन खर्च संरचना तर्जुमा गरी लागू गरिनेछ।

सामान्य प्रशासन

१९८. महानगरका नीति तथा कार्यक्रम तर्जुमा गर्दा सरोकारवालाहरुलाई सहभागी गराउने नीति अवलम्बन लिइनेछ।

१९९. महानगरपालिकाको कार्यविभाजन नियमावली २०७४ र कार्य सम्पादन नियमावली २०७४ लाई समयानुकूल परिमार्जन तथा संशोधन गरी कार्यान्वयन गरिनेछ।

२००. कार्यालय र अन्तर्गतका वडा कार्यालयहरूमा नागरिक बडापत्रलाई समयसापेक्ष अद्यावधिक गरिनेछ। बडापत्रलाई डिजिटलाइज गरिँदै लगिनेछ।

२०१. महानगरपालिकाबाट प्रवाह हुने सेवा सम्बन्धमा सेवाग्राहीहरूको गुनासो, उजुरी यथाशीघ्र सम्बोधन गरिनेछ, सेवाग्राही सन्तुष्टि सर्भेक्षण गरिनेछ, सामाजिक तथा सार्वजनिक परीक्षण एवम् सार्वजनिक सुनुवाइलाई अनिवार्य गर्दै प्रशासनलाई जनउत्तरदायी बनाइनेछ।

२०२. वडा कार्यालयमा अधिकार प्रत्यायोजन गरी वडालाई जिम्मेवार बनाउँदै आयोजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियालाई छिटोछरितो र प्रभावकारी बनाइनेछ।

२०३. अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नगरहरूसँग भगिनी सम्बन्ध विस्तार गरी नयाँ प्रविधि, सोच, नवीन सिकाइहरू, विकासका मोडल तथा असल अभ्यासहरूको आदानप्रदान र सहकार्य गरिनेछ।

२०४. महानगरपालिकाको काम, कर्तव्य र अधिकार क्षेत्रलाई सम्बोधन गर्नेगरी कार्यालयको व्यवस्थापन र सर्भेक्षण (O&M) गरी समयसापेक्ष एवम् वैज्ञानिक सांगठनिक संरचना बनाइनेछ।

२०५. भ्रष्टचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ। यसका लागि नीतिगत, संस्थागत, संरचनागत र व्यवहारगत पक्षमा रहेका विद्यमान समस्याहरुको विश्लेषण गरी आवश्यक कदमहरु अवलम्बन गरिनेछ।

२०६. कर्मचारीहरूको पेशागत सुरक्षाको सुनिश्चितता गर्दै कार्यसम्पादनलाई उच्च बनाउँदै कार्य दक्षता अभिवृद्धि गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ, मौद्रिक र गैर मौद्रिक उत्प्रेरणका विधिहरु लागू गरिनेछ।

२०७. सेवा प्रवाहमा सकरात्मक परिवर्तनका लागि कर्मचारीहरूको पेशागत स्थायित्व एवम् वृत्ति विकास र स्वेच्छिक अवकाश जस्ता कार्यहरूलाई संघ तथा प्रदेश कानूनका आधारमा स्थानीय कानुन बनाई कार्यान्वयन गरिनेछ।

२०८. कार्यालय परिसरमा पान, गुट्खा, खैनीलगायतका सुर्तीजन्य पदार्थको प्रयोग गर्नेलाई कडाईका साथ दण्ड जरिवाना गरिनेछ।

२०९. कार्यसम्पादन सम्झौता लागू गरी प्रशासनलाई उत्तरदायी र नतिजामुखी बनाइनेछ साथै कार्यसम्पादनका आधारमा पुरस्कार तथा दण्ड सजायको व्यवस्था लागू गरिनेछ।

२१०. अपाङ्गता भएका र ज्येष्ठ नागरिकहरुलाई सेवा प्रवाहमा सहजता ल्याउन कार्यालय परिसरभित्र प्रतिक्षालयको व्यवस्था गरिनेछ।

राजस्व प्रशासन सुधार

२११. सम्बन्धित सरोकारवालाहरुसँगको राय सल्लाह, सुझावलाई मनन गरी करका दरहरु घटाई करका दायराहरु फराकिलो पारिनेछ। आन्तरिक आय वृद्धि गर्नका लागि राजस्व सुधार योजना निर्माण गरी २०७९ साललाई **आन्तरिक राजश्व अभिवृद्धि** वर्षको रुपमा लिइनेछ।

२१२. वडा कार्यालयको अगुवाई टोल विकास संस्थाहरुसँगको समन्वय र सहकार्यमा करदाता शिक्षा अभियान स्वयंसेवक परिचालन गरी सबै नगरवासीलाई करलाई बोझको रुपमा होइन अवसरको रुपमा लिउँ भनी भित्रैदेखि कर तिरौं भन्ने भावनाको विकास गराउन घरदैलो अभियान सञ्चालन गरी आन्तरिक राजश्व वृद्धि गरिनेछ।

२१३. आन्तरिक राजस्व छली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ।

२१४. घर तथा व्यवसाय सञ्चालन स्थानबाट नै अनलाइनको माध्यमबाट कर तथा राजस्व तिर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न प्राविधिक जनशक्तिको व्यवस्थापन गरिनेछ।

२१५. स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालको माध्यमबाट करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

२१६. कर करले हैन रहरले तिरौं भनी नियमित रुपमा कर तथा राजस्व बुझाई आन्तरिक आय वृद्धि गर्न सहयोग गर्ने उत्कृष्ट करदातालाई सम्मान गर्ने परिपाटीको सुरुवात गरिनेछ।

२१७. कर्मचारीहरुको क्षमता विकास तालिमको व्यवस्था गरी आन्तरिक आय वृद्धि गरिनेछ साथै आन्तरिक आय वृद्धिका लागि कर अभियान सञ्चालन गर्ने वडालाई प्रोत्साहन गरिनेछ।

२१८. राजस्व प्रशासनलाई थप प्रभावकारी र सरलीकृत गर्नका लागि ऐन कानुनहरु तर्जुमा गरिनेछ साथै करदाताहरुको Profile तयार गरिनेछ।

२१९. राजस्व प्रशासनलाई थप प्रविधिमैत्री बनाउँदै लैजान पुराना अभिलेखलाई डिजिटाइज गरिनेछ।

सूचना तथा सञ्चार प्रविधि

२२०. स्थानीय पत्रपत्रिका, टेलिभिजन, एफ.एम. रेडियो, अनलाइन पोर्टललगायतका सञ्चार माध्यमको संस्थागत विकासका लागि उपलब्ध गराउँदै आएको सहयोगलाई निरन्तरता दिइनेछ।

२२१. खोज पत्रकारिताको विकासका लागि स्थानीय पत्रकारहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। साथै, लेखनवृत्ति उपलब्ध गराइनेछ।

२२२. महिला, दलित, आदिवासी जनजाति तथा पिछडा वर्गका युवा युवतीहरुको समाचार लेखन तथा अन्तरवार्ता लिने जस्ता क्षमता अभिवृद्धिका तालिम सञ्चालन गरिनेछ।

२२३. एक आर्थिक वर्षमा भए गरेका उपलब्धिमूलक स्थिति समीक्षा प्रतिवेदन सार्वजनिक गरिनेछ।

२२४. सूचना तथा संचार प्रविधिको उच्चतम् प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

२२५. महानगरपालिकाको कार्यालयभित्र सूचना प्रविधिको विकास गरी नगरवासीलाई सूचनाको पहुँचमा अभिवृद्धि गरिनेछ।

२२६. Service Automation System (स्वचालित सेवा) मार्फत महानगर मातहतको महाशाखा/शाखा तथा वडा कार्यालयहरुको समग्र कार्यप्रणालीलाई प्रविधिमैत्री बनाइनेछ। सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र सुशासनयुक्त बनाइनेछ।

कानून तथा न्याय

२२७. संविधान तथा कानूनले स्थानीय तहलाई प्रत्याभूत गरेका अधिकारहरु कार्यान्वयन गर्न आवश्यक कानूनहरु सरोकारवालाहरुको सहभागितामा तर्जुमा गरी लागू गरिनेछ।

२२८. महानगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वासनीय बनाइनेछ।

२२९. कानुनले तोकेको समयभित्र न्यायिक समितिबाट कार्य सम्पादन तथा कार्यान्वयन गरिनेछ।

२३०. हिंसापीडित महिला तथा बालबालिकाको मुद्दामा सहजीकरण गर्न अड्डा अदालत प्रतिनिधिको व्यवस्था गरी न्याय र कानुनमा सबै वर्गका व्यक्तिहरुको सहजै पहुँच पुऱ्याइनेछ।

२३१. कानुन सचेतनासम्बन्धी स्थानीय भाषामा सडक नाटक सञ्चालन गरी कानूनी सचेतना अभिवृद्धि गरिनेछ।

२३२. सबै वडा कार्यालयहरुमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमा निरुपण गर्ने कानूनी व्यवस्थालाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ।

नगर प्रहरी

२३३. बजार क्षेत्रका अव्यवस्थित पार्किङ र फुटपाथहरुलाई व्यवस्थित गरिनेछ।

२३४. छाडा पशु चौपाया (गाई, गोरु, साँढे, खसीबाख्रा, सुँगुर) नियन्त्रण गरी सुरक्षित सडकको सुनिश्चितता गरिनेछ।

२३५. सरकारी तथा ऐलानी जग्गामा भएको अतिक्रमण, अनाधिकृत निर्माण गरिएका घर टहराहरु हटाई संरक्षण गरिनेछ।

२३६. गैरकानुनी खोलाजन्य उत्खनन् कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ।

२३७. विपद् व्यवस्थापनमा खोजी उद्धार, राहतको कार्यमा तदारुकताका साथ गरिनेछ।

२३८. महानगरपालिकाको मुख्य प्रशासनिक भवनको कडा सुरक्षा व्यवस्थाका लागि CCTV Camera द्वारा निगरानी राख्ने व्यवस्था मिलाइनेछ।

२३९. नगर प्रहरीको मनोबल उच्च राख्न आवश्यक व्यवस्था गरिनेछ।

२.३ मुख्य आयोजना कार्यक्रमहरुको विवरण तथा अनुमानित व्यय

सि.न.	आयोजना	वडा नं	अनुमानित व्यय
१	वीरेन्द्र सभागृह प्रवलीकरण तथा पुनः निर्माण	७	१८८०६७०००
२	महानगरपालिका कार्यालय भवन निर्माण	७	७०००००००
३	हिमालय रोड सौन्दर्यकरण	९	११००००००
४	बहुप्राविधिक विद्यालयका लागि भवन निर्माण	५	१०००००००
५	महानगरको नक्सांकन		२००००००
६	महानगर ई गभर्नेन्स		५००००००
७	डाटा सेन्टर स्थापना तथा सर्भर खरिद		१०००००००
८	सार्वजनिक स्थलहरुमा सीसी क्यामरा जडान		५००००००
९	हृदेन्द्रपार्कमा भौतिक संरचना निर्माण		१०००००००
१०	सरकारी विद्यालय, वडा कार्यालयमा ई हाजिरी व्यवस्था		१०००००००
११	मानव सेवा आश्रम भवन निर्माण	५	५००००००
१२	सार्वजनिक शौचालय निर्माण		१०००००००
१३	महानगरको आवधिक योजना /MTEF		१००००००
१४	विराट राजाको दरबारको संरक्षण र सम्वर्धन	१८	१०००००००
१५	प्रधानमन्त्री पार्क		७०००००००
	जम्मा		३३९०६७०००

अनुसूची-१

क) आ व २०७७/७८ को अनुमानित र यथार्थ, आ.व.२०७८/७९ को संशोधित अनुमान र २०७९ ज्येष्ठ मसान्तसम्मको यथार्थ साथै आगामी २०७९/८० देखि २०८१/८२ सम्मको आय विवरण

राजश्व संकेत नं	आय शिर्षक	आ.व ०७७/०७८ को अनुमानित आय रु.	आ.व ०७७/०७८ को यथार्थ आय रु.	आ.व ०७८/०७९ को संशोधित अनुमानित आय रु.	आ.व ०७८/०७९ को जेष्ठ सम्मको यथार्थ आय रु.	आ.व ०७९/८० को अनुमानित आय रु.	आ.व ०८०/८१ को अनुमानित आय रु.	आ.व ०८१/८२ को अनुमानित आय रु.
	कुल आय	**४२५१४६०३१८**	**२१८३४०७२११**	**४७२०९७९५००**	**२३१६४८४२०७**	**३७३७५६७०००**	**४१११३२३७००**	**४५२२४५६०७०**
	आन्तरिक श्रोत	**९५५५५४८५१**	**४०४९८३२४२**	**९९२५३५९२५**	**३८६९१९६८७**	**८६६४००००० ०**	**९५३०४००००**	**१०४८३४४०००**
११३१३	एकीकृत सम्पती कर	२५००००००	१२०२४६५२७	२५९०३५९२५	१०८३२०३३७	२२००००००	२४२००००००	२६६२०००००
११३१४	भुमिकर/ मालपोत	५००००००	१४६७४१५४	५५००००००	११८३४१९५	३००००००	३३००००००	३६३०००००
११३२१	घरवहाल कर	२१९२५८७९१	६८३८३०४७	२३००००००	४९३८७५२६	१९००००००	२०९००००००	२२९९०००००
११३२२	वहाल विटौरी कर	१००००००	६९८९००	२५०००००	२११७५५	५०००००	५५००००	६०५०००
११४५१	सवारी साधन कर (साना सवारी)	१००००००	९६८००	३००००००	६७२२५५०	७००००००	७७०००००	८४७००००
११४५२	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	४८८६५०००		४५०६८९४०			०	०
११६३२	अखेटोपहारमा लाग्ने कर					७५०००००	८२५००००	९०७५०००
११६९१	अन्य कर	२१६३१०६०	३०४०६८१९	५१६३१०६०	२७०३१५६७	३७४५००००	४११९५०००	४५३१४५००
१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१५००००००	१०३२४६७४	१५००००००	९६९३१७५	२०००००००	२२००००००	२४२०००००
१४२१२	सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम	१५०००००		१५०००००			०	०
१४२१८	विद्युत सेवा शुल्क	३०००००	१५१८१०	३०००००	१६१४०	५००००	५५०००	६०५००
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	८०००००००	२११४९२४६	२०००००००	१४६५१५००	३०००००००	३३००००००	३६३०००००
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क					१२०००००	१३२०००००	१४५२०००

राजश्व संकेत नं	आय शिर्षक	आ.व ०७७/०७८ को अनुमानित आय रु.	आ.व ०७७/०७८ को यथार्थ आय रु.	आ.व ०७८/०७९ को संशोधित अनुमानित आय रु.	आ.व ०७८/०७९ को जेष्ठ सम्मको यथार्थ आय रु.	आ.व ०७९/८० को अनुमानित आय रु.	आ.व ०८०/८१ को अनुमानित आय रु.	आ.व ०८१/८२ को अनुमानित आय रु.
१४२४१	पार्किङ्ग शुल्क	१०००००००	४२३५०००	१०००००००	७४९४०००	७००००००	७७०००००	८४७०००००
१४२४२	नक्सापास दस्तुर	७०००००००	३९४९८४००	८०००००००	५१५३२४१९	१०००००००००	११०००००००	१२१०००००००
१४२४३	सिफारिश दस्तुर	२०००००००	१५६११४९६	१०००००००	२००८१९६६	३०००००००	३३०००००००	३६३०००००
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	९३९२०	५०००००	१९९३८५	३०००००	३३००००	३६३०००
१४२४५	नाता प्रमाणित दस्तुर	५०००००	२४९४७३	५०००००	३४८९७०	४०००००	४४००००	४८४०००
१४२४९	अन्य दस्तुर	५००००००	१४८३१५७२	२०००००००	१३०९९६३२	२०००००००	२२०००००००	२४२०००००
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर					१०००००	११००००	१२१०००
१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	२०००००००	११४५४८९४	१०००००००	७७६७०२९	१०००००००	११०००००००	१२१०००००
१४५२१	प्रदुषण नियन्त्रण शुल्क					१५०००००००	१६५०००००	१८१५०००००
१४६११	व्यवसाय कर	१४०००००००	५०७०११२४	१५०००००००	५१८२८६५७	१३०००००००	१४३०००००००	१५७३०००००
१४५२९	अन्य राजस्व					६९०००००	७५९००००	८३४९०००
१५१११	बेरूजू	१००००००	२१७५३८६	१५०००००	६६९८८८३.४२	३००००००	३३०००००	३६३०००००
	राजस्व बाँडफाँडबाट प्राप्त रकम	**८८३९०८११५**	**५७४९५१५८४**	**१२३८४९९७९०**	**४९३३७७४३४**	**९५५५७००००**	**१०५११२७०००**	**११५६२३९७००**
११३१५	घरजग्गा रजिष्टेशन दस्तुर	६६३६५५१७५	३५४७२३८२२	१०१७२१६७९०	२८४४११३६९	७००२९३२००	७७०३२२५२०	८४७३५४७७२
११४११	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर र अन्त शुल्क	१७३५६०९४०	१७७०७०७४५	१७४७८३०००	१७७६३८२५२	२११७२९०००	२३२९०१९००	२५६१९२०९०
११४५६	बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	४४६९२०००	४३१५७०१८	४०००००००	३१३२७८१३	३९९४७८००	४३९४२५८०	४८३३६८३८
११४७१	बाँडफाँडबाट प्राप्त हुने मनोरंजन कर			२००००००				

राजश्व संकेत नं	आय शिर्षक	आ.व ०७७/०७८ को अनुमानित आय रु.	आ.व ०७७/०७८ को यथार्थ आय रु.	आ.व ०७८/०७९ को संशोधित अनुमानित आय रु.	आ.व ०७८/०७९ को जेष्ठ सम्मको यथार्थ आय रु.	आ.व ०७९/८० को अनुमानित आय रु.	आ.व ०८०/८१ को अनुमानित आय रु.	आ.व ०८१/८२ को अनुमानित आय रु.
११४७२	बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	२००००००		४५०००००		३६०००००	३९६००००	४३५६०००
	अन्तर सरकारी वित्तीय हस्तान्तरण	**१९५४०२२९६७**	**१०९७८३५०००**	**१९०७२१३८०७**	**१३०३४७७८८०**	**१२६८५२१०००**	**१३९५३७३१००**	**१५३४९१०४१०**
	संघीय सरकार	**१८९१८४४९६७**	**१०४६२१२०००**	**१७८५८००००० **	**१२३९०५८५००**	**१२१८५००००० **	**१३४०३५००००**	**१४७४३८५०००**
१३३११	समानिकरण अनुदान	३६९७०००००	३६९७०००००	४०४६०००००	४०४६०००००	४५६८०००००	५०२४८००००	५५२७२८०००
१३३१२	शसर्त अनुदान चालु	६७१५१२०००	६७१५१२०००	७६४४५००००	६६७६०२५००	६३८६०००००	७०२४६००००	७७२७०६०००
१३३१३	शसर्त अनुदान पुँजीगत			६२९५००००	६३०५६०००	८३१०००००	९१४१००००	१००५५१०००
१३३१५	विषेश अनुदान पुँजीगत	१४०००००००				४०००००००	४४००००००	४८४०००००
१३३१७	समपुरक अनुदान			१०३८०००००	१०३८०००००			
१३३१८	अन्य अनुदान	७१०६३२९६७	५००००००	४५०००००००			०	०
	प्रदेश सरकार	**६२१७८०००**	**५१६२३०००**	**१२१४१३८०७**	**६४४१९३८०**	**५००२१०००**	५५०२३१००	६०५२५४१०
१३३११	समानिकरण अनुदान	११०६८०००	११०६८०००	२६१९७०००	२६१९७०००	२६१९७०००	२८८१६७००	३१६९८३७०
१३३१२	शसर्त अनुदान चालु	२१११०००००	१०५५५०००	२१९४८०००	४५१२५००	१३०२४०००	१४३२६४००	१५७५९०४०
१३३१३	शसर्त अनुदान पुँजीगत			५१८०००००	१८६५००००	८०००००	८८००००	९६८०००
१३३१७	समपुरक अनुदान पुँजीगत	३०००००००	३०००००००	१०००००००	६६०००००	१०००००००	११००००००	१२१०००००
१३३१८	अन्य अनुदान			११४६८८०७	८४५९८८०		०	०
	अन्य संघसंस्था	**३५६४७४१८**	**४८८६१४६५**	**१०९७५८८०७**	**५९३७०३४८**	**३५६००००० **	३९१६००००	४३०७६०००
१३४११	सडक बोर्ड			३६०००००००	११५४०६६९	१५०००००००	१६५०००००	१८१५००००
१३४११	रेडियो नेपाल			३३२०००००	३२३९३७०७	३१०००००		
१३४११	UNFPA					२००००००	२२०००००	२४२००००
१३४११	जि.स.स			१०००००००		६५०००००		
१३४११	करुणा फाउन्डेसन	१०४५५०००	६८६०९७२	११४१८८०७	५६९४९७७	९००००००		

राजश्व संकेत नं	आय शिर्षक	आ.व ०७७/०७८ को अनुमानित आय रु.	आ.व ०७७/०७८ को यथार्थ आय रु.	आ.व ०७८/०७९ को संशोधित अनुमानित आय रु.	आ.व ०७८/०७९ को जेष्ठ सम्मको यथार्थ आय रु.	आ.व ०७९/८० को अनुमानित आय रु.	आ.व ०८०/८१ को अनुमानित आय रु.	आ.व ०८१/८२ को अनुमानित आय रु.
१३४११	भारतीय दुतावास	१२००००००						
१३४११	अन्य संघसंस्था अनुदान	१३१९२४१८	२७६७४१८	१९१४००००	९७४०९९६		२०४६००००	२२५०६०००
१३४११	STIEUP/RUDP बाट फिर्ता		३९२३३०७५					
	अन्य							
३३१४३	अन्य संस्थाहरू बाट ऋण प्राप्ति (नगर विकास कोष)		८१४२९६२	११०००००००		८५३०००००	९३८३००००	१०३२१३०००
	जनसहभागिता	**१४२०५५५०३**	**४८६३२९५८**	**११२६१९९९६**	**७३३३८८५८**	**९६१७६०००**	**१०५७९३६००**	**११६३७२९६०**
३२१२२	बैंक मौज्दात	२८०२७१४६४		२५०३५११७५		४३०००००००	४७३०००००००	५२०३०००००
	कुल आय	**४२५१४६०३१८**	**२१८३४०७२११**	**४७२०९७९५००**	**२३१६४८४२०७**	**३७३७५६७०००**	**४१११३२३७००**	**४५२२४५६०७०**

ख) आ व २०७७/०७८ को अनुमानित र यथार्थ, आ.व.२०७८/०७९ को संसोधित अनुमान र २०७९ ज्येष्ठ मसान्तसम्मको यथार्थ साथै आगामी २०७९/०८० देखि २०८१/०८२ सम्मको व्यय विवरण

सि.नं.	क्षेत्र/उप क्षेत्र	आ.व. २०७७।०७८		आ.व. २०७८।०७९		आ.व. २०७९।०८० को अनुमानित व्यय	आ.व. २०८०।०८१ को अनुमानित व्यय	आ.व. २०८१।०८२ को अनुमानित व्यय
		अनुमानित व्यय	यथार्थ व्यय	संसोधित अनुमानित व्यय	२०७९ जेष्ठसम्मको यथार्थ व्यय			
१	**आर्थिक विकास**	**१४९५९०४१८**	**११६१६४०५**	**९१२७००००**	**९५१७०७७**	**४४९९६०००**	**४९४९५६००**	**५४४४५१६०**
१	कृषि	१३६७८०००	७२२६५४५	४७४८५०००	३११६४२५	२३८५०००००	२६२३५०००	२८८५८५००
२	उद्योग	२५०००००	०	१९७८५०००	५६४२९१७	३७०००००	४०७०००००	४४७७०००
३	पर्यटन	११५६०००००	१३९९९४२	१५०००००००	३९५०००	५८०००००	६३८०००००	७०१८०००
४	सहकारी	६५०००००	२१०००००	१५०००००	०	२७०००००	२९७०००००	३२६७०००
५	जलश्रोत तथा सिंचाई	१०००००००	०				०	०
६	बन	२७६७४१८	२७६७४१८	४५०००००	११७०८५	५४६०००	६००६००	६६०६६०

सि.नं.	क्षेत्र/उप क्षेत्र	आ.व. २०७७।०७८		आ.व. २०७८।०७९		आ.व. २०७९।०८० को अनुमानित व्यय	आ.व. २०८०।०८१ को अनुमानित व्यय	आ.व. २०८१।०८२ को अनुमानित व्यय
		अनुमानित व्यय	यथार्थ व्यय	संसोधित अनुमानित व्यय	२०७९ जेष्ठसम्मको यथार्थ व्यय			
७	पशुपन्छी विकास	४३९५०००	१२५००	३००००००	२४५६५०	३२०००००	३५२००००	३८७२०००
	वित्तीय क्षेत्र					५००००००	५५०००००	६०५००००
	भूमि व्यवस्था					२०००००	२२००००	२४२०००
२	**सामाजिक विकास**	**१४५५९२५३९०**	**६८३४९९६९५**	**१५२४०९९१४८**	**४८६१७१८०९**	**९१६९५५१०९**	**१००८६५०६२०**	**११०९५१५६८२**
१	शिक्षा	६०९७२३७५०	५१३३९९९४७	६१७५६००००	३३८६६१३०७	६२०१९४३०९	६८२२१३७४०	७५०४३५११४
२	स्वास्थ्य	२२३२५२८९०	१०५८३९०७८	२६८२३९५३०	९३५९०९४०	१२८५५९०००	१४१४१४९००	१५५५५६३९०
३	खानेपानी तथा सरसफाई	३३२५००००	२४२१६८२१	१३५३९०००	१७७६३१५	२१२२००००	२३३४२०००	२५६७६२००
४	भाषा तथा संस्कृति	१५०१२२५००	८०४०८१२	२६२८६६२७	२९७६१२१	२५८०००००	२८३८००००	३१२१८०००
५	लैंगिक समानता तथा सामाजिक समावेशीकरण	१४६२५०००	५६६८१४०	४१५९४५४१	१२५२५५४०	८७६८८०००	९६४५६८००	१०६१०२४८०
६	युवा तथा खेलकुद	२९३९१७५०	१०९२०७४९	३९१७१८००	१४०९६२७३	२३६५२८००	२६०१८०८०	२८६१९८८८
	जनसंख्या तथा बसाईसराई			७७५०००	०	२००००००	२२०००००	२४२००००
७	सामाजिक सुरक्षा तथा संरक्षण	३९५५५९५००	१५४१४१४७	५१६९३२६५०	२२५४५३१४	७८४१०००	८६२५१००	९४८७६१०
३	**पूर्वाधार विकास**	**२०१५३४१४३६**	**७३०३८२६७०**	**२३८१४०७८७७**	**७७४०७०३५६**	**१९४७५०३३९१**	**२१४२२५३७३०**	**२३५६४७९१०३**
१	यातयात पूर्वाधार	१६२७२४६९३३	६६६९९६८३६	१२८००११९७७	४८७६११२८६	१०४९९३०२८७	११५४९२३३१६	१२७०४१५६४७
२	भवन आवास तथा सहरी विकास	२९०८८७२३४	३६५७१५८३	१००३१९१२५०	२५३३४८७२५	७३९२८३६४५	८१३२१२०१०	८९४५३३२१०
३	उर्जा	२८३१२०००	१४८७३३४९	२३८०४०००	१६५६८०३७	३२८०००००	३६०८००००	३९६८८०००
४	संचार तथा सूचना प्रबिधि	१५००००००	४९८०५०९	१६५३००००	७२२२६५५	४६४४९७२५	५१०९४६९८	५६२०४१६७
५	सम्पदा पूर्वाधार	५१६८७७६९	६४३५३८३	४३०१००००	५०१५७२९	७२६०८५३४	७९८६९३८७	८७८५६३२६
६	बिज्ञान तथा प्रबिधि	५०००००	२८२०७९	९१०००००	२०८२१०८		०	०

सि.नं.	क्षेत्र/उप क्षेत्र	आ.व. २०७७।०७८		आ.व. २०७८।०७९		आ.व. २०७९।०८० को अनुमानित व्यय	आ.व. २०८०।०८१ को अनुमानित व्यय	आ.व. २०८१।०८२ को अनुमानित व्यय
		अनुमानित व्यय	यथार्थ व्यय	संसोधित अनुमानित व्यय	२०७९ जेष्ठसम्मको यथार्थ व्यय			
७	पुननिर्माण	१७०७५००	२४२९३१	५७६०६५०	२२२१८१६	६४३१२००	७०७४३२०	७७८१७५२
४	**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**	**३९५४५०००**	**१३८६३८२३**	**७७०५३५५०**	**१९६८०२९५**	**९९३२५०००**	**१०९२५७५००**	**१२०१८३२५०**
१	बन	५१९००००	१३२७१३०				०	०
२	वातावरण तथा जलवायु	२६२५००	७५०००			३६७५०००	४०४२५००	४४४६७५०
३	विपद व्यवस्थापन	११६००५००	३८९७२६९	३२३१२०००	६१६१५३७	२३५०००००	२५८५००००	२८४३५०००
	मानब संशाधन विकास			९५००००	२७२५६०	५१५००००	५६६५०००	६२३१५००
४	शान्ति तथा सुव्यवस्था	११६१८०००	४५३६०६९	७२८००००	११३५०९२	१०६०००००	११६६००००	१२८२६०००
५	कानुन तथा न्याय	१४०००००	१८०५००	३००००००	३२६७४९	५००००००	५५०००००	६०५००००
६	शासन प्रणाली	६५००००	५८२३९२	४५००००	२४८६५६	२५०००००	२७५००००	३०२५०००
७	गरिबी निवारण	३१३००००	२२९८७०१	५०५४०००	३६९०७४६	३०००००	३३००००	३६३०००
८	श्रम तथा रोजगारी	९४४०००	४४३५००	१२१३७५५०	५३११६४९	२०२०००००	२२२२००००	२४४४२०००
	अनुगमन तथा मूल्यांकन			१०५०००००	१२०९८६१	८०००००	८८००००	९६८०००
९	योजना तर्जुमा र कार्यन्वयन	६०००००	०	४०००००	३८७६७५	३००००००	३३०००००	३६३००००
१०	प्रशासकीय सुशासन	५०००००	७९३८२	१२५००००	१७०२८२	२०७०००००	२२७७००००	२५०४७०००
११	वित्तीय सुशासन	३६५००००	४४३८८०	३७२००००	७६५४८८	३९०००००	४२९००००	४७१९०००
५	**कार्यालय सञ्चालन तथा प्रशासनिक**	**५९१०५८०७४**	**५२८८४२०८०**	**६४७१४८९२५**	**४५६६१४६६१**	**७२८७८७५००**	**८०१६६६२५०**	**८८१८३२८७५**
१	कार्यालय सञ्चालन तथा प्रशासनिक	५९१०५८०७४	५२८८४२०८०	६४७१४८९२५	४५६६१४६६१	७२८७८७५००	८०१६६६२५०	८८१८३२८७५
	कुल जम्मा	**४२५१४६०३१८**	**१९६८२०४६७३**	**४७२०९७९५००**	**१७४६०५४१९७**	**३७३७५६७०००**	**४१११३२३७००**	**४५२२४५६०७०**

अनुसूची-२
आर्थिक वर्ष २०७९/८० को अनुमानित व्यय पुष्ट्याईको विवरण

(रकम रु. हजारमा)

सि.नं.	विवरण	आ.व. २०७९/०८० को लागि अनुमानित व्यय	सहभागिता													
			आन्तरिक श्रोत	वित्तिय समानिकरण		वाडफाडवाट प्राप्त राजश्व			सशर्त अनुदान		समपुरक अनुदान प्रदेश सरकार	संघीय सरकार विशेष अनुदान	अन्य संघसंस्था	जनसह भागिता	नगर विकास कोषबाट ऋण	मौज्दात
				संघीय सरकार	प्रदेश सरकार	संघीय सरकार	प्रदेश सरकार	स्थानीय सरकार	संघीय सरकार	प्रदेश सरकार						
	कुल आय	३७३७५६७	८६६४००	४५६८००	२६१९७	२११७२९	७४०२४१	३६००	७२१७००	१३८२४	१००००	४००००	३५६००	९६१७६	८५३००	४३००००
	चालु व्यय शिर्षक															
	कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च															
१	**पारिश्रमिक कर्मचारी**	२५००००	१०००००			१५००००										
	न.पा.को दरबन्दिमा रहेका स्थायी तथा अस्थायी करारका कर्मचारीहरुको तलव ग्रेड क.सं. कोष थप विमा थप बापतको रकम															
२	**पोशाक**	५५००	५५००													
	न.पा.का कर्मचारीहरुलाई बर्षमा एक पटक प्रति कर्मचारी रु.१००००।०० दरले पोशाक भत्ता वितरण															
३	**खाधान्न**	३५००				३५००										
	चौकीदार नगरप्रहरी र वारुण यन्त्रका कर्मचारीहरुलाई मासिक रु.६००० का दरले															
४	**औषधि उपचार खर्च**	८००	८००													

(रकम रु. हजारमा)

सि.नं.	विवरण	आ.व. २०७९/०८० को लागि अनुमानित व्यय	सहभागिता														
			आन्तरिक श्रोत	वित्तिय समानिकरण		वाडफाडवाट प्राप्त राजश्व			सशर्त अनुदान		समपुरक अनुदान प्रदेश सरकार	संघीय सरकार विशेष अनुदान	अन्य संघसंस्था	जनसह भागिता	नगर विकास कोषबाट ऋण	मौज्दात
				संघीय सरकार	प्रदेश सरकार	संघीय सरकार	प्रदेश सरकार	स्थानीय सरकार	संघीय सरकार	प्रदेश सरकार						
	न.पा. का कर्मचारीहरुलाई नियमानुसार दिईने उपचार खर्च। स्वास्थ्य विमा समेत															
५	**महंगी भत्ता**	१४०००	५६००			८४००										
	नेपाल सरकारले तोके बमोजिम न.पा. का कर्मचारीहरुलाई प्रदान गरीने भत्ता															
६	**कर्मचारी बैठक भत्ता**	३०००	३०००													
	का.स.मु. पुनरावलोकन समिति बोलपत्र मूल्यांकन समिति योजना जाचंपास तथा फरफारक समिति बजेट तर्जुमा कार्यदल लगायत अन्य कार्यालयका विभिन्न बैठकहरुमा नेपाल सरकारले तोके बमोजिमको दरमा बैठक भत्ता वितरण गर्ने															
७	कर्मचारी प्रोत्साहन र पुरस्कार	१००				४९	५१									
८	**अन्य भत्ता (स्थानीय भत्ता अतिरीक्त भत्ता समेत)**	२४१००	२४१००													
९	**पदाधिकारी बैठक भत्ता**	९०००	५०००			४०००										

(रकम रु. हजारमा)

सि.नं.	विवरण	आ.व. २०७९/०८० को लागि अनुमानित व्यय	सहभागिता														
			आन्तरिक श्रोत	वित्तिय समानिकरण		वाडफाडवाट प्राप्त राजश्व			सशर्त अनुदान		समपुरक अनुदान प्रदेश सरकार	संघीय सरकार विशेष अनुदान	अन्य संघसंस्था	जनसह भागिता	नगर विकास कोषबाट ऋण	मौज्दात
				संघीय सरकार	प्रदेश सरकार	संघीय सरकार	प्रदेश सरकार	स्थानीय सरकार	संघीय सरकार	प्रदेश सरकार						
	१ नं. प्रदेश सरकारद्धारा गाउं तथा नगर सभाका सदस्यहरुले पाउने सूविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ ले निर्धारण गरेबमोजिमको बैठक भत्ता															
१०	**पदाधिकारी अन्य सुविधा**	२००००	८०००			१२०००										
	१ नं. प्रदेश सरकारद्धारा गाउं तथा नगर सभाका सदस्यहरुले पाउने सूविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ ले निर्धारण गरेबमोजिमको सुविधाको रकम र चाडपर्व खर्च रु.१५ हजारका दरले समेत															
११	**पानी तथा विजुली**	३०००	२००			२८००										
१२	**सञ्चार महसुल**	२०००	२०००													
	सञ्चार खर्च न.पा. कार्यालय र वडा कार्यालयहरुको टेलिफोन तथा ईन्टरनेट महसुल															
१३	**ईन्धन पदाधिकारी**	६०००				६०००										
१४	**ईन्धन कार्यालय प्रयोजन**	९०००	९०००													
१५	**सवारी साधन मर्मत खर्च**	५०००	५०००													
१६	**विमा तथा नविकरण**	१३००					१३००									

(रकम रु. हजारमा)

सि.नं.	विवरण	आ.व. २०७९/०८० को लागि अनुमानित व्यय	सहभागिता														
			आन्तरिक श्रोत	वित्तिय समानिकरण		वाडफाडवाट प्राप्त राजश्व			सशर्त अनुदान		समपुरक अनुदान प्रदेश सरकार	संघीय सरकार विशेष अनुदान	अन्य संघसंस्था	जनसह भागिता	नगर विकास कोषबाट ऋण	मौज्दात
				संघीय सरकार	प्रदेश सरकार	संघीय सरकार	प्रदेश सरकार	स्थानीय सरकार	संघीय सरकार	प्रदेश सरकार						
१७	मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२०००	२०००													
१८	सार्वजनिक सम्पतीको मर्मत संभार खर्च भवन मर्मत रंग रोग	४०००					४०००									
१९	मसलन्द तथा कार्यालय सामग्री वडा कार्यालयलाइ रु. ३ लाख समेत	१६०००	१६०००													
२०	पुस्तक तथा सामग्री खर्च	१५०	१५०													
२१	पत्रपत्रिका छपाई तथा अन्य सुचना प्रकाशन खर्च	८०००					८०००									
२२	**सेवा र परामर्श खर्च**	२०००				२०००										
	कानूनि सल्लाहकार सम्पर्क अधिकृत लगायत															
२३	**सुचना प्रणालि तथा सफ्टवेयरर सञ्चालन खर्च सूत्रमा वजेट प्रविश्टि समेत**	५००					५००									
२४	**बजेटको रातो किताव लगायत अन्य प्रकाशन खर्च**	१०००	१०००													
२५	भ्रमण खर्च	१५००	१५००													
२६	विशिष्ट व्यत्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	१०००					१०००									
२७	**विविध खर्च**	१५०००					१५०००									

(रकम रु. हजारमा)

सि.नं.	विवरण	आ.व. २०७९/०८० को लागि अनुमानित व्यय	सहभागिता														
			आन्तरिक श्रोत	वित्तिय समानिकरण		वाडफाडवाट प्राप्त राजश्व			सशर्त अनुदान		समपुरक अनुदान प्रदेश सरकार	संघीय सरकार विशेष अनुदान	अन्य संघसंस्था	जनसह भागिता	नगर विकास कोषबाट ऋण	मौज्दात
				संघीय सरकार	प्रदेश सरकार	संघीय सरकार	प्रदेश सरकार	स्थानीय सरकार	संघीय सरकार	प्रदेश सरकार						
	न.पा.को चियापान अतिथि सत्कार उपहार खर्च चाडपर्व पूजाआजा वडा कार्यालयहरुलाई मासिक रु. २५०००। का दरले अतिथि सत्कार तथा चियापान पानिको खर्च तथा अन्य शिर्षकमा नपरेका न.पा.को विविध आउने खर्च															
२८	सभा सञ्चालन खर्च	१०००	१०००													
२९	धार्मिक तथा सांस्कृतिक संस्था सहायता	२००	२००													
३०	अन्य सहायता	२००	२००													
३१	अन्तराष्ट्रिय सदस्यता शुल्क तथा सहयोग	१२००					१२००									
	अन्तराष्ट्रिय तथा बैदेशिक सम्बन्ध विस्तार र विकास तथा सदस्यता शुल्क समेत (CITYNET NEPAL CHAPTER CITYNET JAPAN Mayor for peace) नेपाल नगरपालिका संघ धरान लर्निङ सेन्टर)	0														
३२	उपदान	४८७००	२९२२०				१९४८०									
३३	सेवा निवृत्त सञ्चित विदा	८५००					८५००									
३४	सेवा निवृत्तको औषधि उपचार	११०००					११०००									

(रकम रु. हजारमा)

सि.नं.	विवरण	आ.व. २०७९/०८० को लागि अनुमानित व्यय	सहभागिता														
			आन्तरिक श्रोत	वित्तिय समानिकरण		वाडफाडवाट प्राप्त राजश्व			सशर्त अनुदान		समपुरक अनुदान प्रदेश सरकार	संघीय सरकार विशेष अनुदान	अन्य संघसंस्था	जनसह भागिता	नगर विकास कोषबाट ऋण	मौज्दात
				संघीय सरकार	प्रदेश सरकार	संघीय सरकार	प्रदेश सरकार	स्थानीय सरकार	संघीय सरकार	प्रदेश सरकार						
३५	मृत कर्मचारीको सुविधा तथा सहायता	१०००	१०००													
	कुनै कर्मचारीको कार्यरत अवस्थामा मृत्यू भएमा मृत कर्मचारीको परिवारलाई रु. १ लाख ५० हजार काजकृया खर्च दिने गरी															
३६	घरभाडा	१००००	१००००													
	सवारी पार्किङ्ग, कार्यालयका महाशाखाहरु, वडा कार्यालय लगायत अन्य															
३७	सवारी साधन तथा मेशिनरी औजार भाडा	१५००	१५००													
३८	भैपरी आउने चालु खर्च	१५००	१५००													
३९	राजश्व फिर्ता	४०००					४०००									
४०	सामाजिक परिचालकको पारिश्रमिक	९७००	४०००			५७००										
४१	वडाहरुमा जनशक्ती परिचालन पारिश्रमिक	१४८००	५९२०			८८८०										
४२	आधारभूत स्वास्थ्य चोकीका स्वास्थ्यकर्मीहरुको पारिश्रमिक	२१०००	१२६००			८४००										
४३	**अन्य भुक्तानी दिन वांकी (अनुसूची-३ मा संलग्न)**	३००००	३००००													

(रकम रु. हजारमा)

सि.नं.	विवरण	आ.व. २०७९/०८० को लागि अनुमानित व्यय	सहभागिता														
			आन्तरिक श्रोत	वित्तिय समानिकरण		वाडफाडवाट प्राप्त राजश्व			सशर्त अनुदान		समपुरक अनुदान प्रदेश सरकार	संघीय सरकार विशेष अनुदान	अन्य संघसंस्था	जनसह भागिता	नगर विकास कोषबाट ऋण	मौज्दात
३५	नाला तथा ढल विशेष सफाईका लागि रकम व्यवस्थापनको अनुमोदन सम्बन्धमा।	आउँदो वर्षायामलाई मध्यनजर गर्दै सम्भावित डुबान नियन्त्रण तथा न्यूनीकरणका लागि नाला तथा ढलको वडा कार्यालयबाटै विशेष सफाई गर्न प्रत्येक वडाको लागि रु.१,००,०००।०० दरले आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट पूर्वाधार विकासतर्फ वीरेन्द्र सभागृह शीर्षक (पाना नं.१११/सि.नं. २७६) मा विनियोजित रु.५,००,००,०००।०० रकममध्ये नगर सभाको नवौं अधिवेशनबाट रु.१,००,००,०००।०० कार्यालय भवन मर्मत र आकाशे पुलको V.O. को लागि रकमान्तर गरिएकोमा उक्त रकम खर्च नभई बाँकि रहेको रकमबाट रु.१९,००,०००।०० बजेट व्यवस्था गर्ने मिति २०७९/०२/२९ को नगर कार्यपालिकाको निर्णयलाई अनुमोदन गरियो।
३६	धर्मभक्त मार्गमा आरसिसि नाला तथा पिच निर्माण कार्यको भेरिएशन आदेशको बजेट व्यवस्था एवं खर्चको अनुमोदन सम्बन्धमा।	वडा नं.२ स्थित धर्मभक्त मार्गमा आर.सि.सि. नाला तथा पिच निर्माण कार्यको लागि नि.व्य. डायनामिक/कला जे.भी.सँग रु.१,७७,७२,११४।१० (मू.अ.क. समेत) बराबरको सम्झौता भई निर्माण कार्य भइरहेकोमा उक्त सम्झौताको कार्यान्वयनको क्रममा BOQ मा रहेको केही आइटमको Quantity पूर्वानुमान गरेभन्दा धेरै नै बढ्न गएकोले लागत अनुमान (स्टीमेट) संसोधन गरिदिनु हुन भनी नि.व्य.बाट माँग भएको र सम्बन्धित प्राविधिकबाट सिफारिस सहित संसोधित लागत अनुमान रु.१,९५,२४,२६९।३८ (मू.अ.क. समेत) पेश भएको र उक्त संसोधित लागत

		अनुमान स्वीकृत लागत अनुमानभन्दा ९.८६% बढी हुन गएकोले सो अनुसारको भेरिएसन आदेश (V.O.) सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम जारी गरी उक्त आयोजनाको लागि नपुग रकम आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट पूर्वाधार विकासतर्फ वीरेन्द्र सभागृह शीर्षक (पाना नं.१११/सि.नं.२७६) मा विनियोजित रु.५,००,००,०००।०० रकममध्ये नगरसभाको नवौं अधिवेशनबाट रु.१,००,००,०००।०० कार्यालय भवन मर्मत र आकाशे पुलको V.O. को लागि रकमान्तर गरिएकोमा उक्त रकम खर्च नभई बाँकि रहेको रकमबाट उक्त V.O. को बजेट व्यवस्था गरी खर्च गर्ने मिति २०७९/०२/२९ को नगर कार्यपालिकाको निर्णयलाई अनुमोदन गरियो।
३७	स्थान परिवर्तन गरी सञ्चालित आयोजनाको अनुमोदन सम्बन्धमा।	आ.व.२०७८/०७९ को वार्षिक नीति, बजेट तथा कार्यक्रम बमोजिम वडा नं.१० अन्तर्गत पञ्चमुखी मार्गमा नाला र ढलाई कार्यको ठेक्का सम्झौता समेत भइसकेकोमा स्थानीयवासीको अवरोध एवम् साइट क्लियर हुन नसकेको कारण उक्त आयोजनाको निर्माण कार्य सञ्चालन हुन नसकेकोले सम्बन्धित वडा समितिको सिफारिसको आधारमा उक्त आयोजनालाई स्थान परिवर्तन गरी सोही वडाको दुर्गा मार्गमा सञ्चालन गर्ने नगर कार्यपालिकाको मिति २०७९/०२/२९ को निर्णयलाई अनुमोदन गरियो।
३८	अपाङ्गतामैत्री विद्यालय बस खरिदका लागि गरिएको शीर्षक संसोधन अनुमोदन सम्बन्धमा।	अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका बालबालिकालाई विद्यालय आवतजावत गर्न सहजताका लागि अपाङ्गतामैत्री बस खरिद गर्न पालिकास्तरीय अपाङ्गता रोकथाम तथा पुनर्स्थापना व्यवस्थापन समितिबाट सिफारिस भइआएको एवम् सोको लागि सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेसन, नेपालबाट सहमति प्राप्त समेत भएकोले आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट अमरज्योती च्यारिटेबल ट्रस्ट, नयाँ दिल्ली र श्री आदर्श माध्यामिक विद्यालयको सहकार्यमा समावेशी शिक्षा मोडलको कार्यान्यवन शीर्षक (बजेट किताबको पाना नं. २०८, कोड नं. ३.३.४) मा विनियोजित रकम रु.४०,००,०००।० लाई अपाङ्गता भएका बालबालिकालाई आवतजावत गर्नका लागि श्री आदर्श माध्यामिक विद्यालयमा अपाङ्गतामैत्री विद्यालय बस खरिद गर्न शीर्षक संसोधन गरी उक्त विद्यालयलाई सो रकम अनुदानको रुपमा उपलब्ध गराउने मिति २०७९/०२/२९ को नगर कार्यपालिकाको निर्णयलाई अनुमोदन गरियो।
३९	वडा नं.६ स्थित प्रहरी बिट निर्माणको खर्च स्वीकृतिको अनुमोदन सम्बन्धमा।	आ.व.२०७८/०७९ को वडा नं.६, वडास्तरीय योजना अन्तर्गत कार्यालय व्यवस्थापन शीर्षकमा विनियोजित रकममध्येबाट वडाको सिफारिस बमोजिम वडा नं.६ र ११ को सिमानामा रहेको प्रहरी बिट निर्माणको लागि रु.२,००,०००।०० रकम खर्च गर्न स्वीकृति प्रदान गर्ने नगर कार्यपालिकाको मिति २०७९/०२/२९ को निर्णयलाई अनुमोदन गरियो।
४०	वडा नं.१, सम्राट मार्ग राजवंशी टोलमा पिच निर्माण कार्यको भुक्तानी अनुमोदन सम्बन्धमा।	विराटनगर महानगरपालिकाको आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गत अनुसूची-च मा आ.व.२०७७/०७८ को भुक्तानी दिन बाँकि योजनाहरूमा वडा नं.१ अन्तर्गत सम्राट मार्ग राजवंशी टोलमा पिच निर्माण योजना समावेश हुनुपर्नेमा भूलवश फूलबारी मार्गमा पिच योजना समावेश भएको हुँदा वडा कार्यालयको सिफारिसका आधारमा बजेट किताबको पाना नं.१६७, सि.नं.२८ मा

		उक्त फुलबारी मार्गमा पिच शीर्षकमा विनियोजित रकमबाट सम्राट मार्ग राजवंशी टोलमा पिच निर्माण कार्यको भुक्तानी दिने नगर कार्यपालिकाको मिति २०७८/११/१२ को निर्णयलाई अनुमोदन गरियो।
४१	बजेट संसोधन, शीर्षक परिवर्तन तथा रकमान्तर गरी गरिएको खर्च अनुमोदन सम्बन्धमा।	नगर कार्यपालिकाको विभिन्न समयमा बसेको बैठकको निर्णयबाट आ.व.२०७८/०७९ को वार्षिक बजेट तथा कार्यक्रममा भएका संशोधन, शीर्षक परिवर्तन तथा रकमान्तर गरी गरिएको खर्चलाई अनुमोदन गरियो।
४२	प्रमुखस्तरबाट भएका निर्णयहरूको अनुमोदन सम्बन्धमा।	विराटनगर महानगरपालिकाबाट चालु आ.व.२०७८/०७९ का लागि स्वीकृत बजेट तथा कार्यक्रममा रहेर प्रमुखस्तरबाट निर्णय गराई कार्यान्वयनमा आएका पुँजीगत एवं चालुतर्फका कार्यक्रम तथा योजनाहरुमा भएको खर्च अनुमोदन गरियो। उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुको हकमा तोकिएको जनसहभागितामा गरिएको छुटलाई समेत अनुमोदन गर्ने निर्णय गरियो।
४३	कार्यपालिका निर्णय अनुमोदन सम्बन्धमा।	चालु आ.व.२०७८/०७९ मा स्थानीय तह निर्वाचन २०७९ हुनुपूर्व बसेको नगर कार्यपालिकाको बैठक संख्या १०६ एवम् उक्त निर्वाचन मार्फत निर्वाचित भई गठन भएको नगर कार्यपालिकाको बैठक संख्या १ देखि ४ सम्म भएका निर्णयहरुलाई अनुमोदन गरियो।
४४	आय व्ययको- अनुमोदन सम्बन्धमा।	आ.व.२०७८/०७९ को हालसम्म भएका आय-व्ययहरू तथा प्रगति समीक्षा अनुमोदन गरियो।
४५	तलबी प्रतिवेदन सम्बन्धमा।	विराटनगर महानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।
४६	बेरुजु नियमित गर्ने सम्बन्धमा।	महालेखापरीक्षकको कार्यालयले देखाएको बेरुजु सम्बन्धमा अनुसूची २ बमोजिम गर्ने निर्णय गरियो।

अनुसूची-१

१. सङ्घीय तथा प्रदेश सरकार एवम् विकास साझेदारसँगको सहयोगमा कार्यान्वयन हुने योजनाहरूः-

Identified Projects List and Priority for EUC (GoN, Province & donors)

Name of Project and Priority	Theme	Remarks
1. Development of Integrated Solid Waste Management (ISWM) Centre in Biratnagar-16, Daraiya. The project mainly includes i.) Resource Recovery Unit ii.) Waste to Energy Facility iii.) Engineered landfill site iv.) Leachate Treatment v.) Administrative Unit and other related set up including two Transfer Stations/ Resource Recovery Centre at ward no. 17 near Leather factory and ward no.1 near Paropakaar Ghat	Theme-4 Essential Urban Infrastructure	• Lands are available and DDR is prepared • Must be integrated with roads, drainage and other necessary urban infrastructure
2. Construction of Major Drainage and other innovative technique of Water management to control flooding and water logging specially south-western part of Biratnagar and other bottleneck areas of Biratnagar including Basta Paini, Dhudhuwa Paini, Changabari Paini, West Canal, S6	Theme-4 Essential Urban Infrastructure Theme-5 Resilient Measure	• Integrated with the ISWM Site too • Focused by Province Government FY 2079/080 budget speech
3. Construction of Urban roads with roadside drains, footpaths, cycle-ways, street lights and other urban horticultures • Ward no.16 Daraiya Small Scale Water Supply Scheme must be included • Use of the west canal as by-pass road and recreation centre • Traffic Sign & Single for road safety on other already constructed roads must be included	Theme-4 Essential Urban Infrastructure Theme-1 Economic Infrastructure	• Focused on south-west part and other major roads • Vehicles access to ISWM and waste collection & transportation • Indicated in drawings • Roads are economic infrastructure too
4. Municipal Own hospital specially focused on health care infrastructure for poor and marginalized people to assure health care in affordable price	Theme-1 Economic Infrastructure	• Poverty control measure and economic benefits
5. Land Pooling for Industrial/ Trade Fare Centre with planned residential	Theme-3 Land Development	• Focused by Province Government FY 2079/080 budget speech
As the Capital City of Province no. 1, Biratnagar proposed the following projects to boost up the economic values in this corridor as Province Level Projects that can benefit all the municipalities of this Corridor		
1. Flood Protection and River Control of Singhaya and Kesaliya River and develop the same as multi purposes tourism area including greenery parks & boating facilities	Theme-2 Tourism site Theme-5 Resilient Measure	• Focused by Central & Province Government FY 2079/080 budget speech
2. BRT along Biratnagar-Duhabi- Itahari- Dharan Corridor with Province level Bus Park in North side of Biratnagar	Theme-1 Economic Infrastructure	
3. Tourism Infrastructure Development in Birat Raaja Darbar area, Morang	Theme-2 Tourism site	
4. Special Economic Zone (SEZ) in Amaduwa, Sunsari	Theme-1 Economic Infrastructure	• For industrial reform in this corridor

२.क) महानगर यातायात व्यवस्थापन योजना (Municipal Transportation Management Plan-MTMP) अनुरुपका तपसिलका मुख्य सडक सञ्जालमा आवश्यकता अनुसार सडक, नाला, फूटपाथ, हरियाली , साइकल लेन र अन्य सडक सुरक्षाका साथ व्यवस्थित शहरी पूर्वाधार निर्माणका लागि बहुवर्षिय योजना तर्जुमा र कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. वडा नं.१/२ सिमाना सडक राधाकृष्ण मार्ग
२. वडा नं.१ र १९ रङ्गशाला मार्ग
३. वडा नं.१९ को मिलनचोक हुँदै कटहरी गा.पा.को हुलाकी सडक रंगेली रोड निस्कने बाइपास सडक
४. वडा नं.३ पुष्पलालचोकदेखि राजवंशीचोकसम्म मानगढ मार्ग
५. वडा नं.२ मुनाल पथ, त्रिभूज मार्ग, शंकरपूर मार्ग
६. वडा नं.३ कन्या मार्ग, प्रताप मार्ग एवम् श्रीनगर मार्ग
७. वडा नं.४ कञ्चन केशलिया मार्ग वस्ता पश्चिम बाँकी भाग
८. वडा नं.४ वडा समितिदेखि बिहीबारे हटिया हुँदै नोबेलको गेट नहरसम्म राजसती मार्ग
९. वडा नं.४ खार्जी कोहवरा मार्ग कोशी राजमार्गदेखि ज्वाला टोलसम्म
१०. वडा नं.४ ईक्राही मार्ग
११. वडा नं.४ राधारमण मार्ग
१२. वडा नं.५/६ कोचाखाल हुँदै केशलिया रोड जोडने बाइपास सडक
१३. वडा नं.८ जनक मार्ग बाँकी भाग हुँदै जयनेपाल मार्ग र छाँया मार्ग
१४. वडा नं.८ बालगोपाल मार्गदेखि अशोकचोक हुँदै विश्वकर्माचोकसम्म ठूलो नाला S६ समेत
१५. वडा नं.८ फोहोर पानी प्रशोधन केन्द्रबाट उत्तर जाने बाटो
१६. वडा नं.११ जनपथ मार्ग र बुद्धबिहार मार्ग बसपार्क भन्दा पश्चिमको बाँकी भाग
१७. वडा नं.११ अलका मार्ग, अरुणोदय मार्ग पञ्चमुखीचौक हुँदै वडा नं.१२ र १६ दरैया मार्गको बाँकी भाग
१८. वडा नं.६/११ सिमाना सडक केशलिया रोडको बाँकी भाग
१९. वडा नं.१२ कलेजरोडको बाँकी भाग हुँदै वडा नं.१६ तालिम केन्द्र भट्टिमोडसम्म
२०. वडा नं.१२ मलहनुवा जाने सडक
२१. वडा नं.१३ अतिथि मार्ग विराट आँखा अस्पताल सडक
२२. वडा नं.१३ थलहवा मार्ग
२३. वडा नं.१३ सेवा मार्ग
२४. वडा नं.१४ भगवती मार्ग नयाँ टोल हुँदै १४/१८ सिमाना सडकसम्म
२५. वडा नं.१४ हनुमान मन्दिरदेखि पूर्व चक्रपथ
२६. वडा नं.१४ नन्द मार्ग
२७. वडा नं.१५ को प्रजातन्त्र मार्गदेखि रानीपथसम्मको बाटो
२८. वडा नं.१५ प्रजातन्त्र मार्गको बाँकी भाग र न्यू महेन्द्र मार्ग

२९. वडा नं.१६ को रानीसडकदेखी तालिम केन्द्र हुँदै दरैया मार्गसम्मको बाइपास सडक

३०. वडा नं.१६ हुलास मेटलदेखि अमडुवा जाने नेपाल भारत सिमाना उत्तरको सडक ठूलो नाला समेत

३१. वडा नं.१७ रघुपती मार्ग, (जुटमिल)

३२. वडा नं.१७ मटेरुवा मार्ग हुँदै वडा नं.१८ विराट राजाको दरबार जाने बाटो ।

३३. वडा नं.१८ धर्मबाँध मार्गको बाँकी भाग ।

३४. पश्चिम नहरको सडकलाई बाइपास सडक र रिक्रिएशन सेन्टरको रुपमा विकास

३५. महेन्द्र मोरङ क्याम्पस दक्षिण जाने बाटो निर्माण वडा न १२

३६. केसलिया रोड बाट विएफएम जानेबाटो निर्माण वडा न ६

३७. नोवेल मेडिकल पुर्व नहर उत्तर पुर्व हुदै ४ नं वडा कार्यालय बाटो निर्माण

२. ख) पार्क हरियालीः

१. वडा नं.७ मा प्रधानमन्त्री पार्क निर्माण

२. वडा न ४ को बस्तापैनी, वडा नं १ को बाल उद्यान, वडानं २ सोमबारे हटियाको छेउ ।

अनुसूची २

बेरुजु दफा नं	निर्णयको ब्यहोरा	रकम
३१	महानगरपालिकाले विराटनगर महानगरपालिकाका कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्वन्धी ऐन २०७५ लागु गरी दफा ६४ मा अस्थायी तथा करारका कर्मचारीहरुको मासिक तलव वाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम र विमा वापतको रु ४००।- मासिक कट्टि गरी सोहि वरावरको रकम थप गरी जम्मा गरेकोमा यो वर्ष अस्थायी र करार तर्फका ८६ जना कर्मचारीको लागी रु २५१०६०४।- खर्च लेखेकोमा महानगरपालिका कर्मचारी व्यवस्थापन सम्वन्धी ऐन २०७५ संघीय र प्रदेश कानुन विपरित स्थानिय तहले कानुन निर्माण गरी गरेको खर्च अनियमित भनी वेरुजु कायम हुन आएकोमा महानगरपालिकाको कर्मचारी व्यवस्थापन सम्वन्नधी ऐन २०७५ मा व्यवस्था भए वमोजिम संन्चयकोष र विमा वापतको रकम कट्टि गरी उपलव्ध गराईएको हुंदा उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	२५१०६०४।-
३४	महालेखा परीक्षकको कार्यालय वाट वेरुजुको दफा ५७ मा नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, ईलेक्ट्रिसियन, चौकिदार, माली, वगैचे, पद वाहेक ईन्जिनियर, सव ईन्जिनियर,खरिदार,अमिन लागयतका पदमा १३७ जना कर्मचारी नियुक्ति गरी खर्च लेखेको भनी औल्याईएको वेरुजुका सम्वन्धमा हाल लोकसेवा आयोगको वाट पदपुर्ति भई नआएको हुंदा महानगरको कार्य क्षेत्र र कार्यक्रम लाई ध्यानमा राखि कर्मचारी अभावका कारणले कार्यालयको दैनिक कामकाज गर्न असहज भई रहेको अवस्थामा हाललाई आवश्यक कर्मचारीहरु करारमा नियुक्ति गरी कामकाजमा लगाई रहेकोले यस दफामा उल्लेख भएको वेरुजु नियमित गर्ने निर्णय गरियो ।	रु ४७८२४४७०।-
३५	महानगरपालिकाले करार सेवामा नियुक्ति गरेका १९६ जना कर्मचारीहरु लाई मन्त्रालयले दिएको निर्देशन विपरित स्थायी कर्मचारी सरह महंगी भत्ता भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको भनी वेरुजु औल्याईएकोमा सो सम्वन्धमा कर्मचारीहरुको मनोवल उच्च राख्न अन्य स्थायी कर्मचारी सरह निजहरुलाई आन्तरिक श्रोतवाट व्यहोर्ने गरी महंगी भत्ता भुक्तानी दिएकोले यस दफामा उल्लेख भएको वेरुजु नियमित गर्ने निर्णय गरियो ।	४७०४०००।

४२	फोहोरपानी प्रशोधन केन्द्रको २०७७ श्रावण र भाद्र महिनाको विधुत महसुल रु ३३६७७२। मा जरिवाना वापतको रकम रु ८२८६९। थप गरी भुक्तानी दिएको देखिएकोले महसुल ढिला वुझाउदा थप व्ययभार पर्न गएको रकम नियम सम्मत नदेखिएको भनी वेरुजु कायम हुन आएकोले सो सम्वन्धमा कहिले काहि कार्यालयको र प्राधिकरणको सिष्टमले काम नगर्दाको अवस्था र कहिले काहि कार्यालय प्रमुख वा लेखा प्रमुखको तालिम गोष्ठि भएको कारणले गर्दा सो हुन गएको र सो महिना भन्दा पछाडि यस किसिमले जरिवाना नतिरेको र अव पनी सो विषयमा कार्यालय गंम्भिर रहेकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरयो ।	८२८६९।
७३.१	सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा विस हजार भन्दा वढि रकमको मालसामान खरिद गर्दा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको फर्मवाट गर्नुपर्ने व्यवस्था भएकोमा आर्ट प्यालेसलाई मुल्य अभिवृद्धि कर विजक पेश नगरी प्यान विलको आधारमा भुक्तानी गरेको रकम अनियमित देखिएको भनी वेरुजु कायम हुन आएमा अव देखि सो कार्यलाई निरुस्साहित गरिने भएकोले एक पटको लागी उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	२५९८१.२५
८५	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम लागत अनुमानमा ओभरहेड, मुल्य अभिवृदि कर ,कन्टिजेन्सी समेत गरी १ करोड भन्दा कमको कार्य मात्र उपभोक्ता समिति मार्फत गर्नुपर्नेमा १ करोड भन्दा वढिको योजनाहरु उपभोक्ता समिति मार्फत गराएकोमा अनियमित देखिएको भनी वेरुजु कायम हुन आएको सन्दर्भमा वास्तममा तपसिल वमोजिमका योजनाहरु गुणस्तरिय तवरले सम्पन्न गर्नको लागी कार्यालयले तयार गरेको लागत अनुमान वढि हुन गई सो हुन गएको तथा हाल आएर रु १० करोड सम्मको काम लाभग्राहि समुदायलाई प्रतिस्पर्धा गराई गर्न सकिने प्रावधान भई सकेकोले अव आईन्दा खरिद नियमावलीको अधिनमा रहि योजनाहरुको लागत अनुमान तयार गरिने भएकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो । क. आर सी सी ड्रेन कन्ट्रक्सन रु १३०६३१०२। ख. खद्रा हरियाली पार्कमा कम्पाउण्डवाल रु १५२८१७५७। ग. घोघाह पैनीमा आरसिरि नाला निर्माण रु १२६१६५००। घ. १९ नं. वडा कार्यालय भवन निर्माण रु १२५६१३३६। ङ. ९ नं. वडा कार्यालय भवन निर्माण रु ११७३२७९८। च. १९ नं. वडा कार्यालय भवन निर्माण रु १२५६१३६६। छ. वडा नं. १३ र १५ मा पक्की नाला निर्माण रु ११३५४५२१। ज. हेल्थपोष्ट निर्माण उपभोक्ता समिति वार्ड नं. ९ रु ११८२७५९९। झ. पक्कि नाला निर्माण उपभोक्ता समिति वार्ड नं. ९ ११०४७२३९। ञ. महानगर आवास योजना सामुदायिक भवन निर्माण उ.स. रु १२४९४९९९। ट. १५ नम्वर वडा कार्यालय भवन निर्माण उ.स. रु ११२५८०२४।	१३५७९९२११।
१०१.१	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम लागत अनुमानमा ओभरहेड, मुल्य अभिवृदि कर ,कन्टिजेन्सी समेत गरी १ करोड भन्दा कमको कार्य मात्र उपभोक्ता समिति मार्फत गर्नुपर्नेमा रु ११६९५४०२।१८ को कार्य गराईएकोले अनियमित देखिएको भनी वेरुजु कायम हुन आएकोमा उक्त योजना गुणस्तरिय तरिकाले सम्पन्न गर्न को लागी लागन अनुमान वढि हुन गई सिमा नाघेको र अव देखि खरिद ऐन अनुसार नै योजनाहरुको लागत अनुमान तयार गरी सन्चालन गरिने भएकोले एक पटकको लागी उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	११६९५४०२।१८
१०५	महानगरपालिका अन्तरगत वडाहरुको विभिन्न क्षेत्रमा माटो पुर्ने र ग्राभेल गर्ने कार्यको लागी सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३(१) वमोजिम खरिद सम्झौताको आधार नापी किताव रनिङ्ग विल सम्लग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा कार्यक्षेत्र नलेखेकोले कहां काम भयो भनी एकिन गर्न नसकिएको भनी वेरुजु कायम हुन आएकोमा सो कार्यहरुको कार्यपालिका द्धारा गठित जांचपास समितिले स्थलगत अनुगमन तथा निरिक्षण गरी सोको विस्तृत प्रतिवेदन दिएको साथै फाइनल विल भुक्तानी हुदा कार्य सम्पन्न प्रतिवेदन समेत अनिवार्य नभई भुक्तानीनै रोक्का गरिने भएकोले तोकिएको ठाउंमानै काम भएकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	५०४२६६।०२

१०८.१	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा उपभोक्ता समितिले १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य गर्न पाउने व्यवस्था भएकोमा सो भन्दा वढि लागत अनुमान भएको योजना उ.स. ले निर्माण गरेकोले अनियमित देखिएको भनी वेरुजु कायम हुन आएकोले उक्त योजना उपभोक्ता समिति, जनप्रतिनिधि, कार्यालयको प्रत्यक्ष निगरानीमा गुणस्तरिय ढंगले निर्माण कार्य सम्पन्न गरेको र गुणस्तर कायम राख्नको लागी केहि लागत वढि हुन गएकोमा अव आईन्दा सो हुन नदिई खरिद नियमावली अनुसार नै गरिने भएकोले एक पटको लगाी उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	१३०६३१०१।
१२८.४	सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को वुदां १५(३) अनुसार स्थानिय तहले लाभग्राहिको भत्ता आर्थिक वर्षको प्रत्येक चौमासिक अवधिको अन्त्यसम्ममा भुक्तानी गरी सक्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहिले सोही आर्थिक वर्ष भित्र प्राप्त गरी सक्नु पर्ने व्यवस्था भएकोमा महानगरपालिकाले वैंक मार्फत आर्थिक वर्ष समाप्त भई सकेपछि छुंट भत्ता भनी खर्च लेखेको पाईएकोले उक्त खर्च नियमसम्मत नदेखिएको भनी वेरुजु कायम हुन आएकोमा कार्यालयमा भएको लाभग्राहिको रेकर्ड अनुसारनै वास्तममा रकम निकास गर्न छंट भएकोले वर्षान्त पछि भत्ता निकासा गरिएको र सो रकम सम्वन्धीत लाभग्राहिको वैंक खाता मार्फत भुक्तानी भएकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	४०२७२६२।९०
१३२	गाउं तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५(प्रथम संशोधन) मा यस प्रदेशमा स्थानिय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहाकार राख्न पाउने व्यवस्था नगरेको साथै स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ति गर्न नहुने व्यवस्था गरेपनी महानगरपालिकाले ३ जना कानुनी सल्लाहाकार र १ जना जन सम्पर्क अधिकृत नियुक्ति गरी वार्षिक रु १८९८१४०। भुक्तानी गरेको रकम अनियमित देखिएको भनी वेरुजु कायम हुन आएकोमा महनगरपालिकाको तर्फ वाट वहस एवं पैरवी गर्न साथै कार्यालयको अन्य आवश्यक कार्य गर्न स्थायी कर्मचारी नभएको कारण कानुनी सल्लाहाकार र जनसम्पर्क अधिकृत नियुक्ति गरी कार्य सम्पादन हुदै आएको र निजहरुको पारिश्रमिक आफ्नै आन्तरिक श्रोत वाट खर्च व्यहोर्ने गरी नियुक्ति गरिएकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	१८९८१४०।
१३३	महालेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन अनुसार प्रमुख र उप प्रमुखको स्वकिय सचिवका रुपमा क्रमश अधिकृत छैठौं र सहायक पचौं तहको कर्मचारी नियुक्ति गरी पारिश्रमिक भुक्तानी गरी खर्च लेखेको भनी कायम हुन आएको वेरुजु रकम सम्वन्धमा निज कर्मचारीहरु कार्यालयकै कर्मचारी भएको र स्वकिय सचिवका रुपमा काम गर्नको निम्ती मात्र नियुक्ति भएको नभई स्वकिय सचिवले सम्पादन गर्नुपर्ने कार्यको थप जिम्मेवारी मात्र प्रदान गरेको हुदा उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	९११७४०।
१३४	महानगरपालिकाले कर्मचारी सेवा शर्त सम्वन्धी कानुनमा उल्लेख नभएको प्रोत्साहन भक्ता शिर्षकमा रु १९९५०००। खर्च गरेको कारण आर्थिक व्ययभार वढ्न गएको भनी वेरुजु औल्याएकोले महानगरपालिकामा रहेका कर्मचारी अभावका कारण कामको चापलाई ध्यानमा राखि उपलव्ध कर्मचारीहरुलाई अतिरिक्त समय काममा खटाएकोले सो कार्यको कार्यालय वाट प्रमाणित समेत गरी आफ्नै आन्तरिक श्रोतवाट खर्च व्यहोर्ने गरी भुक्तानी दिएकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	१९९५०००।
१३६	महानगरपालिकाले नगरसभामा पारित निर्णयको आधारमा विभिन्न तहका कर्मचारी हरुलाई अतिरिक्त समय काम गरे वापत रु ४३९६९३८।- भुक्तानी गरेकोमा अतिरिक्त समयमा काम गरेको पुष्टि हुने डिजिटल हाजिरी समावेश नगरी भुक्तानी गर्ने गरेकोले निर्णय वमोजिम अतिरिक्त समयमा कार्य सम्पन्न गरेको देखिने आधार पुष्टि हुने प्रमाण पेश हुनुपर्ने भनी वेरुजु कायम हुन आएकोले महानगरपालिकामा रहेको विभिन्न महाशाखा तथा शाखा हरुमा कार्यरत कर्मचारी हरुलाई कार्यालयको कामको चापलाई ध्यानमा राखेर मात्र अतिरिक्त काममा खटाउने गरेको र यसरी अतिरिक्त काममा खटिने कर्मचारीहरुले सो वेला आफुले गरेको कामको फेहरिस्त सहितिको विवरण (अतिरित्त समयमा काम गर्दाको वखत भरिने फारम अनुसुची ३) भरि हाजिरी रेकर्ड समेत संलग्न राखि भुक्तानी दिने गरेको र डिजिटल हाजिरीको सम्वन्धमा महानगरपालिकाले सकारात्मक रुपले	४३९६९३८।

	लिएकोले आगामी दिनमा सोको समेत व्यवस्थापन गर्न उपयुक्त हुने महसुष गरिएकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	
१३८	महानगरपालिकाले गत आर्थिक वर्षको भुक्तानी यस वर्ष गरेकोमा भुक्तानी दिन वांकिको विवरण नराखि भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको भनी वेरुजु कायम हुन आएकोले गत वर्षको भुक्तानी यस वर्ष गर्दा अनिवार्य भुक्तानी हुन वांकि कच्चावारी फारम म.ले.प.फा.न. २२१ भरि कार्यालय प्रमुख वाट प्रमाणित गरी यस वर्ष भुक्तानी दिने दायित्वमा सार्ने गरएकोले तपसिल वमोजिमका वेरुजु रकम नियमित गर्ने निर्णय गरियो। **तपसिल** १. २७७ आषाढको जोखिम तथा खादा भत्ता रु १५८५७९५। २. कोभिड १९ नियन्त्रणको लागी औसधी छिड्काउ कार्यक्रम रु २९६७३०। ३. वार्ड नं. ४, १३ र १७ का पदाधिकारीको ०७६ चैत्र देखि ०७७ आषाढ सम्मको वैठक भत्ता रु ३२४०००।- ४. विधेयक समितिको ०७६ चैत्र देखि ०७७ आषाढ सम्मको वैठक भत्ता रु ८९६००।- ५. वार्ड नं. ११ का पदाधिकारीको ०७७ वैशाख देखि आषाढ सम्मको वैठक भत्ता रु १०८०००। ६. पुर्वाधार विकास समितिको ०७६ श्रावण देखि ०७७ आषाढ सम्मको वैठक भत्ता रु १११६००। ७. वातावरण तथा विपद व्यवस्थापना समितिको जेठ महिनाको वैठक भत्ता रु १५०००। ८. वार्ड नं. १२ का ५ जना पदाधिकारीको ०७६ चैत्र देखि ०७७ आषाढ सम्मको वैठक भत्ता रु १२००००।- ९. वार्ड नं. ८ का ६ पदाधिकारीको ०७७ वैशाख देखि ०७७ आषाढ सम्मको वैठक भत्ता रु २१६०००। १० वार्ड नं. १, २, ३ का १८ जना र ५, ७, १४ र १६ का २३ जना पदाधिकारीको ०७७ वैशाख देखि आषाढ सम्मको वैठक भत्ता रु ५५८०००। ११ वार्ड नं. ९, १५, १७, १८ र १९ का २९ जना पदाधिकारीको ०७७ जेठ देखि आषाढ सम्मको वैठक भत्ता रु २४६०००।- १२ विभिन्न १० वटा वाडाको ०७७ वैशाख देखि आषाढ सम्मको विविध खर्च रु २६६३७०। १३ योजना जांचपास समितिको ०७७ माघ देखि चैत्र सम्मको निरीक्षण भत्ता रु २०१०००। १४ वार्ड नं. ५ को ०७६ कार्तिक देखि ०७७ आषाढ सम्मको घरभाडा रु १६८३००। १५ आ.व. ०७६/७७ को राजश्व सम्वन्धी नीतिगत परामर्श तथा वजेट नीति तथा कार्यक्रम तर्जुमा सम्वन्धी समितिको वैठक भत्ता रु ९६८००। १६ आ.व. ०७६/७७ को कोभिड १९ व्यवस्थापन समितिको वैठक भत्ता रु १३२०००श्र १७ आ.व. ०७६/७७ को कार्यपालिका वैठक भत्ता रु २६७०००। १८ आ.व. ०७६/७७ को नोवेल मेडिकल कलेजलाई आमा सुरक्षा तर्फको रकम रु ११३७५००।	५९३९६९५।
१३९	गाउं तथा नगरसभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ को अनुसुची १(घ) मा महागरपालिकाका प्रमुख, उप प्रमुख, वडाध्यक्ष र सदस्यहरुले महानगरपालिका वाट सन्चालित विभिन्न योजना हरुको अनुगमन गरे वापत मासिक अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन वापतको रकम वुझिलिएको भनी वेरुजु कायम हुन आएकोमा अनुगमन समितिले सन्चालित योजनाहरुको स्थलगत रुपमानै अनुगमन गर्ने गरेको त्याहां भएका कमी कमजोरी लाई तत्काल सुधार्न निर्देशन दिने गरेको र त्याहा वाट गर्न नसकिने कामको कार्यालयमा सिफारिष गर्ने गरेको साथै अनुगमन प्रतिवेदन कहिकतै छुंटफुंट भएता पनी पछिल्ला दिनहरुमा अनिवार्य रुपले पेश गर्ने गरिएको र प्रतिवेदन पेश नगरिए भुक्तानी समेत नगर्ने गरिएकोले एक पटको लागी उक्त वेरुजु नियमिति गर्ने निर्णय गरियो । १. प्रमुखको रु १६८०००। २. उप प्रमुखको रु १६८०००।	१६९८०००।

	३. वडाध्यक्षको रु ११२२०००। ४. कार्यपालिकाका सदस्यहरुको रु २४००००।	
१४१	महानगरपालिकाले प्रेस सल्लाहाकार पदमा कौशल निरौला लाई करारमा नियुक्ति गरी मासिक रु ३०९५०। का दरले वार्षिक पारिश्रमिक रु ४१४६००। खर्च लेखेकोमा ऐन नभएको सुविधा वापत खर्च लेखेको रकम अनियमित भनी वेरुजु कायम हुन आएकोले निज सल्लाहाकार लाई नगरसभाले निर्णय गरे वमोजिम नियुक्ति गरिएको र निजको पारिश्रमिक आन्तरिक श्रोत वाट खर्च लेखेकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो।	४१४६००।
१४२	महानगरपालिकाले सन्चालन गरेको क्वारेन्टिन तथा आइसोलेसन सेन्टरहरुमा रहेका विरामी हरु कति संख्यामा रहेका र कति अवधि सम्म वसेको भन्ने रेकर्ड नराखिकन खाना खाजा खुवाएको रकम रु ४००६२५३। शशि टेन्ट हाउस एण्ड क्याटरिङ्ग सेवा लाई भुक्तानी गरिएको रकम यथार्थ भएको भनी एकिन गर्न नसकिएको भनी वेरुजु कायम हुन आएकोमा क्वारेन्टिन तथा आइसोलेसनमा रहेका विरामी हरुलाई खाना तथा खाजा खुवाउने कार्यको लागी टेण्डर मार्फतनै गरिएकोले सवै भन्दा कम दररेट पेश गर्ने शशि टेन्ट हाउस संग सम्झौता गरी कार्यादेश दिइएको साथै क्वारेन्टिन र आईसोलेसनमा आवश्यक मात्रमा डाक्टर, स्टाफ नर्स लगायत अन्य स्वास्थ्यकर्मी र सहयोगी कर्मचारीको टोलीनै गठन गरी काममा लगाएको, स्वास्थ्य सामाग्रि लगायत औजार उपकारहरु प्रर्याप्त मात्रमा उपलव्ध गराई स्वास्थ्य जस्तो मानविय सेवामा कुनै कसर वाकि नराखि काम गर्दागर्दै सो वेलाको परिस्थितिमा खर्च पुष्टिहुने कागजात कहिकतै केहि छुंटफुट भएका विल भरापाई प्रमाणको रुपमा समावेश गरिने भएकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	४००६२५३।
१४६.२	स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा स्थानिय करको सम्वन्धमा राजश्व परामर्श समितिले निर्धारण गरेको आधारमा नगरसभाले निर्णय गर्नुपर्ने व्यवस्था हुदाहुदै हाटखोला तर्फको निकासी करमा पालिकाले व्यावसायीलाई आ.व. ०७७/७८ को लागी रु ४८१६००। छुंट दिएको सम्वन्धमा कार्यपालिकाले नगरपालिकाको प्रमुख लाई अख्तियारी प्रदान गरी नगरपालिका प्रमुखको निर्णय वाट छुंट दिएकोमा एउटा निकायलाई दिएको अधिकार अर्को निकायले प्रयोग गरी छुंट दिएको रकम अनियमित देखिएको भनी वेरुजु कायम हुन आएकोमा कार्यपालिकाले नगर प्रमुख लाई अख्तियारी दिएको र अख्तियार प्राप्त व्याक्तिले गरेको निर्णय लाई अनियमित भनेर व्याख्या गर्नु उचित नदेखिएको हुनाले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	४८१६००।
१५१	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार तपसिल वमोजिमका कार्यक्रमको उपभोक्ता समितिलाई २०७६/७७ को छुट विल भनी मुल्याकंनको आधारमा रु १२९३८८७। नगरसभा वाट अनुमोदन हुनेगरी खर्च लेखेकोमा उक्त खर्च नगरसभा वाट अनुमोदन भएको प्रमाण नभएको भनी वेरुजु कायम हुन आएको तथा उल्लेखित योजनाहरुको नगरसभा वाट अनुमोदन गर्न छुंट भएकोले उक्त वेरुजु अनुमोदनको लागी नगरसभामा पेश गर्ने निर्णय गरियो । १. वडा नम्वर १५ को जामुनेश्वर मार्गमा आरसिसि नाला निर्माण रु ७८३८७७। २. वार्ड नम्वर १६ मा शौचालय तथा कुरुवा घर निर्माण रु ५१००१०।	१२९३८७७।
१५३	महानगरपालिकाले उच्च अदालत विराटनगरको च.न. १३९२५ मिति २०७६/११/०२ को पत्रवाट भौतिक सामाग्रि उपलव्ध गराईदिने भनी लेखिएको पत्रको आधारमा उक्त निकायलाई ५ थान एसि र ८ थान स्टेपलाईजरको जम्मा रु ४९८८९५। (मु.अ. कर सहित) को रकम पुर्वाअन्चल लाई भुक्तानी गरिएकोमा नगरसभा वाट पारित योजना र वजेट वाहेकको प्रयोजनको लागी गरिएको खर्च नियमसम्मत नदेखिएको भनी वेरुजु कायम हुन आएकोले नेपाल सरकारको नीति अनुरुप राज्यका सवै सरकारी कार्यालय हरुलाई साधन सम्पन्न गराउदै लैजाने भन्ने नै रहेकोले उक्त सामानहरु कार्यालयको जिन्सी खातामा आम्दामी जनाइ प्रक्रियागत रुपमा उच्च अदालतलाई हस्तान्तरण समेत गरिएको तथा भुक्तानी गरिएको रकम महानगरपालिकाको आफ्नै आन्तरिक श्रोत वाट व्यहोरिएको हुनाले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो ।	४९८८९५।

१५७	महानगरपालिकाले विभिन्न कार्यक्रमहरु सन्चालन गर्दा कार्यक्षेत्रगत शर्त वनाई लागत अनुमान स्वीकृत गर्ने, सेवा प्रदायकको सुचि तयार गरी तोकिएको विधि र प्रक्रिया पुरा गरी सन्चालन गर्नुपर्नेमा विभिन्न वडामा सन्चालित कार्यक्रममा सहभागी छनौटको आधार श्रेस्तासाथ संलग्न नगरी कार्यक्रम सन्चालन गरी खर्च लेखेकोमा सहभागी छनौटको आधार प्रमाण वेगर खर्च लेखेको नियमसम्मत नदेखिएको भनी वेरुजु कायम हुन आएकोले तपसिल वमोजिमका सेवा प्रदायक संस्था वाट सन्चालित कार्यक्रमहरु नगरसभा द्धारा पारित वार्षिक नीति कार्यक्रम तथा वजेट पुस्तिकामानै परेकोले तिनै संस्था मार्फत कार्यक्रम सन्चालन गरिएको तथा सहभागीताको छनौट सम्वन्धमा वडा कार्यालयहरुले आफ्नो वडा भित्र रहेका दलित, जनजाती, महिला, र विपन्न वर्गहरु मध्ये पनी तालिम लिई आफैंले व्यावसायीक रुपले काम गर्ने भनी प्रतिवद्धता जनाएकाहरु लाई मात्र छनौट गरी सहभागी गराईएकोले उक्त वेरुजु नियमित गर्ने निर्णय गरियो । १. गौरीभक्त होटल म्यानेजमेन्टले वार्ड नं. ६ मा २० जना प्रशिक्षार्थीहरु लाई गुडिया वनाउने तालिम गरएको खर्च मु.अ. कर समेत रु ३९७०००। २. गौरीभक्त होटल म्यानेजमेन्टले वार्ड नं. ६ मा २० जना प्रशिक्षार्थीहरु लाई फेन्सी चप्पल वनाउने तालिम गराएको खर्च मु.अ. कर समेत रु ३९७०००। ३. क्यारीफोर मल्टीप्रर्पोज प्रा.लि. ले वार्ड नं. ६ मा २० जना प्रशिक्षार्थी हरुलाई ड्राईभिङ तालिम गराएको खर्च मु.अ. करसमेत रु ३००००००। ४. लालिगुरास मल्टिटेक्निकल इन्स्टिच्युट प्रा.लि. ले वार्ड नं. १० मा २० जना प्रशिक्षार्थी हरुलाई ड्राईभिङ तालिम गराएको खर्च मु.अ. करसमेत रु २९७०००।	१३९१०००।
